
(देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको मुखपत्र)

# जनगणतन्त्र

## JANGANTANTRA

वर्ष १, पूर्णाङ्क १

२०७८ कात्तिक ( 2021 October)











# जनगणतन्त्र

(देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको मुखपत्र)

वर्ष १, पूर्णाङ्क १ २०७८ कात्तिक ( 2021 October)

प्रकाशक

**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल**

केन्द्रीय प्रकाशन विभाग

# जनगणतन्त्र

**(देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको मुखपत्र)**

वर्ष १, पूर्णाङ्क १, २०७८ कात्तिक ( 2021 October)

**प्रकाशक** :
**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल**
**केन्द्रीय प्रकाशन विभाग**
कुपण्डोल, ललितपुर

**सम्पादक मण्डल**
सी. पी. गजुरेल
परि थापा
पवनमान श्रेष्ठ
हिरामणि दुःखी

**कभर फोटो**
जय दाहाल

**लेआउट**
सचिर महर्जन

**मुद्रण**
मध्यपुर प्रेस, अनामनगर, काठमाडौं

**मूल्य रू. १००।-**

**प्रकाशन मिति : २०७८ कात्तिक**

# विषयसूची


सम्पादकीय

| | | | |
|---|---|---|---|
| १. | **"वर्तमान स्थितिमा सोलोडोलो कम्युनिस्टहरु एकजुट हुने संभावना नै छैन"** | – *अन्तर्वार्ता : क. मोहन वैद्य 'किरण'* | ............१ |
| २. | **क्रान्तिकारी संयुक्त मोर्चा बारे** | – *लेख : क. सी.पी. गजुरेल* | ............४ |
| ३. | **व्यवस्थाको विकल्प आजको आवश्यक्ता** | – *लेख : क. राम सिंह श्रीस* | ............८ |
| ४. | **वर्तमान देउवा सरकार : सिक्काको अर्को पाटो मात्र** | – *लेख : क. परि थापा* | ............११ |
| ५. | **संयुक्त मोर्चा : एक सङ्क्षिप्त टिप्पणी** | – *लेख : क. इन्द्रमोहन सिग्देल* | ............१४ |
| ६. | **संयुक्त मोर्चा बारे** | – *लेख : क. चन्द्रहरि सुवेदी* | ............१६ |
| ७. | **राष्ट्रियताको मुद्दा र सङ्घर्षको सवाल** | – *लेख : क. पवनमान श्रेष्ठ* | ............१८ |
| ८. | **नेपाली कम्युनिस्ट आन्दोलनमा संयुक्त मोर्चाको प्रश्नः विगतदेखि वर्तमानसम्म** | – *लेख : क. हुकुमबहादुर सिंह* | ............२० |
| ९. | **नवराजले भेरीमा हामफाल्यो** | – *कविता : क. हिरामणि दुःखी* | ............२२ |
| १०. | **ज्ञापन पत्र** | – *ज्ञापन पत्र* | ............२३ |
| ११. | **कार्यपत्र** | – *कार्यपत्र* | ............२५ |
| १२. | **अवधारणा पत्र** | – अवधारणा पत्र | ............२९ |
| १३. | **समसामयिक प्रस्ताव** | – *समसामयिक प्रस्ताव* | ............३२ |
| १४. | **प्रेस वक्तव्य** | – *प्रेस वक्तव्य* | ............३३ |

# सम्पादकीय

# जनगणतन्त्रको यात्रा

लामो समयपश्चात् देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको मुखपत्र 'जनगणतन्त्र' प्रकाशित गर्न पाउँदा हामीलाई खुसी लागेको छ।

नेपालमा जनगणतन्त्रको स्थापनाका निमित्त आवाज उठ्न थालेको र सङ्घर्षहरू सञ्चालन हुँदै आएको झण्डै सात दशक भैसकेको छ। नेपाल कम्युनिस्ट पार्टीले आफ्नो स्थापना काल (सम्वत् २००६ साल) देखि नै नेपालमा नयाँ जनवादी व्यवस्थाको माग गर्दै यसको प्राप्तिका लागि विभिन्न समयमा विभिन्न प्रकारका सङ्घर्ष गर्दै आएको छ । इतिहासको पछिल्लो कालखण्डमा तत्कालिन नेपाल कम्युनिस्ट पार्टी (माओवादी)को नेतृत्वमा सम्वत् २०५२ सालदेखि दश वर्षसम्म नयाँ जनवादी व्यवस्था (अर्थात् जनगणतन्त्र)को स्थापनाको लागि जनयुद्ध सञ्चालन भएको कुरा त सर्वविदितै छ । अपेक्षाकृत रूपमा जनयुद्धले छोटो अवधिमै निकै महत्वपूर्ण सफलताहरू हासिल गरेको थियो। जनयुद्ध आफ्नो उत्कर्षतिर अघि बढिरहेको समयमा तत्कालिन नेकपा (माओवादी)को शीर्ष नेतृत्वको एउटा पङक्तिमा देखा परेको वर्गीय र राष्ट्रिय आत्म समर्पणवादको समेत कारणले गर्दा बिचैमा उक्त क्रान्तिलाई समाप्त पार्ने काम भयो। नेपाली धरती र नेपाली समाजले जनगणतन्त्र देख्न र त्यसको अभ्यास गर्न पाएन। त्यो अधुरो र अपुरो रहेको कार्यभारलाई पुरा गर्न नेकपा (क्रान्तिकारी माओवादी)को नेतृत्वमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल अघि बढिरहेको छ।

जनक्रान्तिलाई आत्मसमर्पणको शिकार बनाउनेहरूबाट इतिहासको अपव्याख्या हुने गरेको पाइएको छ । उनीहरूले के (कु)तर्क प्रस्तुत गर्ने गरेका छन् भने 'तत्कालिन जनयुद्धको उद्देश्य नै नेपालमा २४० वर्षदेखि चल्दै आएको राजतन्त्रलाई हटाएर लोकतान्त्रिक गणतन्त्रको स्थापना गर्नु रहेको थियो र अहिले नेपालमा त्यही व्यवस्था कायम भएको छ।' तथ्यहरूले पुष्टि गर्दछन् कि उनीहरूको त्यो भनाई गलत हो । वास्तविकता के हो भने राजतन्त्रको अन्त्यय गरेर नेपालमा जनगणतन्त्रको स्थापना गर्ने जनयुद्धको घोषित उद्देश्य थियो । लोकतान्त्रिक गणतन्त्र ल्याउनका लागि मात्र महान् जनयुद्ध लडिएको थिएन । करिव तीन वर्षदेखि केपी ओलीलगायतका संसदवादीहरूले अभ्यास गर्दै आएको व्यवस्था चाहीँ लोकतान्त्रिक गणतन्त्र हो। जनगणतन्त्र त नेपालमा आउन नै बाँकी छ। वर्तमान व्यवस्था भित्र प्राप्त गणतन्त्र, सङ्घीयता, धर्म निरपेक्षता, समानुपातिक समावेसिता केही सकारात्मक उपलब्धि हुन्। तर जनगणतन्त्रका तुलनामा ती धेरै तलका विषयहरू हुन्।

तीन, चार वर्ष पहिलेको मात्र कुरा गर्ने हो भने नेपालको राजनीतिमा 'विकल्प'को विषयमा चर्चा गर्दा त्यसले खासै महत्व पाउन सक्ने अवस्था थिएन। तैपनि हामी यो व्यवस्थाको विकल्प खोज्ने काममा लागि नै रह्यौं। तर, अहिले परिस्थितिमा परिवर्तन भएको छ। आज सर्वत्र 'विकल्प'को चर्चा चल्ने गरेको छ। संसदमा झण्डै दुई तिहाई बहुमत प्राप्त केपी ओलीले नेतृत्व गरेको सरकारको भ्रष्टाचार, कमिसनतन्त्र, निरङ्कुशता, सत्ता लुछाचुँडीको आपसी द्वन्द्व, दोस्रो पटकको संसद विघटन लगायतका असंवैधानिक हरकतहरू आदिका कारण देखाई १४६ जना सांसदहरूले हस्ताक्षर सहीत 'केपी ओली सरकारलाई खारेज गरी शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउनका लागि' दायर गरिएको रिट यही असार २८ गते सर्वोच्च अदालतले सदर गरि केपी ओलीलाई हटाउनुको साथै शेरबहादुर देउवालाई प्रधानमन्त्री बनाउन समेत परमादेश जारि गरेपछि देउवाको नेतृत्वमा गठबन्धनको नयाँ सरकार पनि बन्यो। सर्वोच्च अदालतको निर्णय अनुसार नै यही असार २९ गते देउवाले प्रधानमन्त्री पदको शपथ ग्रहण गरेपछि यतिबेला नेपाली काङ्ग्रेसको नेतृत्वमा नेकपा (माओवादी केन्द्र), जसपालगायतको गठबन्धनीय सरकार सञ्चालनमा रहेको छ।

विद्यमान लोकतान्त्रिक गणतन्त्र र शेरबहादुर देउवाले विगत चार पटक प्रधानमन्त्री हुँदा गरेका कामहरूको ट्र्याक रेकर्ड समेत्माथि ध्यान दिँदा यो सरकारबाट नेपाली समाजको अग्रगामी परिवर्तनको पक्षमा कुनै उल्लेखनीय काम हुने सम्भावना नभएको सर्वत्र चर्चा चलिरहेको छ। अर्कोतिर, नव नियुक्त प्रधानमन्त्रीलाई राष्ट्रपतिले वधाई दिने औपचारिकता पनि पुरा नगर्नु र अपदस्त प्रधानमन्त्रीको अदालतको निर्णयप्रतिको आक्रोसपूर्ण प्रतिकृयाले संसदीय पार्टीका बिच र राष्ट्रपति र प्रधानमन्त्री बिचको टक्करको पनि सङ्केत दिएको छ।

प्रधानमन्त्रीको ओहोदामा रहेर केपी ओलीले जे गरे त्यसका आधारमा उनलाई उक्त पदबाट हटाउनु पर्ने थियो, त्यो ठिकै भयो। तर, ओलीको विकल्बपमा देउवा र एमालेको विकल्पमा नेपाली काङ्ग्रेसलाई खडा गरेर नेपाली समाज अग्रगमनतिर अघि बढ्न सक्दैन। यसका निमित्त यो व्यवस्थामै परिवर्तन गर्नु आवश्यक छ। यो कुरा विगत र हालसालैको अनुभवले पनि पुष्टि गरिसकेको छ। सारमा भन्नु पर्दा, लोकतान्त्रिक गणतन्त्रको विकल्पमा जनगणतन्त्र स्थापना गरेर मात्र नेपाली समाजलाई अग्रगमनको दिशामा अघि बढाउन सकिन्छ। यो नै सार्थक विकल्प हो। परिवर्तनकारी शक्ति र नेपाली जनताको एकता नै यस प्रकारको विकल्पको मुख्य आधार हो। जनगणतन्त्रको लागि हाम्रो यात्रा, हाम्रो अभियान र हाम्रो सङ्घर्ष निरन्तर अघि बढिरहने छ।

# 'वर्तमान स्थितिमा सोलोडोलो कम्युनिस्ट पार्टीहरू वा पूर्व माओवादीहरू एकजुट हुने संभावना नै छैन'

## - मोहन वैद्य 'किरण'



*(नेपालको वर्तमान अवस्थामा समसामयिक विषयहरूबारे नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव क. मोहन वैद्य 'किरण'सँग लिइएको लिखित अन्तरवार्ता- सम्पादक मण्डल)*

***महासचिव ज्यू, तत्कालीन ने. क. पा. (माओवादी)को नेतृत्वमा नेपालमा दश वर्ष लामो जनयुद्ध सञ्चालन भयो । आफ्नो उत्कर्षका बेला त्यसले नेपाली समाजमा ल्याएको परिवर्तन र विश्व क्रान्तिमा त्यसले प्रदान गरेको महत्वपूर्ण योगदानबारे सर्वत्र चर्चा हुने गर्दथ्यो। आज आएर त्यसबारे विभिन्न कोणबाट नकारात्मक टिप्पणीहरू गरिएको पाइन्छ । त्यसको एकजना मुख्य पहलकर्ता र शीर्ष पङ्क्तिको नेताको हैसियतले यसबारे यहाँको भनाई के छ ?***

तत्कालीन नेकपा (माओवादी)को नेतृत्वमा सञ्चालित दश वर्षको महान् जनयुद्धले आधार इलाकाहरूको स्थापना गरी जनसरकारहरूको निर्माण गरेर आर्थिक, राजनीतिक तथा सांस्कृतिक रूपमा नेपाली समाजमा निश्चय नै भारी उथल-पुथल ल्याएको हो। यस प्रकारको ऐतिहासिक परिघटनाले विश्व क्रान्तिका लागि पनि ठुलो उत्प्रेरणा तथा सकारात्मक सन्देश दिएकै हो। साथै, अंशतः भए पनि गणतन्त्र, सङ्घीयता, धर्मनिरपेक्षता, समावेसी समानुपातिक प्रतिनिधित्व जस्ता विषयलाई उपलब्धिका रूपमा लिनु पर्दछ । यस प्रकारको तथ्य र सत्यप्रति आँखा चिम्लेर जनयुद्धप्रति नकारात्मक टिप्पणी गर्नेहरू घोर प्रतिक्रियावादी, तिनका दलाल र अवसरवादी तत्वहरू नै हुन् । जहाँसम्म जनयुद्धको विश्वासघात गर्ने मूल नेतृत्वप्रति नकारात्मक ढङ्गले गरिने टिप्पणीको प्रश्न हो त्यसलाई हामीले स्वाभाविक नै ठान्नु पर्दछ।

> 'सामन्ती भूस्वामित्व अझै कायम रहनु, देशमा सानो जोतवाला किसानको अझै बाहुल्य हुनु, र अझै पनि विशाल ग्रामीण क्षेत्रमा निर्वाहमुखी अर्थतन्त्रका विशेषता विद्यमान हुनुले देशमा सामन्तवाद अझै समाप्त नभएको देखिन आउँछ । यहाँ पुँजीवादको विकास अवश्यै भएको छ, तर त्यो औद्योगिक पुँजीवाद नभएर दलाल तथा नोकरशाही पुँजीवाद हो ।'

***लाखौं जनताको सक्रिय सहभागितामा सञ्चालित जनयुद्धले ठुलो 'धक्का' खाएको भनिन्छ। त्यसका पछाडिका कारणहरू के के होलान् ?***

विशाल जनसमुदायको सहभागितामा विकसित हुँदै आएको जनयुद्धले ठुलो धक्का खाएकै हो । यसका पछाडि सबैभन्दा प्रमुख रूपमा जनयुद्ध सञ्चालन गर्दै आएको मूल नेतृत्वकै विश्वासघात, आत्मसमर्पणवाद तथा गद्दारी नै रहेको छ। दोस्रो कारण भनेको पार्टी नेतृत्वमा रहेका क्रान्तिकारी कमरेडहरूमा विद्यमान आवश्यक सतर्कताको कमी र सीमा नै हो।

***जनयुद्धका त्यतिखेर चर्चामा आएका मध्ये एकजना नेताले मालेमावादलाई र साम्यवादलाई नै असान्दर्भिक भन्ने निष्कर्ष निकाल्दै गैर मार्क्सवादी विचार लिँदै गैर कम्युनिस्ट सङ्गठनमा सामिल भएका छन् । अर्का नेता नेपालमा यतिखेर विद्यमान लोकतान्त्रिक गणतन्त्र नै जनयुद्धको मुख्य माग भएको, त्यो मूलतः हासिल भएको र आफू त्यसको 'प्रमुख संरक्षक' भएको दावी गर्दै आइरहेका छन्। वास्तवमा जनयुद्ध कुन उद्देश्य हासिल गर्नका लागि सञ्चालन गरिएको थियो ? त्यो हासिल भयो कि भएन ? यसबारे प्रकाश पारिदिनुस् न।***

हो, त्यो बेला चर्चित रहेका एक नेताले मालेमावाद र साम्यवादलाई नै परित्याग गरिसकेका छन् । त्यो कुरा स्पष्ट नै छ। जहाँसम्म अर्का नेताको लोकतान्त्रिक गणतन्त्र नै जनयुद्धको मुख्य माग भएको भन्ने दावी छ त्यो सरासर झुट कुरा हो। हामीले नेपालमा सामन्तवाद, दलाल तथा नोकरशाही पुँजीवाद र साम्राज्यवादी तथा विस्तारवादी उत्पीडन तथा हस्तक्षेपको अन्त्य गरी सर्वहारा वर्गको नेतृत्वमा आम जनसमुदायको सहभागितामा नयाँ जनवादी गणतान्त्रिक राज्यसत्ताको स्थापना गर्ने उद्देश्यमा आधारित रही महान् जनयुद्ध सञ्चालन गरेका थियौं । दिनको घाम जत्तिकै छर्लङ्ग यस सत्यलाई

बङ्ग्याउन खोज्नेहरू स्वयम् नाङ्गिने र नाङ्गिएको कुरा सुस्पष्ट नै छ।

***नेपालको यतिखेरको अर्थ-सामाजिक अवस्थाका विषयमा कम्युनिस्ट पार्टी भन्नेहरूका बिचमा फरक मतहरू बाहिर आइरहेका छन् । एकथरिले नेपाल अझै अर्ध-सामन्ती र अर्ध/नव-औपनिवेशिक अवस्थामा रहेको बताइरहेका छन् । अर्काथरिले नेपालमा पुँजीवादको स्थापना भइसकेको हुनाले एकै पटक समाजवादमा जान सकिन्छ भन्ने गरेको पाइन्छ । यसबारे सही निष्कर्ष के हो ? अनि नेपाली क्रान्तिको चरित्र कस्तो हुन्छ ?***

नेपाली समाजको स्वरूपबारे यहाँ विभिन्न घटकहरूका आ-आफ्नै धारणा रहिआएका छन् । हाम्रो पार्टीले नेपाली समाजलाई अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक र नव-औपनिवेशिक अवस्थामा रहेको विश्लेषण गरेको छ र यो विश्लेषण एकदमै सही तथा वैज्ञानिक रहेको छ । किनभने नेपाली समाज अर्ध-सामन्ती अवस्थामा छ । यसको अर्थ नेपालमा एकातिर अझै पनि सामन्तवादका कतिपय विशेषता कायमै छन् भने अर्कोतिर यहाँ पुँजीवादको पनि विकास हुँदै गएको छ। सामन्ती भूस्वामित्व अझै कायम रहनु, देशमा सानो जोतवाला किसानको अझै बाहुल्य हुनु, र अझै पनि विशाल ग्रामीण क्षेत्रमा निर्वाहमुखी अर्थतन्त्रका विशेषता विद्यमान हुनुले देशमा सामन्तवाद अझै समाप्त नभएको देखिन आउँछ । यहाँ पुँजीवादको विकास अवश्यै भएको छ, तर त्यो औद्योगिक पुँजीवाद नभएर दलाल तथा नोकरशाही पुँजीवाद हो ।

नेपाल अझै पनि कृषिमा निर्भर देश हो र यहाँ व्यावसायिक खेतीको विकास न्यून नै छ । नेपाल अझै पनि अर्ध-औपनिवेशिक अवस्थामा छ, किनभने यहाँ भारतीय विस्तारवादसित भए गरिएका असमान सन्धि सम्झौताहरू यथावतै रूपमा छन् र त्यसले नेपाललाई आर्थिक, राजनीतिक तथा सांस्कृतिक रूपमा निरन्तर उत्पीडन गर्दै आएको छ। लामो समयदेखि त्यसले कालापानी, सुस्ता सहितका नेपाली भूभागमा नाङ्गो हस्तक्षेप गर्दै आएको छ। साथै, नेपाल नव-औपनिवेशिक अवस्थामा पनि छ र विभिन्न साम्राज्यवादी तथा अमेरिकी साम्राज्यवाद लगायतका शक्तिहरूले विभिन्न ढङ्गको शोषण उत्पीडन गर्दै आएका छन् । अहिले यो शोषण उत्पीडन नवउदारवादी बहुराष्ट्रिय कम्पनीहरू र विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व व्यापार सङ्गठन, विभिन्न ढङ्गका गैरसरकारी संस्था मार्फत् हुँदै आएको छ।

'नेपाल अझै पनि अर्ध-औपनिवेशिक अवस्थामा छ, किनभने यहाँ भारतीय विस्तारवादसित भए गरिएका असमान सन्धि सम्झौताहरू यथावतै रूपमा छन् र त्यसले नेपाललाई आर्थिक, राजनीतिक तथा सांस्कृतिक रूपमा निरन्तर उत्पीडन गर्दै आएको छ । लामो समयदेखि त्यसले कालापानी, सुस्ता सहितका नेपाली भूभागमा नाङ्गो हस्तक्षेप गर्दै आएको छ । साथै, नेपाल नव-औपनिवेशिक अवस्थामा पनि छ र विभिन्न साम्राज्यवादी तथा अमेरिकी साम्राज्यवाद लगायतका शक्तिहरूले विभिन्न ढङ्गको शोषण उत्पीडन गर्दै आएका छन् । अहिले यो शोषण उत्पीडन नवउदारवादी बहुराष्ट्रिय कम्पनीहरू र विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्राकोष, विश्व व्यापार सङ्गठन, विभिन्न ढङ्गका गैरसरकारी संस्था मार्फत् हुँदै आएको छ ।'

उक्त यथार्थप्रति आँखा चिम्लेर नेपालमा पुँजीवादको विकास भइसक्यो भन्नेहरू प्रतिक्रियावादका मतियार, घोर अवसरवादी र अबुझहरू नै हुन् । कतिपय इमान्दार र क्रान्तिकारीहरूमा पनि उनीहरू भ्रम छर्न सफल भएका छन् । जहाँसम्म नेपाली क्रान्तिको चरित्रको सवाल हो त्यो देश अर्ध-सामन्ती, अर्ध-औपनिवेशिक तथा नव-औपनिवेशिक अवस्थामा रहेको स्थिति अनुरूप राष्ट्रिय तथा जनतान्त्रिक स्वरूपको हुनेछ र दलाल तथा नोकरशाही पुँजीवाद र सामन्तवाद एवम् साम्राज्यवाद तथा विस्तारवादका विरुद्ध परिलक्षित रहने छ।

***जनयुद्धको नेतृत्व गर्ने तत्कालीन नेकपा (माओवादी) यतिखेर विभिन्न समूहमा विभाजित छ । तत्कालीन नेकपा (माके) र नेकपा (एमाले) मिलेर बनेको डबल नेकपा फुटेर तीन टुक्रा भएको छ। यसै सन्दर्भमा, 'कम्युनिस्ट पार्टीहरू एकजुट हुनु पर्छ', 'पूर्व माओवादीहरू मिलेर एकीकृत पार्टी बनाउनु पर्छ' भन्ने चर्चा पनि सुनिन थालिएको छ। यहाँको पार्टीले कम्युनिस्ट पार्टीहरूको एकताको संभावनालाई कुन रूपमा लिएको छ ?***

नेपाली कम्युनिस्ट आन्दोलन विभाजित रहिआएको कुरा यथार्थ नै हो । अहिले डबल नेकपा पनि विभाजित भएर नेकपा (माके) र नेकपा (एमाले) का रूपमा यथावतै पूर्व स्थितिमा फर्किएका छन् । एमाले पनि पुनः फुट्ने स्थितिमा छ । हामीले यी दुवै समूहहरूलाई एकीकृत हुनु पूर्व पनि र एकीकृत हुँदा पनि कम्युनिस्ट समूहका रूपमा लिएका छैनौं । रूपमा तिनले कम्युनिस्ट नाम राखे पनि सारतत्वमा घोर दक्षिणपन्थी संशोधनवादी हुन् र तिनको प्रतिक्रियावादमा पतन भइसकेको छ। हो, ती दुवै समूहभित्र थुप्रै क्रान्तिकारी साथीहरू छन्। यो स्थितिमा सोलोडोलो कम्युनिस्ट पार्टीहरू वा पूर्व माओवादीहरू एकजुट हुने संभावना नै छैन । जहाँसम्म सच्चा क्रान्तिकारी कम्युनिस्टहरूको कुरा हो ती पनि एकातिर अझै छितरिएका छन् भने अर्कोतिर विभिन्न ढङ्गका विचलनका शिकार भएका छन् । यस अवस्थामा हामीले निरपेक्ष एकीकरण होइन, एकीकरण र ध्रुवीकरणको द्वन्द्ववादलाई अवलम्बन गर्नु पर्दछ।

***नेपाल यतिखेर गम्भीर सङ्कटका बिचबाट गुज्रिरहेको छ भन्ने कुरा धेरैले मानेका छन् । यो सङ्कटको प्रमुख कारण केलाई मान्नु हुन्छ ?***

नेपाल निश्चय नै गम्भीर सङ्कटका बिचबाट गुज्रिरहेको छ । यसका पछाडि मुख्यतः साम्राज्यवादी नवउदारवादलाई निर्देशक सिद्धान्त मानेर जीवन धानिरहेका संसदवादी तथा संशोधनवादी र तिनले संरक्षण गर्दै आएको दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्त वर्गीय राज्यसत्ता नै कारण र जिम्मेवार रहेका छन् । यी सबै एकातिर मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम लगायतका जनताका हकहित माथि कुठाराघात गर्दै आएका छन् भने अर्कोतिर देशको स्वाधीनताको रक्षा तथा जनजीविकाका समस्याहरूको समाधान गर्ने नसक्ने अवस्थामा छन् । यो सङ्कटलाई हामीले गम्भीरतापूर्वक लिने, त्यसको सही विश्लेषण गर्ने र

त्यसबाट पार पाउनका लागि सही निकास दिनेबारे निकै गम्भीर, सचेत र जिम्मेवार भएर प्रस्तुत हुन जरुरी छ।

***नेपाली राजनीतिमा यतिखेर विद्यमान अवस्थाको 'विकल्प'को निकै चर्चा हुने गरेको पाइन्छ। विद्यमान सङ्कट समाधान गर्ने सही विकल्प के हुन सक्छ भन्ने यहाँहरूको पार्टीको धारणा हो ?***

विद्यमान प्रतिक्रियावादी राज्यसत्ता, व्यवस्था र तिनको संरक्षण गर्ने शक्ति वा तत्वहरूका विरुद्ध नयाँ जनवादी राज्यसत्ताको स्थापना गरी वैज्ञानिक समाजवादतर्फ अगाडि बढ्नु नै आजको एकमात्र विकल्प हो। त्यसैले हाम्रो पार्टीले सङ्घीय जनगणतान्त्रिक व्यवस्था र सरकारको स्थापनाको नारा प्रस्तुत गर्दै आन्दोलनलाई नयाँ ढङ्गले विकसित गर्नु पर्ने काममा विशेष जोड दिने गरेको छ।

***'सङ्घीय जनगणतन्त्र'लाई तपाईंहरूले विद्यमान राज्य व्यवस्थाको विकल्पमा प्रस्तुत गरेको देखिन्छ। अहिले नै त्यो विकल्प प्रस्तुत गरिहाल्ने बेला भएको छैन भन्नेहरू पनि छन्। यसबारे केही स्पष्ट पारिदिनु हुन्छ कि ?***

अहिलेलाई सङ्घीय जनगणतन्त्रको विकल्पलाई प्रचारात्मक/आन्दोलनात्मक नाराका रूपमा प्रस्तुत गर्नु सही हुन्छ र आन्दोलनको विकाससँगै यो नारालाई हामीले कारबाही मूलक नारा बनाउने दिशामा लग्नु पर्दछ। त्यसैले हामीले जुन विकल्प प्रस्तुत गरेका छौं त्यो सही र वैज्ञानिक दुवै छ।

***यहाँहरूले लामै समयदेखि 'क्रान्तिकारी संयुक्त मोर्चा'को नीति र व्यवहारिक अभ्यास गर्दै आउनु भएको छ। यसबारे यहाँहरूको अनुभव कस्तो छ ?***

संयुक्त मोर्चा विभिन्न रूप, तह तथा विषय र तत्कालीन तथा दीर्घकालीन प्रकृतिका हुन्छन् र हुँदै आएका छन्। यो सिद्धान्तको कुरा हो। व्यावहारिक रूपमा पनि हामीले विभिन्न खाले संयुक्त मोर्चाको अभ्यास गर्दै आएका छौं। तात्कालिक वा खास खास विषयलाई लिएर कार्यगत एकताका रूपमा गरिने संयुक्त मोर्चाहरू कुनै बेला सफल र कुनै बेला असफल हुने गरेका छन्। जहाँसम्म, दीर्घकालीन, रणनीतिक वा क्रान्तिकारी प्रकृतिको संयुक्त मोर्चाको प्रश्न हो त्यो दलीय आधारमा अत्यन्तै कम रूपमा सफल र जनवर्गीय आधारमा गरिने मोर्चा बढी सफल भएका देखिन्छन्। यस सम्बन्धी अनुभव धेरै छन्, तर यहाँ विशद रूपमा अहिले नजाऔं। जे होस्, हामीले सबै ढङ्ग र प्रकारका संयुक्त मोर्चाका अनुभवबाट आवश्यक पाठ सिक्दै अगाडि बढ्नु पर्दछ र यस सन्दर्भमा आफ्नो प्रयास जारी नै राख्नु आवश्यक छ।

> 'संयुक्त मोर्चाको प्रश्नलाई हामीले स्थिरताका अर्थमा होइन गतिशीलताका अर्थमा हेर्नु पर्दछ र दलीय संयुक्त मोर्चा भन्दा जनवर्गीय स्वरूपको संयुक्त मोर्चामा बढी भर पर्नु पर्छ। यसबारे अन्तर्राष्ट्रिय अनुभव पनि प्रचुर छन्।'

***के नेपालमा जनगणतन्त्र स्थापना गर्नका लागि 'क्रान्तिकारी संयुक्त मोर्चा' आवश्यक र अनिवार्य हो ? यस विषयमा भएका अन्तर्राष्ट्रिय अनुभवहरूबारे पनि बताई दिनुहोस् न।***

नेपालमा जनगणतन्त्र स्थापनाका लागि क्रान्तिकारी संयुक्त मोर्चा आवश्यक र अनिवार्य त हुन्छ, तर मूर्त रूपमा त्यो विकसित हुँदै जाने स्थितिमा निर्भर गर्दछ। संयुक्त मोर्चाको प्रश्नलाई हामीले स्थिरताका अर्थमा होइन गतिशीलताका अर्थमा हेर्नु पर्दछ र दलीय संयुक्त मोर्चा भन्दा जनवर्गीय स्वरूपको संयुक्त मोर्चामा बढी भर पर्नु पर्छ। यसबारे अन्तर्राष्ट्रिय अनुभव पनि प्रचुर छन्। तात्कालिक प्रकारका कार्यगत एकता बन्ने गरेका छन्, तर दीर्घकालीन प्रकृतिका भने कमै देखिन्छन्।

***नेकपा (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा लगायतका सङ्गठनहरूको पहलमा करिव दुई दर्जन सङ्गठनहरूको खासगरी राष्ट्रियता, जनजीविका आदि विषयमा कार्यगत एकता कायम गरेर सङ्घर्षका कार्यक्रमहरू अघि बढाइएको पाइन्छ। यस प्रकारको कार्यगत एकताको नीति र व्यवहारिक अनुभवबारे प्रकाश पारिदिनु हुन्छ कि ?***

विभिन्न सङ्गठनहरूसित गरिँदै आएको यस प्रकारको कार्यगत एकताको नीति मुलतः सही नै छ। व्यवहारमा यस प्रकारको कार्यगत एकता मुल रूपमा सफल नै रहेको छ, परन्तु त्यो प्रभावकारी भने बन्न सकेको छैन। यस सन्दर्भमा कैयौं सीमा र समस्या छन्, तिनलाई पार र समाधान गर्दै जानु पर्दछ।

***के पी ओलीले नेतृत्व गरेको सरकार असफल भएर देउवा नेतृत्वमा गठबन्धनीय सरकार बन्नु, संसदको सत्ताधारी र प्रतिपक्षी पार्टीहरू, यो राज्य व्यवस्था आदिको असफलताबाट मोह भङ्ग भएर यसको विकल्पको खोजीमा तपाईंहरूको पार्टीमा समावेस हुने क्रम चलेको चर्चा सुनिन्छ। के त्यस्तो ध्रुवीकरण हुँदै गएको हो ?***

यो क्रम लामो समयदेखि जारी छ, तर न्यून रूपमा। यसलाई प्रभावकारी बनाउन र ध्रुवीकरण सहितको एकीकरणका लागि पहल बढाउँदै लग्न जरुरी छ।

***देश सर्वत्र सङ्कटका बिचबाट गुज्रिरहेको अहिलेको अवस्थामा तपाईंहरूको पार्टीको ठोस योजना र कार्यक्रम के छ ?***

देश सङ्कटग्रस्त बन्दै गइरहेको वर्तमान अवस्थामा पार्टीको ठोस योजना र कार्यक्रम वर्तमान प्रतिक्रियावादी राज्यसत्ता तथा व्यवस्थाको विरोधमा जनमत तयार पार्दै जाने, राष्ट्रियता, जनतन्त्र तथा जनजीविकाका सवालहरूमा आफ्नै स्वतन्त्र पहल र कार्यगत एकता वा संयुक्त मोर्चा गरी सङ्घर्षलाई विकसित तुल्याउने, पार्टीलाई सुदृढ तुल्याउँदै जाने सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूलाई गोलबन्द गर्न जोड दिने र नयाँ जनवादी क्रान्तिको तयारी गर्ने काम र दिशामा परिलक्षित रहेका छन्।

***देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको मुखपत्र मार्फत् नेपाली जनतालाई सम्वोधन गर्नुपर्ने विषय अरु केके छन् ?***

जनता इतिहासको चालक शक्ति हो र नेपाली जनता नयाँ इतिहासको निर्माण गर्ने दायित्वप्रति सचेत एवम् क्रियाशील बन्दै आएका छन्। तर पनि अहिले देजमोको मुखपत्र मार्फत् जनतासित म के अनुरोध गर्दछु भने तपाईंहरू पुरानो राज्यसत्ता, संसदवाद तथा संशोधनवादको भ्रमजाललाई चिर्दै अझ अगाडि बढ्नुहोस् र हाम्रो पार्टी देश तथा जनताको मुक्तिप्रति अझै बढी प्रतिबद्ध बनेर नयाँ जनवाद, वैज्ञानिक समाजवाद र साम्यवादको महान् ऐतिहासिक यात्रामा दृढतापूर्वक अगाडि बढ्दै जाने छ।

# क्रान्तिकारी संयुक्त मोर्चाबारे



**क. सी. पी. गजुरेल**
*केन्द्रीय अध्यक्ष, दे.ज.मो*

**विषय प्रवेश**

नेपालमा पटक पटक ठुला ठुला जन सङ्घर्षहरू भए। जन आन्दोलनहरू भए। नेपाली समाजमा आमुल परिवर्तन गर्ने उद्देश्यले यहाँका जनताले ठुला ठुला त्याग र वलिदान गरे। संसारै थर्काउने दस वर्षे जनयुद्ध भयो। जनताको सौर्य, वलिदान र त्यागको कीर्तिमान कायम भयो। तर, अन्त्यमा जनयुद्धले धक्का खायो। उक्त जनयुद्धको नेतृत्व गरिरहेको एउटा हिस्साले वर्गीय र राष्ट्रिय आत्मसमर्पणको बाटो समात्यो। त्यो पङ्क्तिले उक्त क्रान्ति सफलताको बाटोमा अघि बढिरहेको समयमा देशी, विदेशी प्रतिकृयावादी शक्तिहरूसँग साँठगाँठ गरी त्यसलाई प्रतिक्रान्तिमा परिणत गर्ने भूमिका खेल्यो। नेपाली समाजमा केही मात्रात्मक परिवर्तन त भएको छ तर, नेपाली समाजको आमूल परिवर्तनको कार्यभार कुण्ठित र अधुरो रहँदै आएको छ। नेपाली समाजको अर्ध-सामन्ती र अर्ध वा नव-औपनिवेशिक अवस्थामा गुणात्मक परिवर्तन हुन सकेको छैन। नेपालमा गणतन्त्रको त स्थापना भयो तर, नेपाली समाजमा विद्यमान यो दलाल, नोकरशाही पुँजीपति वर्ग र सामन्तवादको स्वार्थमा आधारित यो व्यवस्थाको अन्त्य गरी सङ्घीय जनगणतन्त्रको स्थापना गर्नुपर्ने कार्यभार अझै पुरा हुन बाँकी नै छ।

तत्कालिन ने.क.पा. (माओवादी)ले नेपालमा सङ्घीय जनगणतन्त्रको स्थापना गर्ने उद्देश्यका साथ पहिलो संविधान सभाको निर्वाचनमा भाग लिएको थियो। तत्कालिन न.क.पा. (माओवादी) संविधान सभामा सबैभन्दा ठुलो पार्टी बनेर सदनमा सङ्घीय जनगणतन्त्रको विषय उठ्न थालेपछि पहिलो निर्वाचित संविधान सभालाई संविधान नै बनाउन नदिई विघटन गरियो। नेपाली जनताको ठुलो हिस्साको विरोधको वावजुद दोस्रो संविधान सभाको निर्वाचनको नौटङ्की गरियो। "प्रमुख पार्टीका शीर्ष नेताहरू" मिलेर कथित फाष्ट ट्र्याक्को विधिद्वारा जारि गरिएको संविधान हो यो। यसैको माध्यमबाट "लोकतान्त्रिक गणतन्त्र"को नाममा घुमाई फिराई पुनः पुरानै संसदीय व्यवस्थाको पुनर्स्थापना गरिएको छ।

यस प्रकारको अवस्थामा सङ्घीय जनगणतन्त्र नेपालको स्थापना गर्नु नेपाली क्रान्तिको मुख्य कार्यभार बन्न गएको छ। यो कार्यभार पुरा गर्नका लागि क्रान्तिकारी संयुक्त मोर्चाको निर्माण एउटा अनिवार्य शर्त हो। यस विषयमा क्रान्तिकारीहरूका वीचमा बुझाईमा स्पष्टता हुन सकेन भने फेरि पनि नेपाली समाजको अग्रगामी रूपान्तरणको काममा समस्या पैदा हुन सक्ने खतरा हुन्छ। त्यसैले प्रस्तुत लेखमा क्रान्तिकारी संयुक्त मोर्चाकै विषयमा केन्द्रित हुने प्रयास गरिएको छ।

**क्रान्तिकारी संयुक्त मोर्चा के हो ?**

मुख्य दुश्मनका विरुद्ध मुख्य कार्यसूचि र नाराहरू मिल्ने शक्तिहरूसँग मिलेर प्रमुख उद्देश्य हासिल गर्नका लागि संयुक्त रूपमा सङ्घर्ष गर्ने, विचार, योजना र सङ्गठनको समग्रता हो संयुक्त मोर्चा। विश्व इतिहासमा यस प्रकारको पहल र योजनालाई क्रान्तिकारी कम्युनिस्टहरूले बढी मात्रामा प्रयोगमा ल्याएको र कार्यान्वयन गरेको पाइन्छ। तत्कालिन रुसमा सन् १९१७ मा सम्पन्न युगान्तकारी समाजवादी क्रान्तिको आसपासको समयदेखि यसको बढी प्रयोग भएको पाइन्छ। महान् लेनिनले प्रत्यक्षरूपमा नेतृत्व गर्नु भएको रुसी समाजवादी क्रान्ति पश्चात् वहाँकै पहलमा निर्माण भएको कम्युनिस्ट पार्टीहरूको तेस्रो अन्तर्राष्ट्रिय सङ्गठन (Comintern) ले क्रान्तिकारी संयुक्त मोर्चाको एउटा शोध प्रस्ताव (Thesis) नै पारित गरेको थियो, जसलाई आज पनि विश्व कम्युनिस्ट आन्दोलनको अमूल्य सम्पत्तीका रूपमा लिइन्छ।

कोमिन्टर्नले सन् १९१७ का आसपासमा स्थापित र विकसित भएका कम्युनिस्ट पार्टीहरूका अनुभवलाई सामान्यीकरण गऱ्यो। सन् १९२२ को नवेम्बर ५ देखि दिशम्बर ५ सम्म भएका तेस्रो र चौथो महाधिवेशनहरूमा संयुक्त मोर्चाको सिद्धान्तलाई विकसित गरियो।

**संयुक्त मोर्चाको कार्यनीतिलाई यसरी परिभाषित गरिएको छ :**

"त्यसकारण संयुक्त मोर्चा भनेको सामान्यतया त्यस प्रकारको पहल हो जसमा कम्युनिस्टहरूले अरू पार्टी र समूहमा आबद्ध र आवद्ध नभएका श्रमिकहरूलाई पनि आफ्नो वर्गका तत्कालिक, आधारभूत आवश्यकताको रक्षाका लागि पुँजीपति वर्गका विरुद्ध मिलेर सङ्घर्ष गर्ने प्रस्ताव गर्दछन्।

"संयुक्त मोर्चाले पुँजीवादको क्रान्तिकारी सत्ता परिवर्तनका लागि प्रतिवद्ध मजदुरहरूलाई अक्रान्तिकारी मजदुरलाई पनि साथमा लिएर हिँड्ने अनुमति दिन्छ। (उनीहरूले)यी साझा सङ्घर्षद्वारा क्रान्तिकारी समाजवादको पक्षमा अन्य मजदुरलाई पनि तान्ने प्रयास गर्दछन्।"

"क्रान्तिकारी समाजवादीहरूले समग्र मजदुर वर्गका हिसावले अल्पसङ्ख्यकको प्रतिनिधित्व गर्दछन् र संयुक्त मोर्चाले उनीहरूलाई ठुलो सङ्ख्यामा भएका अक्रान्तिकारी मजदुरसँग मिलेर काम गर्ने र उनीहरूलाई क्रान्तिकारी राजनीतिको पक्षमा ल्याउने अवसर दिन्छ।

"कम्युनिस्ट पार्टीको कार्यभार सर्वहारा क्रान्तिको नेतृत्व गर्नु हो। सर्वहारा वर्गलाई सत्तामा प्रत्यक्ष धावा बोल्न आह्वान गर्न र यसलाई हासिल गर्न कम्युनिस्ट पार्टीले मजदुर वर्गको बहुमतमा आधारित हुने प्रयास गर्दछ।"[१]

यसका साथै कोमिन्टर्नले यसरी बनाइने संयुक्त मोर्चामा पार्टीको आफ्नो स्वतन्त्र पहललाई छाड्नु वा गुमाउनु हुँदैन भन्ने कुरा पनि जोड दिएर उल्लेख गरेको छ। यदि आफ्नो स्वतन्त्र पहललाई परित्याग गरियो भने अन्य निम्न पुँजीवादी शक्तिहरूको पिछलग्गु हुन सक्ने र अन्त्यमा पार्टीले नै रङ्ग बदल्ने सम्भावना वा खतरा पनि रहन्छ भन्ने कुराको राम्रोसँग हेक्का राख्नु आवश्यक छ।

## फासिवाद विरोधी अन्तर्राष्ट्रिय मोर्चा

माथि संयुक्त मोर्चाको सामान्य सिद्धान्तका विषयमा चर्चा गरियो । अब अन्तर्राष्ट्रिय स्तरमा विभिन्न देशहरूमा क्रान्तिकारी संयुक्त मोर्चाको प्रयोग कसरी गरियो भन्ने विषयमा चर्चा गरिने छ ।

तत्कालिन जर्मनीमा नाजीवादी पार्टीको उदय र हिटलर त्यो पार्टी र सरकारको प्रमुख बनेपछि विश्वलाई नै आफ्नो अधिनस्थ बनाउने महत्वाकाङ्क्षी र नरसंहारकारी योजना उसले लागु गर्दै गयो । सुरुमा उसले साम्राज्यवादका पक्षधर देशमाथि हमला गर्‍यो । त्यसबेला यो युद्ध अन्तरसाम्राज्यवादी युद्ध थियो । पछि जब हिटलरको सेनाले सोभियत समाजवादी रुसमाथि हमला गर्‍यो, त्यसपछि त्यो युद्धको चरित्र बदलियो र त्यो समाजवाद र फासिवादका बिचको युद्ध बन्न पुग्यो । यसबारे माओको यो भनाईबाट धेरै कुरा स्पष्ट हुन्छ । माओ भन्नु हुन्छ, "जुन २२ मा जर्मनीका फासिवादी शाषकले सोभियत युनियनमाथि हमला गरे । यो आक्रमणको विश्वासघाती अपराध केवल सोभियत युनियनका विरुद्ध मात्र होइन कि सबै देशहरूको स्वतन्त्रता र स्वाधीनताका विरुद्ध छ। सोभियत युनियनको फासिष्ट आक्रमणका विरुद्धको पवित्र प्रतिरोध युद्ध यसको आफ्नो रक्षाका लागि मात्र गरिएको होइन कि फसिवादी दासताका विरुद्ध मुक्तिका लागि सङ्घर्ष गरिरहेका राष्ट्रहरूको रक्षाका लागि पनि हो । संसारभरका कम्युनिस्टहरूको निमित्त अबको कार्यभार संसारभरका सबै देशका जनतालाई परिचालन गर्नु, फासिवादका विरुद्ध लड्न र सोवियत युनियनको रक्षा गर्न, चीनको रक्षा गर्न र सबै राष्ट्रहरूको स्वतन्त्रता र स्वाधीनताको रक्षा गर्नका लागि एउटा अन्तर्राष्ट्रिय संयुक्त मोर्चा सङ्गठित गर्नु हो । वर्तमान् अवस्थामा सबै प्रयास फासिवादी दासताका विरुद्ध सङ्घर्ष गर्नका लागि हुनु पर्दछ ।"२

> 'पहिले सामन्त, दलाल र नोकरशाही पुँजीपति वर्गको शासन थियो भने अहिले दलाल, नोकरशाही पुँजीपति वर्ग र सामन्त वर्गको शासन छ । नेपालमा वाह्यरूपमा शोषण र उत्पीडन गर्ने प्रतिकृयावादी शक्ति भनेका साम्राज्यवाद र भारतीय विस्तारवाद हुन् । यी आन्तरिक र वाह्य दुश्मन शक्तिहरूको शासनलाई समाप्त पारी जनगणतन्त्रको स्थापना गर्नु नेपाली क्रान्तिको मुख्य कार्यभार हो ।'

कोमिन्टर्नको यो नीतिलाई सफलतापूर्वक लागु गर्न सफल भएकै कारण विश्व स्तरमा कम्युनिस्टहरूका बिचमा मात्र होइन, तत्कालिन सोभियत रुस, अमेरिका, बेलायत लगायतका देशहरूको पनि फासिवाद विरोधी मोर्चा कायम भयो । अनि मात्र जर्मनी, इटाली र जापानको संयुक्त फासिवादी गठवन्धनका विरुद्ध भिषण युद्ध गरेर यो विश्वलाई नै फासिवादको आक्रमण र अत्याचारबाट बचाउन सफलता प्राप्त भयो । यदि कम्युनिस्टहरूको यो नीति सफल हुँदैनथ्यो भने फासिवादलाई रोक्न वा समाप्त पार्न सकिने अवस्था थिएन र विश्वकै मानवजातिले कुन भयावह अवस्थाबाट गुज्रनु पर्ने थियो, त्यो स्थितिको सहजै अनुमान गर्न सकिन्छ ।

## चिनियाँ क्रान्ति र क्रान्तिकारी संयुक्त मोर्चा

विश्वमा क्रान्तिकारी संयुक्त मोर्चाको सफल प्रयोग गरिएका देशहरू मध्ये चीनको नाम अग्र पङ्क्तिमै पर्दछ । त्यतीखेर अत्यन्त पिछडिएको र विशाल देश चीनमा कम्युनिस्ट पार्टीको नेतृत्वमा क्रान्ति सफल पार्ने कुरा असाधारण विषय थियो । यस प्रकारको क्रान्ति सफल पार्न चीन कम्युनिस्ट पार्टीले क्रान्तिकारी संयुक्त मोर्चा बनाउन र कार्याण्वयन गर्न खेलेको भूमिकाको ठुलो महत्व छ । चीन कम्युनिस्ट पार्टीको नेतृत्वमा करिव २५ वर्ष निरन्तर चलेको सशस्त्र सङ्घर्ष मध्ये अलग अलग समयमा तीन वटा क्रान्तिकारी गृहयुद्धहरू र साम्राज्यवादी आक्रमणका विरुद्धको लामो समयको क्रान्तिकारी संयुक्त मोर्चाका बिचबाट चिनियाँ समाज गुज्रनु परेको थियो । ती सबैका विषयमा यहाँ चर्चा गर्नु सम्भव छैन । उक्त क्रान्तिको प्रत्यक्ष नेतृत्व गर्नु भएका क. माओको यो संश्लेषण मात्र यहाँ प्रस्तुत छ ।

"सुन् यात् सेनूको देहान्त भएको २४ वर्ष बितेका छन्, चीन कम्युनिस्ट पार्टीले नेतृत्व गरेको चिनियाँ क्रान्तिले सिद्धान्त र व्यवहार दुबै पक्षमा निकै ठुलो विकास गरेको छ तथा चीनको अनुहार व्यापक रूपमा परिवर्तन गरेको छ। अहिलेसम्म चिनियाँ जनताले हासिल गरेको प्रधान र आधारभूत अनुभवका दुईवटा पक्ष छन् : (१) आन्तरिक रूपमा जन समुदायलाई जागृत गराउने । अर्थात् मजदुर वर्गको नेतृत्वमा मजदुर वर्ग, किसान, सहरिया निम्न पुँजीपति वर्ग र राष्ट्रिय पुँजीपति वर्गलाई मिलाएर घरेलु संयुक्त मोर्चा बनाउने र यसबाट अघि बढेर मजदुर वर्गको नेतृत्वमा र मजदुर किसान वर्गको एकतामा अधारित जनताको जनवादी अधिनायकत्व भएको राज्य व्यवस्थाको स्थापना गर्ने । (२) वाह्य रूपमा, हामीसँग समानताको व्यवहार गर्ने विश्वका ती राष्ट्रहरूसँग साझा सङ्घर्षहरूमा एकतावद्ध हुने । अर्थात्, सोभियत सङ्घसँग, जनताका जनवादीहरूसँग र अन्य सबै देशका सर्वहारा र व्यापक जनसमुदायसँग मिलेर जाने तथा एउटा अन्तर्राष्ट्रिय संयुक्त मोर्चा निर्माण गर्ने" ।३

यहाँ क. माओले आन्तरिक र वाह्य दुई किसिमका क्रान्तिकारी संयुक्त मोर्चा निर्माण गर्नुपर्ने कुराको महत्वमाथि प्रकाश पार्दै, त्यसको निमित्त आधार के हुन् भन्ने पनि स्पष्ट पार्नु भएको छ ।

## भियतनामको ऐतिहासिक अनुभव

भियतनाम त्यतिखेर पनि नेपाल जस्तै गरिब देश थियो । त्यहाँ हो चि मिन्हको नेतृत्वमा त्यहाँको मजदुर पार्टीले क्रान्तिकारी आन्दोलनलाई अघि बढायो । त्यो कुरा अमेरिकी साम्राज्यवादलाई सह्य भएन । देशको उत्तरी भागमा पार्टीको पकड बलियो भएकोले सम्पूर्ण भियतनाममाथि कब्जा जमाउन सकेन र भियतनामलाई उत्तर र दक्षिण दुईवटा भियतनाम बनायो, बल प्रयोगद्धारा ।' ६० को दशकमा अमेरिकाले दक्षिण भियतनाममा त्यहाँका राष्ट्रघाती, गद्दारहरूको कठपुतली सरकार बनायो । त्यही सरकारको "अनुरोध"को नाममा र त्यही सरकारलाई "सहयोग" गरेको नाममा अमेरिकी साम्राज्यवादले समाजवादी भियतनाममाथि भिषण आक्रमण गर्‍यो । एक त गरिब देश त्यसमाथि पनि अमेरिकी साम्राज्यवादले यति धेरै बम् खसाल्यो कि त्यसबाट अनगिन्ती जन धनको क्षति भयो । तैपनि, तीन वटा प्रमुख कारणले गर्दा भियतनामी जनता विश्वकै सबैभन्दा शक्तिशाली दुश्मनसँग कत्ति पनि नझुकिकन लड्न र अमेरिकी साम्राज्यवादलाई पराजित गर्न सफल भए । (१) साहशी, देशभक्त र अनुशासित भियतकंग छापामारहरू (२) देशभित्र अत्यन्त बलियो क्रान्तिकारी संयुक्त मोर्चा, जसमा देशका लगभग सबै जसो जनता सङ्गठित भएर लडे । (३) विश्वस्तरका जनतासँग घनिष्टतम एकता । यतिसम्म कि अमेरिकी साम्राज्यवादको विरोध र भियतनामी जनताको पक्षमा स्वयम् अमेरिकाभित्रै हजारौं मानिस लामवद्ध

भए । अमेरिकी सरकारले लागु गरेको अनिवार्य सैनिक भर्तीको खुलै रूपमा अवज्ञा भयो । जनताका बिचमा लोकप्रिय अमेरिकीहरू अमेरिकाकै जेलमा जान तयार भए । अन्त्यमा, अमेरिकी सरकार लाज ढाक्नेसम्मको सम्झौतासम्म पनि गर्न असफल भएका कारण लज्जित भएर भियतनामबाट भाग्नु पऱ्यो । त्यतिखेरको भियतनामी क्रान्तिकारी जनताको वीरताले भरिपूर्ण यो शानदार उदाहरणले संसारभर लाखौं क्रान्तिकारीहरूलाई प्रेरणा दिइ नै रह्यो ।

**केही अन्य अन्तर्राष्ट्रिय अनुभवहरू**

क्रान्ति सफल भएका अथवा क्रान्ति व्यापकरूपमा अघि बढेका देशमा क्रान्तिकारी संयुक्त मोर्चाको निर्माण र त्यसको सफल प्रयोगले धेरै महत्वपूर्ण भूमिका खेलेको पाइन्छ । समकालिन विश्वमा चलिरहेका महत्वपूर्ण क्रान्तिहरूबाट पनि यिनै तथ्यहरूको पुष्टि भएको छ । हामी भारत र फिलिपिन्सको उदाहरणलाई लिन सक्दछौं । भारतमा त्यहाँको भा.क.पा.(माओवादी)को नेतृत्वमा छापामार जनसेना (PLGA) कृयाशिल छ र साथसाथै क्रान्तिकारी संयुक्त मोर्चा पनि अघि बढिरहेको छ - 'क्रान्तिकारी जनवादी मोर्चा' । प्राप्त जानकारी अनुसार यो क्रान्तिकारी संयुक्त मोर्चा मजदुर, किसान, युवा, विद्यार्थी, महिला र क्रान्तिकारी सांस्कृतिक मोर्चा आदि जन वर्गिय मोर्चाहरूको फेडरेसन हो । यसमा अन्तर्राष्ट्रिय रूपमा साम्राज्यवाद विरोधी क्रान्तिकारी संयुक्त मोर्चा, अखिल भारत जन प्रतिरोध मंच (AIPRF) पनि सामेल थियो । भारतका विभिन्न राज्यहरूमा यो मोर्चाको विस्तार गरिएको पाइन्छ ।

फिलिपिन्स कम्युनिस्ट पार्टीको नेतृत्वमा सन् १९८० देखि उतार चढावकै बिचबाट जनयुद्ध चलिरहेको छ । पार्टीको नेतृत्वमा नयाँ जनमुक्ति सेना क्रियाशिल छ । यसको साथसाथै सशक्त क्रान्तिकारी संयुक्त मोर्चा पनि क्रियाशिल छ - राष्ट्रिय जनवादी क्रान्तिकारी मोर्चा (NDRF) । यो क्रान्तिकारी संयुक्त मोर्चा राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा कार्यरत रहेको पाइन्छ ।

> 'तत्कालिन ने.क.पा. (माओवादी)को नेतृत्वमा जनयुद्ध अगाडि बढ्दै गएपछि क्रान्तिकारी संयुक्त मोर्चाको भूमिका पनि त्यसैअनुसार बढ्दै गएको थियो । जनयुद्धको विकास हुने क्रममा स्थानीय सत्ताका भ्रुणहरू देखा पर्दै गए । स्थानीय जनसरकारहरू पनि निर्माण हुँदै गएका थिए । ती स्थानीय जनसरकारहरू वास्तवमा क्रान्तिकारी संयुक्त मोर्चाका सरकारहरू थिए । त्यसको नेतृत्व एउटा निश्चित प्रकृयाबाट पार्टीले गर्दथ्यो र जनमुक्ति सेनाले त्यसको सुरक्षामा भूमिका खेल्दथ्यो । देशको झण्डै ८० प्रतिशत भूभागमा जनसरकारले राज्य सञ्चालन गरिरहेको हामी बताउने गर्दथ्यौँ । कथित शान्ति सम्झौताका नाममा प्रचण्ड र बाबुरामले क्रान्तिलाई धोका दिएर आत्मसमर्पणको बाटो समातेपछि गरिएको एउटै हस्ताक्षरबाट सबै जनसरकारको विघटन गरिएको थियो ।'

**क्रान्तिका तीन साधनको प्रश्न**

हामीले माथि क्रान्तिकारी संयुक्त मोर्चाबारे छलफल गरिसकेका छौं । एउटा लेखका सिमा भित्र रहनुपर्ने भएको हुनाले अन्य देशका क्रान्तिकारी संयुक्त मोर्चाका विषयमा विस्तृत चर्चा गर्न सकिएन । आवश्यकता अनुसार यो विषयमा पछि पनि चर्चा गर्न सकिने छ । यतिखेर हाम्रा अगाडि उपस्थित मुख्य विषय हो - नेपाली विशेषता अनुसार बलियो र व्यापक क्रान्तिकारी संयुक्त मोर्चा कसरी निर्माण गर्ने र नेपाली क्रान्तिको व्यवहारमा यसको सही किसिमको प्रयोग कसरी गर्ने !

यहाँ पुनः क. माओको एउटा प्रसिद्ध कथनलाई प्रस्तुत गरिएको छ : माओ भन्नु हुन्छ : "हाम्रा २८ वर्षहरू नितान्त भिन्न छन् । हामीसँग प्रशस्त मूल्यवान् अनुभवहरू छन् । एउटा मार्क्सवाद-लेनिनवादको सिद्धान्तबाट सुसज्जित, आत्मालोचनाको पद्धतिलाई प्रयोग गर्ने र आम जन समुदायसँग जोडिएको अत्यन्त अनुशासित पार्टी, यस प्रकारको पार्टीको नेतृत्वमा एउटा सेना, यस प्रकारको पार्टीको नेतृत्वमा क्रान्तिकारी वर्गहरूको र सबै क्रान्तिकारी समुहहरूको एउटा संयुक्त मोर्चा - यिनै ती तीनवटा मुख्य हतियारहरू हुन् जसका कारण हामीले दुश्मनलाई पराजित गऱ्यौं ।"४

**सामन्तवाद र साम्राज्यवाद विरोधी मोर्चा**

नेपाल एउटा अर्ध-सामन्ती र नव, अर्ध-औपनिवेशिक राष्ट्र हो । यहाँ लामो समयदेखि सामन्त, दलाल र नोकरशाही पुँजीपति वर्गले निरन्तर शासन चलाइरहेको छ । २०६४ सालमा सम्पन्न सम्विधान सभाको पहिलो बैठकले नेपालमा विगत २४० वर्षसम्म शासन गर्दै आएको राजतन्त्रको अन्त्यको घोषणा गरेपछि केही पार्टी र तिनका नेताहरूले नेपालमा पुँजीवाद आएको र अब नेपालमा समाजवाद आउँदै छ भन्ने जस्ता भ्रामक प्रचारवाजी पनि गरिरहेका छन् । वास्तविकता के हो भने राजतन्त्रको अन्त्यपछि सामन्त वर्गको भूमिका दलाल र नोकरशाही पुँजीपति वर्गको भन्दा पछाडि परेको छ । त्यो वर्गको हैशियत कमजोर भएको छ । पहिले सामन्त, दलाल र नोकरशाही पुँजीपति वर्गको शासन थियो भने अहिले दलाल, नोकरशाही पुँजीपति वर्ग र सामन्त वर्गको शासन छ । नेपालमा वाह्यरूपमा शोषण र उत्पीडन गर्ने प्रतिकृयावादी शक्ति भनेका समाज्यवाद र भारतीय विस्तारवाद हुन् । यी आन्तरिक र वाह्य दुश्मन शक्तिहरूको शासनलाई समाप्त पारी जनगणतन्त्रको स्थापना गर्नु नेपाली क्रान्तिको मुख्य कार्यभार हो । यसको निमित्त क्रान्तिकारी संयुक्त मोर्चाको महत्वपूर्ण भूमिका हुने कुराका विषयमा त माथि व्याख्या गरिसकिएको छ ।

**सङ्घर्षको र सत्ताको साधन**

क्रान्तिकारी संयुक्त मोर्चाका प्रमुख रूपमा दुई किसिमका भूमिका हुन्छन् । सङ्घर्षको साधन र सत्ताको साधन । परिस्थिति अनुसार कुनै बेला एउटा भूमिका प्रधान हुन्छ भने कुनै अर्को परिस्थितिमा अर्को भूमिका प्रधान हुने गर्दछ । प्रारम्भिक चरणमा यसको प्रमुख भूमिका सङ्घर्षको साधनको रूपमा हुन्छ । सङ्घर्षको विकास सँगसँगै क्रान्तिकारी संयुक्त मोर्चाको भूमिकामा पनि परिवर्तन हुँदै जान्छ । सर्वहारा वर्ग, मजदुर, किसान, निम्न पुँजीपति वर्गहरूको शक्ति मजबुत भएका ठाउँमा स्थानीय रूपमा एक प्रकारले सत्ताको अभ्यास पनि गर्दै जाने क्रम अघि बढ्न सक्दछ । देशको

ठुलो हिस्सा वा सम्पूर्ण देश नै क्रान्तिकारीहरूको पकडमा आएको बेलामा यसले सबै स्तरमा सत्ताको साधनको भूमिका खेल्ने काम गर्दछ । यस प्रकार, क्रान्तिकारी संयुक्त मोर्चा विद्यमान प्रतिकृयावादी सत्ताको विकल्प बन्न सक्दछ। यो सत्ताको विकल्प नै सम्भव छैन भन्ने प्रचारवाजी भैरहेको बेलामा स्पष्ट विकल्पको चित्र दर्शाउने कुराको पनि ठुलो महत्व छ।

### संयुक्त मोर्चामा पार्टीको स्वतन्त्र भूमिका

संयुक्त मोर्चामा अत्यन्तै उठ्ने गरेको विषय के हो भने संयुक्त मोर्चा बनिसकेपछि सङ्घर्ष र सत्ताका सबै काम संयुक्त मोर्चाबाट नै सञ्चालित हुनु पर्छ। त्यसमा सम्मिलित पार्टीहरूको भूमिकालाई सीमित गरिनु पर्दछ वा पार्टीले त संयुक्त मोर्चाले गरेका निर्णयहरूको व्यवहारिक कार्यान्वयन मात्र गर्ने हो । यसबारे सही जानकारी राख्नका लागि क.माओको यो कथनलाई आत्मसात गर्नु जरुरी छ : “सङ्क्षिप्तमा, हामीले संयुक्त मोर्चालाई फुटाउनु हुँदैन र सँगसँगै हाम्रो हात खुट्टा बाँधिने कुरालाई पनि स्वीकार्नु हुँदैन। त्यसैले, “सबै कुरा संयुक्त मोर्चाबाट” भन्ने नारा अघि सार्नु हुँदैन।.....संयुक्त मोर्चाभित्र हाम्रो नीति हो स्वतन्त्रता र पहल, यस्तो नीति जसमा एकता पनि हुन्छ र स्वतन्त्रता पनि।”५

### हाम्रा प्रयास र उपलब्धिहरू

माथि क्रान्तिकारी संयुक्त मोर्चाका विषयमा चर्चा भैसकेको छ। ठोस रूपमा नेपालकै सन्दर्भमा यसको प्रयोग र विकास भयो कि भएको छैन त ? तत्कालिन ने.क.पा.(माओवादी)को नेतृत्वमा जनयुद्ध अगाडि बढ्दै गएपछि क्रान्तिकारी संयुक्त मोर्चाको भूमिका पनि त्यसैअनुसार बढ्दै गएको थियो । जनयुद्धको विकास हुने क्रममा स्थानीय सत्ताका भ्रुणहरू देखा पर्दै गए। स्थानीय जनसरकारहरू पनि निर्माण हुँदै गएका थिए। ती स्थानीय जनसरकारहरू वास्तवमा क्रान्तिकारी संयुक्त मोर्चाका सरकारहरू थिए। त्यसको नेतृत्व एउटा निश्चित प्रकृयाबाट पार्टीले गर्दथ्यो र जनमुक्ति सेनाले त्यसको सुरक्षामा भूमिका खेल्दथ्यो । देशको भण्डै ८० प्रतिशत भूभागमा जनसरकारले राज्य सञ्चालन गरिरहेको हामी बताउने गर्दथ्यौं । कथित शान्ति सम्झौताका नाममा प्रचण्ड र बाबुरामले क्रान्तिलाई धोका दिएर आत्मसमर्पणको बाटो समातेपछि गरिएको एउटै हस्ताक्षरबाट सबै जनसरकारको विघटन गरिएको थियो। त्यसपछि त अब त्यो ऐतिहासिक उपलब्धि केवल इतिहास बन्न पुगेको छ । तथापि त्यो इतिहास र ती अनुभवहरूले सच्चा कम्युनिस्ट क्रान्तिकारीहरूका लागि क्रान्तिलाई अघि बढाउनका लागि धेरै महत्वपूर्ण शिक्षा र सामग्रीको भूमिका खेल्न सक्दछन्। खेली पनि रहेका छन् ।

तिनै अनुभवबाट शिक्षा लिँदै सच्चा क्रान्तिकारीहरूले फेरि पनि क्रान्तिकारी संयुक्त मोर्चा निर्माणको प्रकृया सुरु गरिसकेका छन् । ने.क.पा. (क्रान्तिकारी माओवादी)को पहलमा २०७३ साल भाद्र २६ र २७ मा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको प्रथम राष्ट्रिय भेला सम्पन्न भयो । उक्त राष्ट्रिय भेलाले क्रान्तिकारी संयुक्त मोर्चाका सम्पूर्ण विचार, सिद्धान्त, नीति र योजनालाई ठिक किसिमले पक्डँदै र प्रष्ट पार्दै देशभक्त जनगणतान्त्रिक मोर्चा (दे.ज.मो.), नेपालको गठन गर्‍यो । क्रान्तिकारीहरूले नेपाली नयाँ जनवादी क्रान्तिको तयारीमा यसलाई एउटा कोशे ढुङ्गाको रूपमा लिएको पाइन्छ।

दे.ज.मो., नेपालले सङ्गठन विस्तार र सङ्घर्षको तयारी र परिचालनलाई प्राथमिकता दिएर अघि बढ्यो । खासगरी राष्ट्रिय स्वाधीनता, जनतन्त्र र जनजीविकाका विषयहरूमाथि आधारित भएर जनसङ्घर्षका कार्यक्रमलाई सापेक्षरूपमा अघि बढाउने कामहरू भए । यसै क्रममा दे.ज.मो., नेपाल जनताका बिचमा स्थापित पनि हुँदै गयो ।

यसै क्रममा, ऐतिहासिक जनआन्दोलन दिवस (चैत्र २४ गते)को अवसर पारेर दे.ज.मो., नेपालको प्रथम राष्ट्रिय सम्मेलन २०७५ साल चैत्र २४ गते काठमाडौंमा विशाल जनप्रदर्शन सहित सम्पन्न गर्ने निर्णय भयो । फागुन ७ देखि २१ सम्म पूर्वी सिमाना काँकडभिट्टाबाट पश्चिम बढ्दै चितवन आइपुग्ने र पश्चिम सिमानाको गड्ढा चौकीबाट पूर्व बढ्दै चितवन नै आइपुग्ने अभियानले सामान्यतया देशैभर र विशेषतः नेपालको दक्षिण र मध्यका एकतिहाई जिल्लामा निकै ठुलो प्रभाव पार्‍यो। चैत्र २४ गते काठमाडौंमा विशाल जनपरिचालनको तयारी गर्नमा यसले महत्वपूर्ण भूमिका खेल्यो । दशौं हजार जनताको उपस्थितिमा सम्पन्न उदघाटन कार्यक्रमले २०४६ सालको जनआन्दोलनको एउटा झल्को दिएको अनुभूति गरिएको थियो । त्यसपछि चैत्र २५ र २६ गतेको बन्द शत्र सहित सम्पन्न राष्ट्रिय सम्मेलनले क्रान्तिकारी संयुक्त मोर्चाले स्पष्ट विचार, सिद्धान्त, नीति, योजना र नेतृत्व आदि विषयमा सही निर्णय लियो । त्यसपछि, जनपरिचालन र जनसङ्घर्षका कार्यक्रमहरूको आयोजना र सञ्चालनमा दे.ज.मो.ले सकृय भूमिका खेल्दै आएको छ। गत चैत्र २४ गते सातैवटा प्रदेशमा आयोजित जनपरिचालन र जनसभाका कार्यक्रमले क्रान्तिकारीहरूमा राम्रो उत्साह पैदा गरेको छ । क्रान्तिकारी संयुक्त मोर्चा, देशभक्त जनगणतान्त्रिक मोर्चा, जनता र राष्ट्रका अगाडि उपस्थित यावत् समस्याहरूको विषयमा सङ्घर्ष गर्दै, सङ्घीय जनगणतन्त्र नेपालको स्थापनाका निमित्त दृढतापूर्वक अघि बढिरहेको छ।

### क्रान्ति सम्भव छ

नेपालमा सञ्चालित नयाँ जनवादी क्रान्तिका विरोधीहरू, प्रतिकृयावादीहरू, धोखेवाजहरू र विश्वासघातीहरू नेपालमा अब क्रान्ति आवश्यक पनि छैन र सम्भव पनि छैन भन्ने भ्रम फिँजाएर नेपाली जनतालाई निरास र कायर बनाउने कसरत गरिरहेका छन् । नेपाल राष्ट्र र नेपाली जनताका समस्या, राष्ट्रिय स्वाधीनता, जनजीविका र जनतन्त्रका समस्या यथावत् छन्। कतिपय अर्थमा ती समस्या झन् विकराल् बन्दै गएका छन्। त्यसैले नेपालमा क्रान्तिको आवश्यकता पहिलेको भन्दा पनि बढेको छ। २०७५ साल चैत्र २४ गतेको जनप्रदर्शन, नीजि गुठी विधेयकको विरोधमा भएको जनआन्दोलन, प्रतिकृयावादी सरकारले गरेका जनविरोधी निर्णयका विरोधमा भएका एक प्रकारका स्वतः स्फूर्त जनप्रदर्शनहरू नेपालको आफ्नो भूभाग समेटिएको नक्शा, एम्.सी.सी. सम्झौताको विरोधमा भएका जनसहभागिताले के स्पष्ट पार्दछन् भने जनता फेरि पनि सङ्घर्षमा उत्रन तयार छन् । जनता यतिखेर क्रान्तिको नेतृत्व गर्न सक्षम पार्टीको खोजीमा छन्। जनताले भरपर्दो क्रान्तिकारी विकल्पको खोजी गरिरहेका छन्। ने.क.पा. (क्रान्तिकारी माओवादी), देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल नै त्यसप्रकारको विकल्प बन्न सक्छन् र बन्नु पर्छ। क्रान्तिका तीन साधनको तयारी भैरहेको छ। क्रान्ति कसैको रहर वा लहड होइन। यो त राष्ट्रको र जनताको आवश्यकताले पैदा गर्ने चिज हो। त्यसैले क्रान्ति सम्भव छ।

*२०७८/१/४*

# व्यवस्थाको विकल्प आजको आवश्यक्ता



**क. राम सिंह श्रीस**
*स्थायी समिति सदस्य, नेकपा (क्रान्तिकारी माओवादी)*

**१. विषय प्रवेश**

प्रधानमन्त्री केपी शर्मा ओलीको मन्त्री परिषद्को सिफारिसमा वि.सं. २०७८ साल जेठ ८ गतेका दिन मध्य रातमा दोस्रो पटक संसद विघटन गरेपछि उत्पन्न राजनीतिक स्थीतिको बारेमा छलफल गर्न २३ दलीय कार्यगत एकताको बैठक बस्यो । बैठकमा तीन प्रकारका अवधारणाहरू अगाडि आए । नेकपा (मसाल) ले अहिले विगठित संसद पुनर्स्थापनाको माग राखेर सङ्घर्ष गर्नु पर्छ भन्ने अवधारणा राख्यो । त्यस्तै नेकपा (माले)बाट संसदको पुनर्स्थापनाले पनि देशको विध्यमान समस्याहरू समाधान हुन सक्दैनन्, त्यसकारण ताजा जनादेशको लागि निर्वाचनमा जानु पर्छ भन्ने अवधारणा राख्ने काम भयो । तर नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी), का. विप्लवले नेतृत्व गरेको नेकपा, का. ऋषि कट्टेलले नेतृत्व गरेको नेकपालगायत अधिकांश पार्टी तथा सङ्गठनहरूले विघटिट संसदको पुनर्स्थापना र यही संसदीय व्यवस्था भित्र हुने नयाँ निर्वाचनले देशको विध्यमान समस्याहरूको समाधान हुन सक्दैन । त्यसकारण अब हामी व्यवस्थाकै विकल्प लिएर सङ्घर्षमा जानु पर्छ भन्ने अवधारण राखे । अन्त्ययमा यो २३ दलीय कार्यगत एकतालाई कायम राख्दै समान प्रकारका धरणा भएका पार्टी तथा सङ्गठनहरूले अलग मोर्चा वा कार्यगत एकता गर्न सकिने सहमती भयो । त्यही सहमतीको आधारमा वि.सं. २०७८ साल जेठ १४ गते १४ राजनीतिक दल तथा सङ्गठनहरूको बैठक बस्यो र यो संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवाद/वैज्ञानिक समाजवाद राखेर आन्दोलन गर्ने सहमती भएको छ ।

**२. संसदीय व्यवस्थाको विकल्पका सम्बन्धमा**

सामान्तवादको अन्त्य र पुँजीवादको विकासको क्रममा नै संसदीय व्यवस्थाको उत्पत्ती भएको थियो । पुँजीवादी व्यवस्थाको विभिन्न मोडेलहरू मध्य संसदीय व्यवस्था एउटा मोडेल हो । संसदीय व्यवस्थाको आधुनिक अवधारणा ग्रेट ब्रिटेनमा सन् १७०७ देखि सन् १८०० सम्ममा विकास भएको मानिन्छ । प्रजातन्त्र र सामन्तको जतिसुकै चर्का कुरा गरेपनि संसदीय व्यवस्था पुँजीपति वर्गको अधिनायकत्व भएको व्यवस्था हो र त्यो व्यवस्थाले सर्वहारा वर्गलगायत आम श्रमिक जनताको पक्षमा काम गर्न सक्दैन । त्यसैले पुँजीवादी व्यवस्था जसमा संसदीय व्यवस्था पनि पर्छ, त्यसको विकल्पमा नयाँ व्यवस्थाको खोजी हुन थाल्यो । सन् १८४८ मा कम्युनिस्ट घोषणापत्र तयार भएपछि पुँजीवादी व्यवस्थाको विकल्पमा वैज्ञानिक समाजवादी व्यस्था अगाडि सारियो । यो वैज्ञानिक समाजवादी व्यवस्था प्राप्त गर्ने बाटोको बारेमा पनि घोषणापत्रमा स्पस्ट पारियो । कम्युनिस्ट घोषणापत्रमा भनिएको छ "कम्युनिस्टहरू आफ्ना दृष्टिकोण र उद्धेश्यहरूलाई लुकाउनु घृणास्पद कार्य ठान्दछन् । उनीहरू खुलम खुल्ला के घोषणा गर्छन् भने सम्पूर्ण वर्तमान समाजिक व्यवस्थालाई बलपुर्वक भताभुङ्ग गरेर मात्र उनीहरूको उद्धेश्य पुर्ती हुन सक्छ ।" यसरी मार्क्स र एङ्गेल्सले बल प्रयोगको सिद्धान्तबाट मात्र समाजवादी व्यवस्था स्थापना गर्न सकिन्छ भन्ने कुरा उक्त घोषणापत्रमा प्रस्ट पार्नुभएको छ । पुँजीवादी व्यस्थाको विकल्पमा बैज्ञानिक समाजवादी व्यवस्था अगाडि सारेपछि संसारभरिका सर्वहारा तथा मेहनत जनताहरू समाजवादी व्यवस्था स्थापनाको लागि सङ्घर्षमा उत्रे । सर्वप्रथम सन् १८७१ मा फ्रान्सको पेरिसमा मजदुर हरूले सशस्त्र विद्रोहद्वारा प्रतिक्रियावादी व्यवस्थालाई ध्वस्त पारेर समाजवादी सत्ता स्थापना गरे, जसलाई पेरिस कम्युन भनिन्छ । यो पेरिस कम्युन सन् १८७१ को १८ मार्चदेखि २८ मे सम्म सत्तामा रहन सक्यो । तर पनि समाजवादी व्यवस्थाको लागि आन्दोलन संसारभर अरू तीब्र रूपमा विकास हुँदै गयो ।

'नेपाल कम्युनिष्ट पार्टीले वि.सं. २०१० मा सम्पन्न प्रथम महाधिवेशनदेखि नै एक प्रकारले नयाँ जनवादी क्रान्तिको नारालाई छोड्दै गयो । वि.सं. २०२५ देखि नयाँ जनवादको पक्षमा आवाज उठाउँदै आएका विभिन्न कम्युनिस्ट तथा बामपन्थी घटक मध्य नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) लगायतले संसदीय व्यवस्थाको विकल्पमा अगाडि सारिएको नयाँ जनवादी व्यवस्थाको नारालाई छोडे । खास गरेर नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र)को जनवादी आन्दोलनप्रतिको गद्दारीले यो संसदीय व्यवस्था टिकिरहनलाई ठूलो भूमिका खेल्यो ।'

अन्त्यमा लेलिनले नेतृत्व गरेको सोभियत सङ्घको कम्युनिस्ट पार्टी (बोल्सेभिक) को नेतृत्वमा सन् १९१७ को अक्टोवरमा त्यहाँ समाजवादी क्रान्ति भयो । जुन क्रान्तिलाई महान् अक्टोवर समाजवादी क्रान्ति भनिन्छ । मानव इतिहासमा यो क्रान्ति नयाँ युगको प्रारम्भ थियो । यो क्रान्तिको प्रभाव विश्वव्यापी रूपमा पऱ्यो । विकसित पुँजीवादी देशहरूमा मात्र होइन कि सामन्ती तथा अर्ध-सामन्ती व्यवस्था भएका देशहरूमा पनि पुँजीवादी संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवाद हुँदै समाजवादी व्यवस्था कायम गर्नका लागि सङ्घर्षहरू भए । सन् १९४९मा चीनमा जनवादी क्रान्ति सम्पन्न भयो । नयाँ जनवादी व्यवस्था र वैज्ञानिक समाजवादी व्यवस्थाले साँच्चिकै सर्वहारा वर्ग र आम श्रमिक जनताको पक्षमा काम गर्दो रहेछ भन्ने कुरा व्यवहारतः प्रमाणित भयो । यसरी ऐतिहासिक दृष्टिकोणबाट हेर्दा आजभन्दा १७३ वर्ष

अगाडि सन् १८४८ (वि.क १९०५), जुनबेला नेपालमा जङ्गबहादुर राणा सत्तामा आएका थिए, त्यो बेलादेखि नै यो पुँजीवादी संसदीय व्यवस्थाको विकल्पमा समाजवादी व्यवस्था अगाडि सारिएको थियो ।

### ३. नेपालमा संसदीय व्यवस्थाको विकल्प

नेपालमा जब जहानिया राणा शासनको विरुद्धको सङ्घर्षले उच्चतम रूप लिँदै गयो, त्यतिबेलादेखि नै राणा शासनको विकल्पमा दुई प्रकारको विकल्प अगाडि सारिएको पाइन्छ । नेपाली काङ्ग्रेसले राजा सहीतको संसदीय व्यवस्थाको विकल्प अगाडि सारेको थियो भने नेपाल कम्युनिस्ट पार्टीले आफ्नो स्थपना काल (वि.सं.२००६)देखि नै संसदीय व्यवस्था होइन नयाँ जनवादी व्यवस्थालाई विकल्पको रूपमा अगाडि सारेको थियो । नेकपाको पहिलो पर्चा (वि.सं. २००६साल बैशाख १० गते) मा भनिएको छ "वास्तवमा नेपालका यस्ता समस्त प्रजातान्त्रिक शक्तिहरूलाई एकताबद्ध गर्ने क्षमता क्रान्तिकारी समितिहरूमा हुनु पर्दछ, जो राणाशाहीलाई ध्वंश गरेर पनि अबिराम गतिले समाजवाद र साम्यवादी क्रान्तितिर लम्कियोस् ।" (पुष्पलालका छानिएका रचानाहरू भाग १ पृष्ट ५०) यो कुरालाई अरू मुर्त रूप दिँदै पार्टीको पहिलो घोषणापत्र (२००६ भाद्र १०) मा भनिएको छ । "त्यसैले नेपाली जनताले एउटा भिन्दै बाटो लिनु पर्दछ । त्यो बाटो हो, विश्व जनवादी शिविरसित सकृय मेल गरि विध्यमान सामन्ती व्यवस्था र नेपालमाथिको साम्राज्यवादी-पुँजीवादी आधिपत्यलाई पुरै सित खत्तम पार्नु र मजदुर वर्गको नेतृत्वमा मेहनतकस जनताको जनवादी राज्यसत्ता स्थापना गर्नु ।"(उही पृष्ठ ५९) उपरोक्त भनाईहरूबाट २००६ देखि नै संसदीय व्यवस्थाको विकल्पमा जनवादी व्यवस्थालाई अगाडि सारिएको थियो भन्ने कुरा पुष्टी हुन्छ । तर यस नारालाई निरन्तर रूपमा एउटा उचाईमा उठाउने कुरामा तत्कालिन नेकपाको नेतृत्व चुकेको देखिन्छ । यतिसम्म कि कम्युनिस्ट पार्टीको महामन्त्री केशरजङ्ग रायमाझी र उनको मन्डलीले त राजा महेन्द्रको पञ्चायती व्यवस्थालाई नै समर्थन गर्न पुगे ।

वि.सं. २०२५ मा का. पुष्पलालले गोरखपुर सम्मेलन गरेर आधिकारिक रूपमा पञ्चायती व्यवस्थाको विकल्प संसदीय व्यवस्था होइन नयाँ जनवादी व्यवस्थाको स्थपनाको लागि नै सङ्घर्ष गर्ने राजनीतिक कार्यदिशा अगाडि सार्नुभयो । त्यसपछि मोहनविक्रम सिंह र निर्मल लामाको पहलमा बनेको नेकपा केन्द्रीय न्युक्लस (२०२८) बाट सुरु भएको चौ.म, झापा विद्रोह (२०२८) बाट सुरु भएर को.के हुँदै बनेको नेकपा (माले) लगायत अन्य कयौं बामपन्थी पार्टी तथा सङ्गठनहरूले पञ्चायती व्यवस्थाको विकल्पमा नयाँ जनवादी व्यवस्थालाई नै अगाडि सारेका थिए । तर २०४६ सालमा आएर नेकपा (माले), नेकपा (पुष्पलाल समुह) लगायत कैयौं बामपन्थी पार्टीहरूले नयाँ जनवादी क्रान्तिको नारा छोडेर नेपाली काङ्ग्रेसको बहुदलीय व्यवस्थाको स्थपनाको नारालाई समर्थन गर्न पुगे । वि.सं. २०४७ मा नेकपा (माले), नेकपा (मनमोहन समुह) र नेकपा (पुष्पलाल समुह) मिलेर नेकपा एमाले बनाए र जनताको बहुदलीय जनवादको कार्यक्रम पास गरे । जुन प्रकारान्तरले संसदीय व्यवस्था नै थियो । यो घटनाले नेपालको जनवादी आन्दोलनमा ठुलो क्षति पुऱ्यायो । यसरी एउटा हिस्सा नयाँ जनवादी क्रान्तिको कार्यक्रमलाई छोडेर गएपनि तत्कालिन नेकपा (मसाल) र नेकपा (मशाल) लगायत केही बामपन्थी पार्टीहरूले संयुक्त राष्ट्रिय जनआन्दोलन गठन गरेर पञ्चायती व्यवस्थाको विकल्पमा नयाँ जनवादी व्यवस्थालाई आगाडि सारेर सङ्घर्ष गरेका थिए ।

वि.सं. २०५२ मा त नेकपा (माओवादी)ले नयाँ जनवादी व्यवस्थाको स्थापनालाई लक्ष्य राखेर जनयुद्ध सुरु गऱ्यो । तर २०६३ मा आएर यो पार्टीको मुल नेतृत्व प्रचण्ड र बाबुरामहरूले संसदीय व्यवस्थालाई समर्थन गर्न पुगे । तैपनि प्रचण्ड बाबुरामको नेतृत्वबाट विद्रोह गरेर त्यहाँबाट एउटा ठूलो शक्ति नयाँ जनवादी क्रान्तिको पक्षमा अगाडि बढ्यो । यसरी अहिले नेपालमा संसदीय व्यवस्थाको विकल्पमा नयाँ जनवादी व्यवस्था/वैज्ञानिक समाजवादलाई लिएर आन्दोलन चलिरहेको छ ।

> संसदीय व्यवस्था र नयाँ जनवादी व्यवस्थाको बिचमा सबभन्दा ठूलो अन्तर भनेको नेतृत्व र अधिनायकत्व हो । संसदीय व्यवस्थामा नेतृत्व र अधिनायकत्व दुवै पुँजीपति वर्गको हुन्छ । जब कि नयाँ जनवादी व्यवस्थामा नेतृत्व सर्वहारा वर्गको र अधिनायकत्व उत्पीडित वर्ग तथा आम जनसमुदायको हुन्छ । अहिलेसम्म नेपालको राज्यसत्तामा दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको नेतृत्व छ र अधिनायकत्व पनि उनीहरूकै छ । यसै कारणले गर्दा २००७ देखि अहिलेसम्म राजनीतिक पर्टी तथा व्यक्तिहरू परिवर्तन भए पनि तिनै शोसक वर्गको हितमा काम भइरहेको छ । उत्पीडित वर्ग र जनसमुदायको हितमा खासै काम भएको छैन ।

### ४.नयाँ जनवादी व्यवस्था स्थापना हुन नसक्नुको कारण

कम्युनिस्ट पार्टी स्थापनाको समयदेखि नै नयाँ जनवादी व्यवस्थाको राजनीतिक कार्यदिशा अपनाए पनि अहिलेसम्म स्थापना हुन नसक्नुमा आन्तरिक तथा वाह्य थुप्रै कारणहरू छन् । तर मुख्य कारण आन्तरिक नै हो । संसदीय व्यवस्थाले पुँजीपति वर्गको स्वार्थको प्रतिनिधित्व गर्दछ । नेपालको अहिलेको सन्धर्भमा यो व्यवस्थाले दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको स्वार्थको प्रतिनिधित्व गर्दछ । त्यसकारण यी वर्गहरू र यिनका दलालहरूले यही व्यवस्थालाई टिकाई राख्न भरमग्दुर प्रयत्न गर्छन् र गरिरहेका छन् । तर उनीहरूको प्रयासले मात्र यो संसदीय व्यवस्था टिकेको होइन । वास्तविकता यो हो कि जस्ले आफुलाई मजदुर किसानहरूको प्रतिनिधित्व गर्ने कम्युनिस्ट पार्टी भनेर दावा गर्छन् र वैज्ञानिक समाजवादको स्थापनालाई आफ्नो लक्ष्य भन्दछन् ती पार्टीहरू मध्यबाटै यो वा त्यो बाहानामा संसदीय व्यवस्थालाई नै अँगाल्न पुगेको हुनाले यो संसदीय व्यवस्था कायम रहिरहेको छ । जस्तो नेपाल कम्युनिष्ट पार्टीले वि.सं. २०१० मा सम्पन्न प्रथम महाधिवेशनदेखि नै एक प्रकारले नयाँ जनवादी क्रान्तिको नारालाई छोड्दै गयो । वि.सं. २०२५ देखि नयाँ जनवादको पक्षमा आवाज उठाउँदै आएका विभिन्न कम्युनिस्ट तथा बामपन्थी घटक मध्य नेकपा (एमाले), नेकपा (माओवादी केन्द्र) लगायतले संसदीय व्यवस्थाको विकल्पमा अगाडि सारिएको नयाँ जनवादी व्यवस्थाको नारालाई छोडे । खास गरेर नेकपा

(एमाले) र नेकपा (माओवादी केन्द्र)को जनवादी आन्दोलनप्रतिको गद्दारीले यो संसदीय व्यवस्था टिकिरहनलाई ठूलो भूमिका खेल्यो ।

**५. अब कसरी अगाडि बढ्ने**

वि.सं. २०४६ सालदेखि अहिलेसम्मको यो संसदीय व्यवस्थाको अभ्यासबाट वाक्क भएर अब जनता पनि यो व्यवस्थाको विकल्प खोज्नुपर्छ भन्न थालेका छन् । स्वयम् अहिलेको सत्तासिन वर्ग तथा त्यसका दलालहरूले पनि यदि हामीले आफ्नो व्यवहारमा सुधार ल्याउन सकिएन भने अब जनता व्यवस्थाकै विकल्पमा जान्छन् भनेर चिन्ता गरेको पनि पाइन्छ । यस्तो अवस्था आउनु भनेको सकरात्मक कुरा हो । तर जनतामा अझै पनि प्रसस्त भ्रमहरू छन् र ती भ्रमहरू निम्नअनुसार अभिव्यक्त भएको पाइन्छ ।

क) राजावादीहरूले सुरुदेखि नै यो संसदीय व्यवस्थाको विरोध गरे तर यसको ठाउँमा राजतन्त्र ल्याउने कुरा गर्छन् । राजाको प्रत्यक्ष शासन ल्याउन नसके पनि राजासहीतको संसदीय व्यवस्था ल्याउने प्रयासमा छन् । इतिहासको पाङ्ग्रा पछाडि फर्किन्न । फर्काउन प्रयत्न गरे पनि असफल हुन्छ । यस्तो प्रकारको प्रतिगामी कदमले अहिलेको समस्याको अग्रगामी समाधान दिन सक्दैन । यस प्रकारका प्रतिगामी विचारको सशक्त रूपमा खण्डन गर्न जरुरी छ ।

ख) केही मान्छेहरूले प्रत्यक्ष राष्ट्रपति प्रणाली ल्याउनु पर्छ भन्दछन् । यो पनि समस्या समाधानको सही निकास होइन । मुख्य कुरा अधिनायकत्वको प्रश्न हो । जबसम्म राज्य सत्तामा दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको अधिनायकत्व रहन्छ, त्यती बेलासम्म प्रत्यक्ष वा अप्रत्यक्ष, कार्यकारी वा सेरोमोनियल राष्ट्रपति जे भए पनि तात्विक अन्तर पर्दैन । त्यसले सर्वहारा वर्गलगायत आम श्रमिक जनताको पक्षमा काम गर्न सक्दैन । त्यस कारण यस प्रकारको व्यवस्थाले पनि सही निकास दिन सक्दैन ।

ग) कसैले नयाँ पिँढि ल्याएपछि अहिलेको समस्याको समधान हुन सक्छ भन्छन् । प्रश्न नयाँ पिँढि र पुरानो पिँढिको होइन । प्रश्न दर्शन, विचार, दृष्टिकोण, राजनीति र कार्यक्रमको हो । भौतिक शरीर युवा भए पनि पुराना सढेगलेको सामन्ती तथा पुँजीवादी विचारलाई आदर्श मानेर अगाडि बढ्न खोज्छ भने त्यसले समस्याको सही समाधान गर्न सक्दैन । मुख्य कुरा दृष्टिकोण हो । वैज्ञानिक दृष्टिकोणको आधारमा युवा, प्रौढ र वृद्धहरूको समयोजन भएको नेतृत्व नै सही हुन्छ ।

घ) सङ्घीयता हटाए समस्याको समाधान हुन्छ भन्ने विचारहरू पनि पाइन्छ । नेपालमा नाम मात्रको भए पनि सङ्घीयता लागु भएको केही वर्ष मात्र भएको छ । यस भन्दा अगाडि लामो समयसम्म देशमा केन्द्रीकृत एकात्मक प्रणाली नै थियो, सङ्घीयता थिएन । तर जनताका समस्याहरू झन् पछि झन् विकराल बन्दै आए । त्यसैले सङ्घीयता हटाएर अहिले समस्याको समाधान हुने होइन ।

ङ) पार्टीहरू असफल भए अब शासनसत्ता सेनालाई दिनु पर्छ भन्ने विचारहरू पनि फाट्फुट् आएको पाइन्छ । यस प्रकारको विचार झन् घातक विचार हो, जनविरोधी विचार हो । जनताको अधिकारहरू खोसेर सेनालाई अधिकार दिएर कहीँ पनि समस्याको समाधान भएको छैन । त्यस कारणले यस प्रकारको जनविरोधी विचारले देश र जनताको समस्याको समाधान हुँदैन ।

च) यहाँ यी माथि उल्लेखित विचारहरू भन्दा फरक प्रकारको विचारहरू पनि पाइन्छ । त्यो भनेको नयाँ जनवादी क्रान्ति सम्पन्न भैसक्यो अब शान्तिपूर्ण तरिकाले नै समाजवादी व्यवस्था स्थापना गर्न सकिन्छ र गर्नुपर्छ । आर्थिक विकास र समृद्धि गरेर समाजवादमा पुगिन्छ । यस प्रकारको विचार सबभन्दा खतरनाक छ । यस प्रकारको दृष्टिकोणले समाजवादी व्यवस्था स्थपना गर्न सक्दैन । यो झुटको खेती मात्रै हो । समाजवादको ललिपप देखाएर पुँजीवादी संसदीय व्यवस्थालाई मलजल गर्ने नियत हो । यस प्रकारको खेती अहिले मुख्य त एमाले र माओवादी केन्द्रले गरिरहेका छन् । यिनका सारा भ्रमहरूलाई चिरफार गरेर मात्र अगाडि बढ्न सकिन्छ ।

छ) संसदीय व्यवस्था र नयाँ जनवादी व्यवस्थाको बिचमा सबभन्दा ठूलो अन्तर भनेको नेतृत्व र अधिनायकत्व हो । संसदीय व्यवस्थामा नेतृत्व र अधिनायकत्व दुवै पुँजीपति वर्गको हुन्छ । जब कि नयाँ जनवादी व्यवस्थामा नेतृत्व सर्वहारा वर्गको र अधिनायकत्व उत्पीडित वर्ग तथा आम जनसमुदायको हुन्छ । अहिलेसम्म नेपालको राज्यसत्तामा दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको नेतृत्व छ र अधिनायकत्व पनि उनीहरूकै छ । यसै कारणले गर्दा २००७ देखि अहिलेसम्म राजनीतिक पर्टी तथा व्यक्तिहरू परिवर्तन भए पनि तिनै शोसक वर्गको हितमा काम भइरहेको छ । उत्पीडित वर्ग र जनसमुदायको हितमा खासै काम भएको छैन ।

एउटा महत्वपुर्ण कुरा यो छ कि एमाले र माओवादी केन्द्रले आफुलाई कम्युनिस्ट पार्टी भने पनि उनीहरू उत्पीडित वर्ग र जन समुदायको प्रतिनिधित्व गर्दैनन् । सामन्त दाललहरूको नै प्रतिनिधित्व गर्दछन् भन्ने कुरा उनीहरूकै व्यवहारबाट पुष्टी भैसकेको छ । त्यस कारण हालको दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गको अधिनायकत्व भएको व्यवस्थालाई ध्वंस गरेर सर्वहारा वर्गको नेतृत्व र उत्पीडित वर्ग तथा आम जनसमुदायको संयुक्त अधिनायकत्व भएको व्यवस्था स्थापना गर्नका लागि अगाडि बढ्नु नै अहिलेको सही राजनीतिक कार्यदिशा हो । यही व्यवस्था भित्र पार्टी वा व्यक्तिको परिवर्तनले नेपाली जनताको समस्या र समाधान हुँदैन भन्ने कुरा व्यवहारले पुष्टी भएको छ । अब ढिला नगरी जनवादी क्रान्तिको दिशामा अगाडि बढौं ।

२०७८ असार १

हामीले देख्दै आएका छौं कि श्रमिक वर्गको जनतन्त्रको लडाईंको विजयमा क्रान्तिको पहिलो कदम सर्वहारा वर्गलाई शासक वर्गको स्थानमा उठाउनु नै हो ।

**– कम्युनिस्ट घोषणा पत्र**

# वर्तमान देउवा सरकार : सिक्काको अर्को पाटो मात्र



क. परि थापा
*महासचिव, दे.ज.मो*

नेपालको संविधान-२०७२ अनुसार नेपाली राज्यको औपचारिक नाम 'सङ्घीय लोकतान्त्रिक गणतन्त्र, नेपाल' रहन गएको छ । त्यसरी सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको संवैधानिक प्रत्याभूति भएपछि सम्पन्न भएको प्रथम आमचुनावमा तात्कालिन नेपाल कम्युनिस्ट पार्टी (एमाले) र नेपाल कम्युनिस्ट पार्टी (माओवादी केन्द्र) को गठबन्धनले संयुक्त चुनावी घोषणापत्र मार्फत् निर्वाचन लडेर दुई तिहाई नजिकको बहुत हासिल गर्न सफल भएको थियो । त्यस प्रकारको निर्वाचन परिणाम प्राप्त भएको फलस्वरूप केपी ओलीको नेतृत्वमा ती दुई पार्टीहरूको गठबन्धन सरकार बनेको थियो । केही समय पश्चात ती दुई पार्टीहरूका बिचमा पार्टी एकता कायम भएर नेपाल कम्युनिस्ट पार्टी (नेकपा) गठन भएको थियो । त्यो पार्टी एकताको परिणाम स्वरूप उक्त गठबन्धन सरकार एकल बहुमतीय सरकारमा परिणत भएको थियो । केपी ओलीको नेतृत्वमा रहेको नेकपाको सरकारलाई देशको समग्र बहुआयामिक विकासको लागि विस्तृतरूपमा नीतिगत र कार्यक्रमिक खाका (ब्लुप्रिन्ट) तयार गरेर योजनावद्ध ढङ्गले अगाडि बढ्नका लागि निकै राम्रो सुअवसर प्राप्त भएको थियो । तर ओली आफैले अर्थशास्त्री डा. डिल्लीराज खनालको संयोजकत्वमा गठन गरेको सार्वजनिक खर्च पुनरावलोकन आयोगले दिएको प्रतिवेदनलाई समेत कार्यान्वयन नगरेर वर्तमान राज्य संयन्त्रलाई परिवर्तित राजनीतिक व्यवस्था अनुरूप रूपान्तरण गर्नेतर्फ घोर अनिच्छा देखाएका थिए ।

> 'नेपालमा पुँजीवादको पनि विकृत रूप मानिएको नवउदारवादलाई अन्धाधुन्ध तरिकाले अँगाल्ने र कार्यान्वयन गर्ने काम पञ्चायती व्यबस्थाको अवसान र बहुदलीय शासन व्यबस्थाको स्थापना भएपछि पहिलो पटक सत्तामा आएको नेपाली काङ्ग्रेसको सरकारले गरेको थियो । जसको परिणाम स्वरूप नेपालका मित्र देशहरूले अनुदान सहयोगमा निर्माण गरिदिएका महत्वपूर्ण सरकारी उद्योगहरू निजीकरणका नाममा कौडीको भाउमा बेचेर धराशायी बनाउने अभियानको शुरूवात भएको थियो । पछि नेकपा (एमाले)को अल्पमतको सरकार बनेको समयमा छनौटपूर्ण निजीकरण (सेलेक्टिभ प्राईभेटाईजेशन)को नीति ल्याएर प्रकारान्तरले निजीकरणको नीतिलाई नै समर्थन गर्ने एवम् अपनाउने काम गरेको थियो ।'

ओली प्रधानमन्त्री नियुक्त भएपछि देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको एक उच्च स्तरीय प्रतिनिधिमण्डलले भेट गरेर ज्ञापनपत्र प्रस्तुत गरेको थियो । उक्त ज्ञापनपत्रमा राणाकालदेखि अहिलेसम्म सत्तासिन भएका पार्टी एवम् व्यक्तिहरूले राष्ट्रघात, जनघात, भ्रष्टाचार र नतावाद एवम् कृपावादको पक्षपोषण गरेका कारण देश वर्तमान अवस्थाबाट गुज्रनु परेकाले अब 'देश र जनताको सर्वतोमुखी र बहुआयामिक विकासलाई अगाडि बढाउनका निम्ति नेपालको राष्ट्रिय सुरक्षा (नेशनल सेक्युरिटी) को खाका (ब्लु प्रिन्ट) तयार पारियोस् र देशको समग्र प्राकृतिक श्रोत र मानवीय संशाधनलाई योजनावद्ध ढङ्गले अधिकतमरूपमा प्रयोग गरि विकसित र सम्वृद्ध राष्ट्र निर्माणको आयोजना तयार पारियोस् ।' भन्ने उल्लेख गरिएको थियो । त्यसको प्रत्युत्तर स्वरूप ओलीले ज्ञापनपत्रमा उल्लेख भएका कुराहरू जायज भएको र आफुले राम्ररी अध्ययन गर्ने एवम् ती विषयहरूका सम्बन्धमा आगामी दिनमा यसरी ज्ञापनपत्र बुझाउन आइरहन नपर्ने बताएका थिए । तर ओलीको भनाई र काम गराईको तरिका ठिक उल्टो हुन गएको मात्र होइन बरू त्यो द्रुत गतिमा विपरीत दिशामा अगाडि बढ्दै गयो । वास्तविकता के हो भने केपी ओलीको नेतृत्वमा सरकार बनेपछि दलाल पुँजीवाद झन् हावी हुँदै गयो र ओली सरकारले दलाल पुँजीपति वर्गसित प्रत्यक्षरूपमा साँठगाँठ कायम मात्र गरेको होइन बरू खुलेयामरूपमा तिनीहरूको बलियो पक्षपाति र संरक्षक समेत रहँदै आयो । त्यस प्रकारको भूमिका निर्वाह गर्ने सन्दर्भमा स्वयम् प्रधानमन्त्री केपी ओली अग्रपङ्क्तिमा उभिँदै आएका थिए । त्यसको प्रत्यक्ष उदाहरणहरूका रूपमा यति होल्डिङ्गसको हितको लागि कानुन समेत संशोधन गरेर गरेका निर्णयहरू र ओम्नी समुहलगायतसँग कायम रहेको साँठगाँठका तथ्य एवम् प्रमाणहरूले स्पष्ट पारेका छन् । पार्टीको विशेष बैठकहरू दलाल र बिचौलिया भनेर चिनिएका व्यापारीहरूका घर-घरमा आयोजना हुने कुरो त सामान्य जस्तै रहेको थियो । ओलीकै चाहनामा विचौलियाका रूपमा चर्चित रहेका र विवादित छवि भएका सुशील भट्ट लगानी बोर्डको प्रमुख कार्यकारी अधिकृत (सीईओ)को पदमा नियुक्त भएका थिए ।

ओलीले 'आफुले पनि भ्रष्टाचार नगर्ने र अरूलाई पनि भ्रष्टाचार गर्न नदिने' र 'भ्रष्टाचारप्रति शून्य सहनशिलता अपनाउने' जस्ता अभिव्यक्ति दिने गरेका थिए । तर देशमा घट्न गएका ठूला र चर्चित भ्रष्टाचारका काण्डहरूमा ओली निकट एवम् उनका विश्वासपात्र रहेका भनिएका पार्टीका नेता र

सरकारका मन्त्रीहरू रहेका थिए । परिणाम स्वरूप राज्यमा विगतदेखि नै नीतिगत र संस्थागत रूपमा जरा गाड्दै आएको भ्रष्टाचारले थप पकड जमाउँदै गयो । नेपाल वायुसेवा निगमको वाईडबडी जाहाज खरिद प्रकरणमा तत्कालिन पर्यटन तथा नागरिक उड्डयन मन्त्री रविन्द्र अधिकारी (दिवंगत)को संलग्नता रहेको भनिएको थियो । तत्सम्बन्धमा संसदको सार्वजनिक लेखा समितिले समेत छानविन गरेर करडौं भ्रष्टाचार भएको ठहर गरेपछि अख्तियार दुरूपयोग अनुसन्धान आयोगलाई थप छानविन र कारवाही अगाडि बढाउन सिफारिस गरेको थियो । तर ओलीले त्यो काण्डलाई ढाकछोप पार्ने कुत्सित उद्देश्य राखेर एउटा कथित तीन सदस्यीय छानविन आयोग गठन गरेका थिए । सोही कारणले गर्दा उक्त आयोगमा रहेका व्यक्तिहरूलाई नियुक्तिपत्र समेत नदिएर बेइज्जतीपूर्ण ढङ्गले पङ्गु सावित हुने अवस्थामा पुऱ्याएका थिए । यो देशको प्रधानमन्त्रीको रूपमा ओलीको एक हद दर्जाको नालायकिपन थियो ।

नेकपा (एमाले)का उपमहासचिव रहेका विष्णु पौडेलले चर्चित भूमाफिया भनिएका शोभाकान्त ढकाल, जो सो पार्टीका केन्द्रीय अनुशासन आयोगका सदस्य समेत रहेको बताइएको थियो, सँगको साँठगाँठ मार्फत् प्रधानमन्त्री निवास, बालुवाटार (ललिता निवास) अन्तर्गतको जग्गा हत्याएर बेचबिखन गर्ने कार्यमा महत्वपूर्ण भूमिका खेले वापत उनको छोरा नवीन पौडेलको स्वामित्वमा रहने गरि जग्गा प्राप्त गरेको भन्ने कुरो जगजाहेर भएको थियो । तर सरकारका तर्फबाट उक्त जग्गा सम्बन्धी भ्रष्टाचार मुद्दामा कारवाही चलाउने क्रममा पौडेल सहित सर्वोच्च अदालतका न्यायाधीश कुमार रेग्मी समेतलाई कथित जग्गा फिर्ता गराउने नाटक रचेर उन्मुक्ति दिने काम भएको थियो । तत्कालिन सूचना तथा सन्चार मन्त्री एवम् सरकारका प्रवक्ता समेत रहेका गोकुल बाँस्कोटाले सुरक्षण प्रेस (सेक्युरिटी प्रेस) खरिद प्रकृयामा करोडौंको कमिशन प्राप्त गर्ने सम्बन्धमा विचौलिया व्यक्तिसँग भएको टेलीफोन संवादको रेकर्ड (भ्वाईस रेकर्ड) सार्वजनिक भएपछि 'नैतिकतताका आधारमा' पदबाट राजिनामा दिन वाध्य भएका थिए ।

त्यसै गरि उपप्रधान तथा रक्षामन्त्री एवम् कोरोना रोकथाम तथा नियन्त्रण उच्च स्तरीय समन्वय समितिका संयोजक समेत रहेका ईश्वर पोखरेल र स्वास्थ्य मन्त्री भानुभक्त ढकालको मिलेमतोमा व्यापक कमिशन प्राप्त गर्ने योजना अन्तर्गत ओम्नी ग्रुप नामक विचौलिया व्यापारिक कम्पनीसँग साँठगाँठ गरेर कोरोना महामारी सम्बन्धी र गुणस्तरहिन स्वास्थ्य सामग्री महङ्गो मूल्यमा खरिद गरेको जगजाहेर भएको थियो । सो ओम्नी समुहको मालिक प्रधानमन्त्री ओलीका सूचना तथा सन्चार प्रविधि (आईसीटी) सम्बन्धी प्रमुख सल्लाहकार रहेको समेत खुल्न आएको थियो । पछि उक्त काण्डमा रचिएको गलत चलखेलबाट छुटकारा पाउनका निम्ति स्वास्थ्य सामग्री खरिदको जिम्मा नेपाली सेनालाई दिइएको थियो र आफ्नो कार्यक्षेत्र बाहिरको कामको जिम्मा लिएकोमा सेनाको व्यापक आलोचना भएको थियो भने त्यसमा अनियमितता भएको आरोप पनि लागेको थियो । तर ओली स्वयम्ले उपर्युक्त सबै भ्रष्टाचार काण्डमा मुछिएका आरोपित व्यक्तिहरूलाई छानविनको दायरामा ल्याएर आवश्यक कानुनी कारवाही अगाडि बढाउन मार्ग प्रशस्त गर्नुको सट्टा त्यसका विपरित उनीहरू निर्दोष रहेको दावी प्रस्तुत गर्दै प्रकारान्तरले त्यस्ता तत्वहरूलाई संरक्षकत्व एवम् अभिभावकत्व प्रदान गर्दै आएका थिए । त्यसले देशमा नीतिगत एवम् संस्थागत रूपमा झाङ्गिदै गएको भ्रष्टाचारप्रतिको उनको कथित विरोध देखावटी र ढोंग मात्रै थियो भन्ने प्रमाणित भएको छ ।

ओलीले आफ्नो नेतृत्वको सरकारको पालमा देशमा भ्रष्टाचार मौलाउँदै गएको, सरकार असक्षम एवम् असफल सावित हुँदै रहेको र लोकप्रियता लगभग शून्य प्रायः अवस्थामा पुगेको, कोरोना महामारिले आक्रान्त पारेर आम जनताको दैनिक जनजीवन समस्याग्रस्त भएको बेलामा आफ्नो सत्ता जोगाउन र स्वार्थपूर्ति गर्न संसद विघटन गर्ने र अध्यादेश जारी गर्ने जस्ता खेल खेलेका थिए । त्यसैगरि अन्य पार्टीको सांसदलाई अपहरण गर्ने कार्यमा संरक्षकत्व प्रदान गरेको गम्भीर आरोप लागेको र पार्टी एवम् सरकारको नेतृत्व त्याग्नु पर्ने जस्तो गम्भीर अवस्थामा पुगेर मात्र भारतद्वारा अतिक्रमित नेपाली भूक्षेत्र लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटेर नेपालको नयाँ नक्सा प्रकाशित गर्ने निर्णयमा सहमति जनाउन वाध्य भएका थिए । त्यो भन्दा अगाडि उनले धेरै जनदवावका वाबजुद पनि नक्सा प्रकाशित गर्ने विषयलाई ईन्कार गर्दै भूमि नै फिर्ता ल्याउने कुरा बताउँदै आएका थिए । नेपालको नयाँ नक्सा सहितको पाठ्यपुस्तक वितरणमा रोक लगाउने आदेश दिएपछि उनको नक्कली राष्ट्रवादको मुखुण्डो उदाङ्गो भएको थियो । पछिल्लो चरणमा आएर उनी रामको नयाँ जन्मस्थलको सिर्जना गरी राम मन्दिर निर्माण गर्ने, पशुपतिमा क्षमापूजा गर्ने र करडौंको सुनको जलहरी चढाउने धन्दामा लागेका थिए ।

अहिले नेकपाको अवसान भैसकेको छ र पूर्व नेकपा (एमाले) र पूर्व नेकपा (माओवादी केन्द्र) अस्तित्वमा आएका छन् भने सर्वोच्च अदालतको परमादेशद्वारा ओली सरकारको लज्जास्पद विस्थापन भएको छ भने शेरबहादुर देउवाको नेतृत्वमा नयाँ गठबन्धन सरकार बनेको छ । तर राष्ट्रघात, जनघात, भ्रष्टाचार र नतावाद एवम् कृपावादको पक्षपोषण गर्ने जस्ता घृणित कार्यहरू गर्नमा पार्टीगतरूपमा नेपाली काङ्ग्रेस र नेकपा (एमाले)अनि वैयक्तिकरूपमा देउवा र ओलीको ऐतिहासिक सहकार्य रहँदै आएको तथ्य सर्वविदितै रहेको छ । नेपालमा पुँजीवादको पनि विकृत रूप मानिएको नवउदारवादलाई अन्धाधुन्ध तरिकाले अँगाल्ने र कार्यान्वयन गर्ने काम पञ्चायती व्यबस्थाको अवसान र बहुदलीय शासन व्यबस्थाको स्थापना भएपछि पहिलो पटक सत्तामा आएको नेपाली काङ्ग्रेसको सरकारले गरेको थियो । जसको परिणाम स्वरूप नेपालका मित्र देशहरूले अनुदान सहयोगमा निर्माण गरिदिएका महत्वपूर्ण सरकारी उद्योगहरू निजीकरणका नाममा कौडीको भाउमा बेचेर धराशायी बनाउने अभियानको शुरुवात भएको थियो । पछि नेकपा (एमाले)

आम जनताको दैनिक जनजीवन समस्याग्रस्त भएको बेलामा आफ्नो सत्ता जोगाउन र स्वार्थपूर्ति गर्न संसद विघटन गर्ने र अध्यादेश जारी गर्ने जस्ता खेल खेलेका थिए । त्यसैगरि अन्य पार्टीको सांसदलाई अपहरण गर्ने कार्यमा संरक्षकत्व प्रदान गरेको गम्भीर आरोप लागेको र पार्टी एवम् सरकारको नेतृत्व त्याग्नु पर्ने जस्तो गम्भीर अवस्थामा पुगेर मात्र भारतद्वारा अतिक्रमित नेपाली भूक्षेत्र लिपुलेक, कालापानी र लिम्पियाधुरा समेटेर नेपालको नयाँ नक्सा प्रकाशित गर्ने निर्णयमा सहमति जनाउन वाध्य भएका थिए ।

को अल्पमतको सरकार बनेको समयमा छनौटपूर्ण निजीकरण (सेलेक्टिभ प्राईभेटाईजेशन)को नीति ल्याएर प्रकारान्तरले निजीकरणको नीतिलाई नै समर्थन गर्ने एवम् अपनाउने काम गरेको थियो । त्यसरी एमाले क्रमशः काङ्ग्रेसको पदचाप पछ्याउँदै गएको थियो ।

त्यसैगरी राष्ट्रघाती एकिकृत महाकाली सन्धि हुँदाखेरि नेपाली काङ्ग्रेसको सरकार थियो र शेरबहादुर देउवा प्रधानमन्त्री थिए भने नेकपा (एमाले) संसदमा प्रमुख प्रतिपक्षी पार्टी रहेको थियो । उक्त सन्धिलाई संसदबाट अनुमोदन गर्नुभन्दा अगाडि तत्कालिन भारतीय परराष्ट्र मन्त्री रहेका प्रणव मुखर्जीले नेकपा (एमाले)को उपस्थिति बेगर सन्धिमा हस्ताक्षर नगर्ने अडान राखेका थिए । त्यतिखेर एमालेले केपी ओलीको संयोजकत्वमा महाकाली सन्धि अध्ययन समिति समेत बनाएको थियो र उनी दुई सरकारका बिचमा सम्पन्न भएको सो बैठकमा उत्साहपूर्वक उपस्थित हुन पुगेका थिए । त्यो कार्य भनेको नेपाल सरकारले अर्को राष्ट्रको सरकारसित सम्पन्न गर्न गैरहेको द्वीपक्षीय सन्धि थियो तर त्यस दौरानमा देशको प्रमुख प्रतिपक्ष पार्टीको प्रतिनिधि साक्षी बस्न पुगेको अनौठो परिघटना थियो । ओलीले एकिकृत महाकाली सन्धि पारित भएपछि नेपाललाई ठूलो धनराशि र विद्युत फाईदा हुने वकालत गरेका थिए । आज आएर उक्त सन्धिको हविगत के भयो भन्ने त जगजाहेरै छ तर उनले अहिलेसम्म महाकाली सन्धिमा गरेको राष्ट्रघातका बारेमा आत्मालोचना र पश्चाताप गर्ने साहस गर्न सकेका छैनन् । वास्तवमा त्यो कार्य आफ्नो स्वार्थको पक्षमा भारतीय सत्ताको समर्थन प्राप्त गर्ने मनसाय राखेर गरिएको नाङ्गो प्रकारको चाकरी र दलाली थियो भन्ने स्पष्ट भएको छ ।

माथि पूर्ववर्ती ओली सरकारद्वारा गरिएका राष्ट्रियता, जनतन्त्र र जनजीविका विरोधी कार्यहरूका सम्बन्धमा लामो चर्चा गर्नुको तात्पर्य के हो भने अहिलेसम्म यी सबै तत्वहरूले पटक-पटक मिलिजुली सरकार बनाउने र सरकारमा जाने काम गरिरहेका छन् र यी सबै एउटै ड्याङ्गका मुला जस्ता हुन् । हिजो संसदमा प्रमुख प्रतिपक्ष दल नेताको हैसियतमा रहँदा पनि देउवाले ओलीको संसद विघटनसम्मका कार्यप्रति पनि एक प्रकारको मौन सम्मति जस्तै देखाएका थिए । किनभने राष्ट्रघात, जनघात, भ्रष्टाचार, नातावाद एवम् कृपावादको पक्षपोषण गर्नु भनेको यिनीहरू सबैको समान चारित्रिक विशेषता नै हो । यस अघि ओलीले राज्यका सबै अङ्ग एवम् सन्यन्त्रहरूका साथै श्रोत-साधनहरू माथि एकलौटी कब्जा जमाउने दुष्प्रयत्न गरेकाले उनीहरूका बिचमा अस्थायी अन्तर्विरोध उत्पन्न भएको अवस्था मात्रै हो र उनको विरुदमा गठबन्धन बनाउन पुगेका मात्र हुन् । अहिले गठबन्धनको नेतृत्व गरेको नेपाली काङ्ग्रेस एवम् त्यसका नेता शेरबहादुर देउवा र अन्य पक्षहरूको तुलना ओलीपक्ष सित गर्नुपर्दा गुणात्मकरूपमा कुनै पनि भिन्नता पाउन सकिँदैन र त्यस्तो भिन्नता पनि रहेको छैन ।

नेपाली जनताले ओलीको भद्दा प्रकारको उदण्डताबाट मुक्तिबोध गर्नु बाहेक देउवा नेतृत्वको गठबन्धन सरकारबाट कुनै थप आशा नराख्नु र त्यसप्रति उत्साहित नहुनु नै त्यसको द्योतक हो । त्यसैले वर्तमान सरकार पूरानै सिक्काको अर्को पाटो भन्दा बढी केही पनि होइन भन्ने कुरो छर्लङ्गै छ र आउँदा दिनमा त्यसको थप पुष्टि हुँदै जानेछ । वर्तमान देउवा सरकारले पनि प्रकारान्तरले पूर्ववर्ती ओली सरकारकै पदचाप पछ्याउने कुरोमा कुनै द्विविधा छैन । किनभने उनीहरूको लागि सरकारमा जानु र सत्ताको बागडोर हातमा लिनुको मुख्य उद्देश्य भनेको आम जनसमुदायका हितको पक्षमा काम गर्ने नभएर केवल मनोरञ्जन र विलासिताको प्राप्ती गर्नु मात्रै हो भन्दा कुनै अत्युक्ति नहुने कुरो स्पष्टै छ । अतः सम्पूर्ण शोषित, उत्पीडित र मुक्तिकामी जनसमुदायका लागि भने अग्रगामी परिवर्तनका लागि न्यायपूर्ण सङ्घर्षको बाटोमा निरन्तर अधि बढ्नु बाहेक अर्को विकल्प बाँकी रहेको छैन । त्यसका निम्ति देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल जस्ता अग्रगामी एवम् परिवर्तनकामी पार्टी र सङ्गठनहरूले नेतृत्वदायी भूमिका निभाउनु अत्यावश्यक हुन्छ ।


'नेपाली जनताले ओलीको भद्दा प्रकारको उदण्डताबाट मुक्तिबोध गर्नु बाहेक देउवा नेतृत्वको गठबन्धन सरकारबाट कुनै थप आशा नराख्नु र त्यसप्रति उत्साहित नहुनु नै त्यसको द्योतक हो । त्यसैले वर्तमान सरकार पूरानै सिक्काको अर्को पाटो भन्दा बढी केही पनि होइन भन्ने कुरो छर्लङ्गै छ र आउँदा दिनमा त्यसको थप पुष्टि हुँदै जानेछ । वर्तमान देउवा सरकारले पनि प्रकारान्तरले पूर्ववर्ती ओली सरकारकै पदचाप पछ्याउने कुरोमा कुनै द्विविधा छैन । किनभने उनीहरूको लागि सरकारमा जानु र सत्ताको बागडोर हातमा लिनुको मुख्य उद्देश्य भनेको आम जनसमुदायका हितको पक्षमा काम गर्ने नभएर केवल मनोरञ्जन र विलासिताको प्राप्ती गर्नु मात्रै हो'

---

सङ्क्षिप्तमा, कम्युनिस्टहरूले सर्वत्र विद्यमान सामाजिक र राजनीतिक प्रकृयाका विरूद्धमा हुने हरेक क्रान्तिकारी आन्दोलनको समर्थन गर्दछन् ।

– माओ

# संयुक्त मोर्चा : एक सङ्क्षिप्त टिप्पणी



क. इन्द्रमोहन सिग्देल
*पिबिएम्, नेकपा(क्रान्तिकारी माओवादी)*

संयुक्त मोर्चा भनेको साझा दुश्मनका विरुद्ध मानिसका विभिन्न समूहहरूले निर्माण गर्ने एउटा गठबन्धन हो । यो पदावली विशेषतः राजनीतिक क्षेत्रमा र त्यसमा पनि कम्युनिस्टहरूले बढी प्रयोग गर्छन् । यस्तो संयुक्त मोर्चा विभिन्न परिवेश, स्थिति र आवश्यकता अनुसार कुनै खास राजनीतिक उद्देश्य पुरा गर्नका लागि निर्माण हुने गर्दछ । यसका चरित्र र स्वरूपहरू देश, काल र परिस्थिति अनुसार फरक-फरक हुन्छन् । संयुक्त मोर्चा वैश्विक स्तरमा, राष्ट्रिय स्तरमा, क्षेत्रीय वा इलाका स्तरमा पनि निर्माण हुन सक्छन् । ती मध्ये कुनै सापेक्ष रूपमा दीर्घकालीन हुन्छन्, कुनै अल्पकालीन हुन्छन् भने कुनै खास एउटा विषयमा केन्द्रित हुने सङ्क्षिप्त प्रकृतिका पनि हुन्छन् । विभिन्न राजनीतिक समूहका साझा स्वार्थहरू फरक-फरक हुने हुनाले संयुक्त मोर्चाको प्रकृति र उद्देश्यहरू पनि फरक-फरक हुने गर्दछन् ।

संयुक्त मोर्चा कुनै एउटा राजनीतिक शक्तिको आवश्यकता र आह्वानले मात्र निर्माण हुने सङ्गठन होइन । खास उद्देश्यसँग सम्बन्धित राजनीतिक पार्टी वा शक्तिहरूको साझा आवश्यकता बन्न गएमात्र संयुक्त मोर्चाको निर्माण संभव हुन्छ । यो वस्तुतः एक प्रकारको सम्झौताको सङ्गठन हो । विश्व इतिहासमा विभिन्न प्रकारका मोर्चाहरू निर्माण भएको देखिन्छ र नेपालको राजनीतिक इतिहासमा पनि फरक-फरक रूप र प्रकृतिका संयुक्त मोर्चाहरू निर्माण हुँदै आएका छन् । हाम्रो पार्टी नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) को नेतृत्वमा निर्मित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल पनि एउटा संयुक्त मोर्चा हो । साथै हाले नेपालमा चार वटा कम्युनिस्ट पार्टीहरूका बिचमा एउटा रणनीतिक संयुक्त मोर्चा पनि निर्माण भएको छ । यो सङ्क्षिप्त लेख यी नै विषयको सेरोफेरोमा केन्द्रित रहेर तयार पारिने छ ।

सबैभन्दा पहिला अन्तर्राष्ट्रिय स्तरमा निर्माण गरिएका संयुक्त मोर्चाहरूकै कुरा गरौं । दोस्रो विश्वयुद्धका समयमा निर्माण गरिएको र सफल कार्यान्वयन भएको संयुक्त मोर्चा "फासीवाद विरोधी मोर्चा" को नामले परिचित छ । १९३०को वैश्विक आर्थिक सङ्कटपछि युरोपबाट जर्मनी र इटली तत्कालीन समाजवादी देश रुसलाई ध्वस्त पार्दै विश्व साम्राज्य निर्माण गर्ने सैन्य अभियानमा थिए । त्यो सारतः विश्वव्यापी कम्युनिस्ट प्रभावलाई निस्तेज गर्ने र विश्व साम्राज्य निर्माण गर्ने फासीवादी अभियान थियो । उता जापान पनि पूर्वीतिरबाट यस्तै अभियानमा अगाडि बढिरहेको थियो । त्यति बेलासम्म अमेरिका युद्धमा संलग्न थिएन । जापानले पर्लहार्वरमाथि आक्रमण गरेपछि अमेरिका पनि युद्धमा तानियो । त्यो स्थितिमा सर्वहारा वर्गको अधिनायकत्व अन्तर्गत समाजवादी व्यवस्था भएको सोभियत सङ्घसँग वेलायत र अमेरिका जस्ता कम्युनिस्ट विरोधी पुँजीवादी देशहरू फासीवाद विरोधी संयुक्त मोर्चा निर्माण गर्न सहमत भए । जर्मन, इटली र जापानको फासीवादी अभियान त्यस बेलाको प्रमुख र साझा समस्या भएकोले त्यसलाई पराजित गर्न परिस्थितिले अमेरिका, वेलायत र रुस जस्ता विपरीत विचार बोकेका देशहरूलाई एकै ठाउँमा उभ्याइदियो । १९४१मा निर्माण गरिएको फासीवाद विरोधी मोर्चा १९४५मा दोस्रो विश्वयुद्धको क्रममा फासीवादीहरूको पराजय भएपछि स्वतः विघटन हुन गयो ।

विपरीत विचार र राजनीति बोकेका दुई राजनीतिक समूहका बिच निर्माण भएको संयुक्त मोर्चाको अर्को उदाहरण चीन हो । त्यहाँ कोमिन्ताङ र चिनियाँ कम्युनिस्ट पार्टीका बिच दुई पटकसम्म संयुक्त मोर्चा निर्माण भएको थियो । पहिलो संयुक्त मोर्चा १९२४ देखि १९२७ सम्म चिनियाँ युद्धसर्दारहरूका विरुद्ध र दोस्रो मोर्चा १९३६ देखि १९४५ सम्म जापान विरोधी प्रतिरोध युद्धका क्रममा निर्माण भएका थिए । पहिलो मोर्चामा सम्मिलित भएका कोमिन्ताङ र चिनियाँ कम्युनिस्ट पार्टीहरू दुवैको उद्देश्य सुरुको चरणमा युद्ध सर्दारहरूलाई मिलेर परास्त गर्ने र अर्को चरणमा एकले अर्कोलाई सिध्याएर आफ्नो राजनीतिक प्रभाव विस्तार गर्ने रहेको थियो । तर, त्यो प्रक्रिया पुरा नहुँदै बिचैमा कोमिन्ताङका नेता च्याङ्काई सेकले १९२७ मा कम्युनिस्टहरूलाई मोर्चाबाट हटाए । फलस्वरूप चीनमा सत्तासीन कोमिन्ताङ र चिनियाँ कम्युनिस्ट पार्टीका बिचमा १९३६ सम्म भीषण गृहयुद्ध चल्यो । जापानले चीनमाथि सैन्य आक्रमण गरेपछि चिनियाँ कम्युनिस्ट पार्टीको आह्वानमा पुनः कोमिन्ताङहरू जापानी आक्रमणकारीहरूका विरुद्ध दोस्रो संयुक्त मोर्चामा आउन बाध्य भएका थिए ।

माथि उल्लेख गरिएका अन्तर्राष्ट्रिय स्तरको फासीवाद विरोधी मोर्चा र चीनमा बनेका दुईपटकका मोर्चा गरी जम्मा तीन थरी संयुक्त मोर्चाहरू सापेक्ष रूपमा अल्पकालीन प्रकृतिका थिए र तिनमा वैचारिक पक्षको कुनै भूमिका थिएन । पहिलो उहारणमा सबैको साझा दुश्मन फासीवादबाट बच्न र दोस्रोमा युद्धसर्दारमाथि विजयप्राप्त गर्न विपरीत विचार भएका राजनीतिक शक्तिहरू संयुक्त मोर्चामा सम्मिलित भएका थिए । तेस्रो उदाहरणमा संयुक्त मोर्चामा नआए जनताको आँखामा राष्ट्रिय स्वाधीनता विरोधी देखिने र जनआक्रोश बढ्ने डरले कोमिन्ताङहरू उक्त मोर्चामा आउन बाध्य भएका थिए । माथि उल्लेख गरिएका अल्पकालीन संयुक्त मोर्चाहरूको प्रमुख आधार विचार थिएन, ती आ-आफ्नो राजनीतिक उद्देश्य पुरा गर्न अगाडि बढ्ने क्रममा तत्कालको मुख्य अवरोध छिचोल्नका लागि एउटाले अर्कोसँग गरेका राजनीतिक गठबन्धनहरू थिए । ती मोर्चाहरू पछि विघटित हुन पुगे ।

दोस्रो प्रकृतिको संयुक्त मोर्चा एउटा निश्चित उद्देश्य पुरा गर्न निर्माण गरिएको हुन्छ र यसलाई कार्यगत एकता पनि भन्ने गरिन्छ । यसको विचार, राजनीति तथा विश्व दृष्टिकोणसँग कुनै सम्बन्ध हुँदैन । यो अत्यन्त खुकुलो र खास विषयमा केन्द्रित अल्पकालीन प्रकारको संयुक्त मोर्चा हो । अहिले अमेरिकाको एमसीसी परियोजनाका विरुद्ध नेपालमा जुन २३ दलीय गठबन्धन बनेको छ, त्यो कार्यगत एकता हो । यो एक सूत्रीय छ, यसमा एमसीसीको विरोध गर्नेहरू मध्ये जो सुकै पनि समावेश हुन सक्छन् । कार्यगत एकता परिस्थितिका आधारमा यो भन्दा छोटो समयका लागि पनि निर्माण हुन सक्छ । के हुँदा संयुक्त मोर्चा हुन्छ र के हुँदा कार्यगत एकता हुन्छ भन्ने त्यस्तो कुनै चिनियाँ पर्खाल हुँदैन । संयुक्त मोर्चा एउटा आम विषय हो भने कार्यगत एकता त्यसको एउटा रूप हो । यसमा त्यति धेरै माथापच्ची गरिरहनु आवश्यक छैन ।

संयुक्त मोर्चा सापेक्ष रूपमा दीर्घकालीन र रणनीतिक प्रकारको पनि हुने गर्दछ । यस्तो मोर्चा देशको अग्रगमनका बाधक रहेका आधारभूत अन्तर्विरोधहरू

समाधान गर्ने गरी निर्माण गरिएको हुन्छ । नेपालमा केही महिना पहिला हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी), क. विप्लवले नेतृत्व गरेको नेकपा, क. ऋषिराम कट्टेलले नेतृत्व गरेको नेपाल कम्युनिस्ट पार्टी र क. आहुतिले नेतृत्व गरेको वैज्ञानिक समाजवादी पार्टी, नेपाल गरी चारवटा क्रान्तिकारी कम्युनिस्ट पार्टीहरूका बिचमा एउटा संयुक्त मोर्चा बनेको छ र त्यसको नाम रणनीतिक संयुक्त मोर्चा रहेको छ । सङ्घर्षका बलमा प्रतिक्रियावादी राज्यसत्ता तथा संसदीय व्यवस्थाको अन्त्य गर्नु, नेपालमा नयाँ जनवाद/वैज्ञानिक समाजवादको स्थापना गर्नु र साम्यवादसम्मको यात्रा तय गर्नका लागि पार्टी एकतासम्म पुग्नु यसको घोषित राजनीतिक उद्देश्य हो । यो संयुक्त मोर्चा मार्क्सवादी-लेनिनवादी-माओवादी विश्व दृष्टिकोणमा आधारित रहेको र त्यसले नेपाली क्रान्तिको न्यूनतम रणनीति पुरागर्दै अगाडि बढ्ने दीर्घकालीन उद्देश्य लिएको हुनाले यसलाई रणनीतिक संयुक्त मोर्चा नाम दिइएको हो । यस प्रकारको मोर्चा निर्माणको अभ्यास विश्वमा विरलै देख्न पाइन्छ ।

हामी उपरोक्त चार पार्टीका बिचमा मालेमावादप्रतिको बुझाइ, न्यूनतम राजनीतिक रणनीति, त्यसलाई प्राप्त गर्न आवश्यक हुने कार्यनीति र सामरिक कार्यदिशाका बारेमा आधारभूत एकता बनिसकेको छैन । हाम्रा बिचमा थुप्रै अन्तविरोधहरू छन् । त्यसो भएर नै हामीले मोर्चा मार्फत् सहकार्य गर्दै पार्टी एकतासम्म पुग्ने उद्देश्य राखेका हौँ । हामीले क्रान्तिको वस्तुगत आवश्यकतालाई आत्मसात गरेर मैत्रीपूर्ण वैचारिक बहस तथा छलफल र एकता, सङ्घर्ष, रूपान्तरणका आधारमा उच्चस्तरको वैचारिक तथा राजनीतिक एकता प्राप्त गर्नका लागि रणनीतिक संयुक्त मोर्चा निर्माण गर्न सहमत भएका हौँ । यस मोर्चामा संलग्न हामी जति मार्क्सवादी विश्व दृष्टिकोणप्रति प्रतिबद्ध हुन्छौँ र जति देश र जनताको मुक्तिप्रति जिम्मेवार हुन्छौँ, त्यति नै हामी यो रणनीतिक मोर्चालाई सफल पार्न सक्षम हुने छौँ ।

अर्कोतर्फ कुनै पनि देशको कम्युनिस्ट पार्टीले आफ्नै नेतृत्वमा अग्रगमनको बाधक रहेका आधारभूत अन्तर्विरोधहरू समाधान गर्नका लागि सत्तासँग विमति राख्ने सबै वर्ग, जाति, लिङ्ग र क्षेत्रका उत्पीडित जनतालाई संयुक्त मोर्चामा सङ्गठित गर्ने नीति लिएको हुन्छ । यो दुश्मनलाई एक्ल्याएर कमजोर पार्ने र आफ्नो शक्तिलाई बलियो बनाउन निर्माण गरिने गठबन्धन हो । संयुक्त मोर्चाको महत्व कति हुन्छ भन्ने कुरा पार्टी, संयुक्त मोर्चा र जनसेना क्रान्तिका तीन जादुगरी हतियार हुन् भन्ने अध्यक्ष माओको भनाईबाट छर्लङ्ग हुन्छ । मार्क्सवाद-लेनिनवाद-माओवादलाई मार्गदर्शक सिद्धान्त मान्ने हाम्रो पार्टी नेकपा (क्रान्तिकारी माओवादी)को नेतृत्वमा निर्माण गरिएको देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल यही प्रकृतिको संयुक्त मोर्चा हो । यसलाई दीर्घकालीन प्रकृतिको रणनीतिक संयुक्त मोर्चा पनि भन्न सकिन्छ । यो मोर्चा घरेलु दुस्मन दलाल तथा नोकरशाही पुँजीपति वर्ग र सामन्तवर्गको शोषण तथा उत्पीडनको अन्त्य गर्न र साम्राज्यवाद तथा विस्तारवादी हस्तक्षेपको प्रतिरोध गर्नका लागि सङ्घर्षको साधन र क्रान्ति सम्पन्न भएपछि सत्ता सञ्चालनको साधन हो । परिस्थितिमा आउने परिवर्तनसँगै यो मोर्चालाई अझ विकसित गर्दै लगिने छ ।

कतिपय विरोधी सङ्गठनहरूले देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाललाई नेकपा (क्रान्तिकारी माओवादी) को चुनावी मोर्चा हो भन्ने गर्दछन् । यो नितान्त गलत कुरा हो । निश्चय पनि देजमो, नेपाल एउटा क्रान्तिकारी पार्टीको नेतृत्वमा चल्ने वैचारिक तथा राजनीतिक मोर्चा सङ्गठन हुनाले यसको निर्वाचनबारे स्पष्ट दृष्टिकोण हुन्छ र हुनु पर्दछ । निर्वाचन कार्यनीतिक प्रश्न हुनाले पार्टीले चुनावलाई कहिले मोर्चा मार्फत् उपयोग गरेर त कहिले भण्डाफोर गरेर क्रान्तिको प्रक्रियालाई अगाडि बढाउन पनि सक्छ । तर, यसैको आधारमा मात्र देजमोलाई जसरी चुनावी मोर्चा भनिने गरिन्छ त्यो नितान्त पुर्वाग्रही कुरा हो । देजमो, नेपाल वस्तुतः नयाँ जनवादी क्रान्तिको प्रक्रियामा सत्ता प्राप्त नहुन्जेल सङ्घर्षको साधन हो र सत्ता प्राप्त भएपछि यो सत्ताको साधन हो । यस मोर्चामा घरेलु प्रतिक्रियावाद, विदेशी साम्राज्यवाद तथा विस्तारवाद विरोधी व्यक्ति, समूह वा सङ्गठनहरू समावेश हुन सक्छन् । छोटोमा भन्नु पर्दा यो सामन्तवाद तथा साम्राज्यवाद विरोधी मोर्चा हो । यसबारे पार्टी, देजमो र आम नेपाली जनतामा समेत स्पष्ट र एकरूप बुझाइ हुनु आवश्यक छ ।


माथि विभिन्न प्रकारका संयुक्त मोर्चाहरूबारे सङ्क्षिप्त छलफल गरियो । अनुभवले के देखाउँछ भने आन्दोलनको विकासका लागि संयुक्त मोर्चा जति आवश्यक हुन्छ यसको निर्माण र विकास पनि त्यत्तिकै अप्ठ्यारो छ । खास गरी विपरीत विचार बोकेका भिन्न पार्टी वा सङ्गठनहरूका बिचको संयुक्त मोर्चा निर्माण गर्नु निकै गाह्रो काम हो । यो जिउँदा भ्यागुताहरूलाई तुलोमा जोखेर धार्नी पुऱ्याउन खोज्नु जस्तै हुन्छ । मुख्य दुश्मनलाई नाङ्गेझार पार्ने दृढता र तत्कालीन मित्र पक्षलाई गोलबन्द गर्ने लचकताको सही अभ्यासले मात्र संयुक्त मोर्चाको निर्माण र विकास संभव हुन्छ । कुनै पनि संयुक्त मोर्चाको निर्णय पद्धति सहमति हो, यसमा जनवादी केन्दियता लागु हुँदैन । जुनसुकै विचारका भए पनि वस्तुगत परिस्थितिले सबै सत्ताविरोधीहरूलाई एकै ठाउँमा आउन बाध्य नपारेसम्म संयुक्त मोर्चाको निर्माण र विकास हुन सक्दैन । यस्तो परिस्थितिको निर्माण गर्न सफल हुनुमा क्रान्तिकारी पार्टीले ग्रहण गर्ने कार्यनीतिको अहम् भूमिका रहन्छ ।

कम्युनिस्ट आन्दोलनमा क्रान्तिकारी मोर्चा निर्माण र परिचालनका सम्बन्धमा मुख्यतः दुई प्रकारका गलत प्रवृत्तिहरू देखिन्छन् । पहिलो, पार्टी र पार्टी केन्द्रित सङ्घर्षहरूमा जोड दिने तर मोर्चा निर्माण र संयुक्त सङ्घर्षहरूमा ध्यान नदिने प्रवृत्ति हो । यसलाई सङकीर्णतावादी प्रवृत्ति भनिन्छ । यसले विचारको रक्षा त गर्छ तर आम क्रान्तिकारी शक्तिलाई गोलवन्द गरी क्रान्तिको विकास गर्न सक्दैन । दोस्रो, मोर्चा निर्माण र संयुक्त सङ्घर्षमा जोड दिने तर, पार्टी निर्माण र स्वतन्त्र पहलमा उदासीन रहने प्रवृत्ति हो । यसलाई व्यवहारवादी कमजोरी भनिन्छ । यो प्रवृत्तिले क्षणिक समयका लागि आन्दोलनको विकास त गर्न सक्छ तर दीर्घकालीन हिसावले आन्दोलन दिशाहीन भएर विलाउने खतरा रहन्छ । यसरी पार्टी निर्माण र पार्टीको स्वतन्त्र पहलमा जोड दिने र मोर्चा निर्माण तथा संयुक्त सङ्घर्षहरूमा ध्यान दिने नीति नै सही मार्क्सवादी नीति हो । यसलाई क्रान्तिकारी कम्युनिस्टहरूले राम्ररी आत्मसात गरी व्यवहारमा लागु गर्नु पर्दछ । पार्टी सेना र संयुक्त मोर्चा क्रान्तिका तीन जादुगरी हतियार हुन् । यी तीनवटा मध्ये पार्टी प्रमुख हो र त्यसले अन्य दुई हतियारको नेतृत्व गर्दछ । पार्टीले क्रान्तिको विकासका लागि सेना र मोर्चाका बिच उचित तालमेल मिलाउने काममा जोडदिनु पर्दछ ।

हाम्रो देश नेपालमा यतिबेला गंभीर राजनीतिक सङ्कट भएर गुज्रिरहेको छ । यहाँ संसदीय व्यवस्था, दलाल तथा नोकरशाही पुँजीपतिवर्ग र सामन्तवर्गको स्वार्थको रक्षा गर्ने प्रतिक्रियावादी सत्ता, संसदवादी दलहरू र कम्युनिस्टको खोल ओढेका सबै संशोधनवादी गुटहरू असफल सावित भएका छन् । संसदीय व्यवस्थाको असफलताका कारण पैदा भएका यावत समस्याहरूको समाधान संसदीय जोडघटाउबाट संभव छैन । नेपालमा नयाँ जनवादी क्रान्ति अनिवार्य आवश्यकता बन्न गएको छ । यो स्थितिमा सङ्कीर्णतावादी र व्यवहारवादी गल्तीबाट बचेर पार्टीले एकल पहल र संयुक्त गतिविधिको प्रक्रियाबाट क्रान्तिकारी आन्दोलनको विकास गर्नु अहिलेको आवश्यकता हो ।

बैशाख १३, २०७८

# संयुक्त मोर्चाबारे



क. चन्द्रहरि सुवेदी
*पिविएम्, नेकपा (क्रान्तिकारी माओवादी)*

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल एउटा संयुक्त मोर्चा हो । समाजमा दुई वटा वर्ग हुन्छन्, शोषक र शोषित । विकसित पुँजीवादी समाजमा वर्गहरू स्पष्ट दुई ध्रुवमा बाँडिएका हुन्छन्, पुँजीपति र मजदुर वर्ग । विश्व हल्लाउने महान् अक्टोबर क्रान्ति सम्पन्न भएको सय वर्ष पुगिसकेको छ । समाजवादी क्रान्तिको सफलतापछि पुँजीपति वर्गको सातो गयो । पुँजीवादी र साम्राज्यवादीहरू आपसी लडाईं र झगडाको ठाँउमा विश्वको विभाजन र पुनर्विभाजन गरेर एसिया अफ्रिका र ल्याटिन अमेरिकी देशहरूमा अर्ध तथा नव-औपनिवेशिक लुटखसोटद्वारा विश्व लुट्ने क्रम चलिरहेको छ । अर्ध तथा नवऔपनिवेशिक देशहरूमा विकसित पुँजीवादी र साम्राज्यवादी देशहरूमा अलि भिन्न हिसाबले क्रान्तिको काम अगाडि बढ्दछ । त्यसैलाई संश्लेषित गर्दै माओले क्रान्तिका साधनलाई तीन जादुगरी हतियारको नाम दिनु भयो । पार्टी, सेना र संयुक्तमोर्चा यी मध्य पार्टी मुख्य हो भने सेना र संयुक्त मोर्चा अरू दुई शाक्ति हुन् । यहाँ हामी संयुक्त मोर्चाबारे बढी चर्चा गर्नेछौँ ।

नेपाल जस्तो अर्ध तथा नव-औपनिवेशिक देशमा नयाँ जनवादी क्रान्ति नै क्रान्तिको मुख्य कार्यभार हो । सर्वहारा वर्गको नेतृत्वमा किसान र मजदुरको एकतामा यो क्रान्ति सम्पन्न गर्नु पर्दछ । क्रान्तिमा मजदुर वर्गको महत्वपूर्ण भूमिका हुदाँहुदै पनि नेपालमा औद्योगिक सर्वहारावर्गको विकास राम्रोसँग नभएकोले अझै पनि सरकारी तथ्याङ्क अनुसार ६३ प्रतिशत किसानहरू नै क्रान्तिका मेरुदण्ड हुन् ।

संयुक्त मोर्चा विविध प्रकारका हुन्छन् । कार्यगत एकता, रणनीतिक संयुक्त मोर्चा, कार्यनीतिक संयुक्त मोर्चा आदि । अन्तरविरोधको नियम अनुसार एकपटक एउटा अन्तरविरोध प्रधान हुन्छ र बाँकी सहायक अन्तरविरोध हुन्छन् । प्रधान शत्रुको विरोधमा अरू सहायक शत्रुहरू समेत गौण हुन पुग्दछन् । प्रधान शत्रुको विरोधमा केन्द्रित गराउन कुशल बन्न सक्नु पर्दछ । उत्पादन शक्तिको विकास र उत्पादन सम्बन्धको हेरफेरले गर्दा, सङ्घर्ष, आन्दोलन, जन-आन्दोलन, जनयुद्ध, सशस्त्र जन-विद्रोह समाजमा भई रहन्छन् । हरेक एक दशकको वरिपरि उत्पादक शाक्तिको विकास, उत्पादन सम्बन्धमा हेरफेर आउने गर्दछ । वि.सं. १९८७ को प्रचण्ड गोरखा काण्डबाट सुरू भएको विद्रोह १९९७ सालको गंगालाल सहिद पर्व हुँदै नेपाली समाज १० वर्षको महान् जनयुद्ध र १९ दिने जनआन्दोलन मार्फत् यहाँसम्म आइपुगेको छ । नेपाल कम्युनिस्ट पार्टीले सर्वहारा वर्गको नेतृत्वमा सामन्तवाद तथा साम्राज्यवादको अन्त्य गरी नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्ने रणनीतिक लक्ष्य लिई सन् १९४९ अप्रिल २२ अर्थात् वि.सं. २००६ वैशाख १० गते पार्टी स्थापना गरी निरन्तर सङ्घर्ष गर्दै आइरहेको छ । कार्यनीतिलाई रणनीतिक उद्देश्य प्राप्तिमा केन्द्रित गर्दा गर्दै पनि, शक्ति सन्तुलन र आन्तरिक तथा बाह्य कारणले गर्दा क्रान्ति अझै सम्पन्न हुन सकेको छैन । तर पनि कार्यनीतिक सफलताले रणनीतिकलाई नजिक ल्याउने र ससाना सफलता र विजयले विश्वास बढ्न गई कम्युनिस्ट आन्दोलनप्रति विश्वास बढ्न जान्छ र जनताको ठुलो हिस्सा अहिले पनि कम्युनिस्ट आन्दोलनप्रति आकर्षित छ र बहुसङ्ख्यक जनता नेपालमा कम्युनिस्ट पार्टीप्रति आकर्षित छन् । यो कुरा बेग्लै हो कि कम्युनिस्ट आन्दोलनमा घुसेको अवसरवादी धारा संशोधनवाद, सुधारवाद र संसदवादी धारा जब्बर रूपमा विद्यमान छ । क्रान्तिकारी धारा अहिले कमजोर जस्तो देखा परेको छ । जनता क्रान्ति चाहन्छन् र राष्ट्र मुक्ति चाहन्छन् । अवसरवादीले कहिल्यै क्रान्ति र परिवर्तन दिन सक्तैन । क्रान्तिको काम सँधै अगाडि बढिरहँदैन । जब क्रान्तिकारी आन्दोलन अगाडि बढ्छ जनताको बहुसङ्ख्यक हिस्सा क्रान्तिकारी पार्टीको झण्डा मुनि गोलबन्द्ध हुन आइपुग्छन् । महान् लेनिनले भन्नुभएको थियो- "सन् १९१७ को अक्टोबर २४ को राती १२ बजे आधा सोभियत जनता बोल्सेभिकको झण्डामुनी आइपुगे" भनेर । चुनावी आँकडा नै सहि २०६४ को चुनावमा तात्कालिक क्रान्तिकारी पार्टी ने.क.पा.(माओवादी)को झण्डामुनी २४० सिट मध्य १२० सिट जितेर आधा नेपाली (माओवादी)को झण्डामुनी गोलबद्ध हुन आइपुगेका थिए । नेपालको क्रान्तिकारी कम्युनिस्ट पार्टी ने.क.पा.(क्रानितकारी माओवादी) हो । यसले नयाँ जनवादी क्रान्ति सम्पन्न गर्दै समाजवाद हुँदै साम्यवादसम्म पुग्ने लक्ष्य लिएको छ । बलियो प्रतिक्रियावादी राज्य सत्तासँग लड्न र जित्न सर्वहारा वर्गको अग्रदस्ता ने.क.पा.(क्रान्तिकारी माओवादी) एक्लैले सक्तैन । त्यसैले अस्थायी र स्थायी दुई प्रकारका साथी खोज्नुपर्ने हुन्छ । राष्ट्रियता, जनतन्त्र र जनवीविकाका प्रश्नमा कामको लागि एकता, काम सकियो एकता सकियो, कार्यगत एकता !

ने.क.पा.(क्रान्तिकारी माओवादी) समर्थित देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले यस किसिमका साथी खोज्दै सुरूमा २-४ दलबाट सुरू गरेर २३ दलसम्म पुऱ्याएको छ र राष्ट्रका जल्दा-बल्दा समस्यालाई लिएर खबरदारी गर्दै आइरहेको छ । यस किसिमको संयुक्त मोर्चालाई कार्यगत एकताको मोर्चा भनिन्छ । अर्को कार्यनीतिक संयुक्त मोर्चा हो । यस किसिमको मोर्चा अलि लामो प्रकारको हुन्छ । वैचारिक राजनीतिक सैद्धान्तिक धेरै कुरा नमिल्ने तर सामन्तवाद साम्राज्यवाद विरोधी नयाँ जनवाद पनि भन्ने पार्टीहरूसँग एउटा खास चरणसम्म देशमा समस्या आउनासाथ जुटेर सङ्घर्ष गर्ने संयुक्त मोर्चालाई कार्यनीतिक संयुक्त मोर्चा भनिन्छ । अर्को संयुक्त मोर्चाको नाम रणनीतिक संयुक्त मोर्चा हो । पार्टी एकतालाई समेत उद्देश्य बनाएर नयाँ जनवादसम्म जाने गरी बन्ने यस प्रकारको संयुक्त मोर्चालाई राजनीतिक संयुक्त मोर्चा भनिन्छ । चार वटा पार्टीहरूको बिचमा यो मोर्चा बनाउने काम पनि हुँदै आएको छ ।

कम्युनिस्ट पार्टी सर्वहारा वर्गको अग्रदस्ता हुने भएकोले यसले नेतृत्वदायी भूमिका खेल्दछ । यो वैचारिक, सैद्धान्तिक दार्शनिक र राजनीतिक रूपले

प्रशिक्षित सर्वहारा वर्गको पार्टी हुनाले यसले सबै क्रान्तिकारी, क्रान्तिप्रति समर्थन गर्ने शुभ-चिन्तकहरूलाई समेट्न सक्तैन। त्यसैको लागि संयुक्त मोर्चा र जनवर्गीय सङ्गठनको आवश्यकता पर्ने हो। "भारतीय विस्तारवादद्वारा निर्देशित तथा परिचालित दलाल एवम् नोकरशाही पुँजीपति तथा सामन्त वर्ग र आम जनसमुदायका बिच प्रधान अन्तरविरोध रहेको छ।" यही अन्तरविरोध हल गर्नु नै क्रान्तिको मुख्य कार्यभार हो। हाम्रो जस्तो किसानको बाहुल्य रहेको, सर्वहारा सुकुम्बासी देखि निम्न, निम्न मध्यम, मध्यम, धनी किसान हुँदै राष्ट्रिय पुँजीपतिसम्म क्रान्तिको मित्र वर्ग रहेको बहुवर्गीय समाजमा सबैलाई समेटेर शोषक वर्गप्रति सङ्घर्ष केन्द्रित गराउने काम गाह्रो काम हो। सङ्घर्ष आन्दोलनको आरोह हुँदा सङ्घर्षमा होमिने र अगाडि बढ्ने र अवरोह हुँदा भाग्ने मात्र होइन विरोधमा समेत जाने काम हुन्छ। त्यही कठीन काम सम्पन्न गर्नको लागि नै संयुक्त मोर्चाको आवश्यकता पर्ने हो। संयुक्त मोर्चा क्रान्ति सम्पन्न नहुञ्जेल सङ्घर्षको साधन र क्रान्ति सम्पन्न भइसकेपछि सत्ताको साधन हो। नेपालमा कम्युनिस्ट पार्टीहरूले संयुक्त मोर्चाको अभ्यास गरेको लामो अवधि भइसकेको छ। सामान्यतया सत्तासँग जोडिएको चुनाव उपयोग गरेको बेलामा होस् वा जनयुद्धको अवधिमा आधार इलाकाहरूमा सत्ताको अभ्यास गर्दा होस् मानिसहरूको आकर्षण संयुक्त मोर्चाप्रति हुने गर्दछ। संयुक्त मोर्चा दर्ता गरेर यो कानुनी र बाह्य रूपमा पार्टीको रूपमा देखा पर्ने बेलामा विभिन्न प्रवृत्ति यसभित्र प्रवेश गर्ने र यसलाई कब्जा गर्नेसम्मका हर्कत हुने गरेका छन्। सर्वहारा वर्गको नेतृत्वमा रहनु पर्ने मोर्चा नै सर्वहारा वर्गबाट स्वतन्त्र हुने र आफैं बन्ने कसरत हुने गर्दछ। पार्टीभित्र चल्ने अन्तर्सङ्घर्ष र दुई लाइन सङ्घर्ष चल्दा यसको सबैभन्दा घनत्व संयुक्त मोर्चामा देखापर्ने गरेको छ। त्यसैले वर्गीय पक्षधरताको नेतृत्व गर्नुपर्ने संयुक्त मोर्चामा नेतृत्वदायी कम गर्ने कमरेडहरू कुशल अनुशासित सक्षम र वर्गप्रति प्रतिवद्ध हुने खालको हुनु पर्दछ। सत्ता, निर्वाचनसँग नजोडिएको बेला त्याग तपस्या बलिदान जेल नेल पर्ने अवस्थामा संयुक्त मोर्चा साँघुरो हुने, यसमा सङ्गठित हुन नचाहने र कम्युनिस्ट पार्टी भन्दा पनि टाक्सिने र सानो हुने गर्दछ। राजनीतिक संयुक्त मोर्चा वर्गमा आधारित हुने उत्पीडित वर्ग, जाती, लिङ्ग, सांस्कृतिक क्षेत्र, पिछडिएको क्षेत्रलाई समेटेर क्रान्ति सम्पन्न हुने बेलासम्म नेतृत्व गर्नुपर्ने हुँदा उतारको बेलामा आन्दोलन सङ्घर्ष नचलेको बेलामा वर्गमा आधारित राजनीतिक संयुक्त मोर्चाका काम त्यति सजिलो हुँदैन र अगाडि बढ्न गाह्रो पर्दछ। यस्तो बेलामा ससाना फूलका थुङ्गा उनेर माला उने जस्तै तात्कालिक अन्तरविरोध पत्ता लगाएर राष्ट्रियता, जनतन्त्र र जनजीविकाका विषयलाई समेटेर मिल्न सक्ने विषयमा मिलेर ससाना विजय हासिल गर्दै माला उनेजस्तै विजयका फूल उन्दै माला बनाउनु पर्दछ। यस किसिमको कार्यगत एकता र कार्यनीतिक संयुक्त मोर्चाले राजनीतिक संयुक्त मोर्चाका कामलाई नजिक ल्याउने र कामलाई सजिलो बनाउँछ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल एउटा राजनीतिक प्रकारको संयुक्त मोर्चा हो। क्रान्तिकारी वर्गलाई समेट्न यस किसिमको संयुक्त मोर्चाको आवश्यता पर्दछ। औद्योगिक सर्वहारा वर्गको विकास नभएको अर्ध तथा नव-औपनिवेशिक एसिया अफ्रिका र ल्याटिन अमेरिकी देशहरूमा यस किसिमका राजनीतिक संयुक्त मोर्चाको आवश्यकता पर्दछ। कम्युनिस्ट पार्टी क्याडर बेश पार्टी हुनु पर्दछ। अरू नामधारी कम्युनिस्ट पार्टीहरूलाई यस किसिमको संयुक्त मोर्चाको आवश्यता पर्दैन। क्रान्तिकारी कम्युनिस्ट पार्टी जो आफुलाई विसर्जनवादबाट जोगाउन सचेत रूपमा भूमिका राख्दछन्। कानुन र व्यवस्थाको विरोधमा सशक्त सङ्घर्ष गर्दछन्। प्रतिक्रियावादी राज्य सत्ताको अगाडि सर्वाङ्ग खुला नगरेर पार्टीलाई दर्ता गर्दैनन्। बोल्सेभिक पार्टी जस्तो हड्डीतोड अनुशासन कायम राख्दछन्। वर्गप्रति प्रतिवद्ध योग्यहरूलाई मात्र पार्टी सदस्यता प्रदान गर्दछन्। विजातीय प्रवृत्तिलाई पार्टीमा भित्र्याउँदैनन्। भुटेको मकै बाँडे जस्तो पार्टी सदस्य बाँड्दैनन्। त्यस्तो क्रान्तिकारी कम्युनिस्ट पार्टीको लागि मात्र संयुक्त मोर्चाको आवश्यकता पर्दछ। संशोधनवादी, सुधारवादी र संसदवादी नामधारी कम्युनिस्ट पार्टी जो निर्वाचन आयोगमा दर्ता छन्। हात उठाउना साथ पार्टी सदस्यता दिन्छन् ती आफै संयुक्त मोर्चा जस्ता पार्टीहरूलाई किन अरू दुईवटा जादुगरी हतियार आवश्यकता पर्दछ र ? उनीहरूलाई चुनाव जित्न एउटा नामधारी कम्युनिस्ट पार्टी भए पुग्छ। संयुक्त मोर्चा र सेना चाहिँदैन। मुखले क्रान्ति र परिवर्तन 'समाजवाद'का कुरा गर्छन् व्यवहारमा विद्यमान प्रतिक्रियावादी राज्यसत्ताका संचालक समिति हुन्। संयुक्त मोर्चालाई हामी यातायातको साधनसँग पनि तुलना गर्न सक्छौं। उदाहरणको लागि काठमाडौंबाट काँकडभिट्टा जाने एक्सप्रेस बसमा भरिसक्य लोकल यात्रु राखिँदैन, लक्ष्य उद्देश्य मिल्ने सकेसम्म टुङ्गोमा पुग्ने लामो दुरीका यात्रु मात्र राखिन्छ। ढिलाढाला नगरी निश्चित समयमा पुग्ने उद्देश्य राखिन्छ। त्यसो गर्दा कहिले काहीँ बस खाली जस्तो पनि हुन सक्छ। कम्पनी घाटामा जान पनि सक्छ। तर अर्को बस जो लोकल हुन्छ। उद्देश्य गन्तव्य चाँही पूर्वतिरै हुनुपर्छ हरेक स्टेशन र बिसौनीमा रोक्दै ५-१० रूपैयाका यात्रुसम्म चढाउँदै बस खचाखच भरेर लगिन्छ, तेलको पैसा मात्र होइन कम्पनी नाफामा जान्छ। बसका स्टाफको पनि टन्न आम्दानी हुन्छ। संयुक्त मोर्चा यस्तै खचाखच भरिने बस जस्तै हो, जो पूर्वतर्फ अर्थात् नयाँ जनवादी क्रान्तितर्फ उन्मुख छ। ऊ त्यो साधनमा उक्लन योग्य हुन्छ भने जस्तै हो।

नेपालमा संयुक्त मोर्चा मार्फत् पुरानो राज्यसत्तालाई अंश-अंश गर्दै ध्वस्त पार्दै विजय हासिल गर्दै जनतामा विश्वास जगाउँदै पाइला-पाइला गरेर नयाँ जनवाद, समाजवाद र साम्यवादतर्फ जाने काम हुँदै आएको छ। २००७ सालमा १०४ वर्षे जहानीयाँ निरङ्कुश राणा शासन कम्युनिस्ट, काङ्ग्रेस, प्रजापरिषद्, प्रचण्ड गोरखा जस्ता पार्टीहरूको संयुक्त मोर्चा मार्फत् हटाइयो। ३० वर्षे निरङ्कुश पञ्चायती व्यवस्थालाई आंशिक रूपमा २०३५/२०३६को जन-आन्दोलन र पुरै रूपमा २०४६ सालको संयुक्त राष्ट्रिय जन-आन्दोलन, वाममोर्चा र काङ्ग्रेसको संयुक्त मोर्चा मार्फत्, संयुक्त जनआन्दोलन मार्फत् हटाइयो। यस किसिमको परिवर्तन र सङ्घर्ष १० वर्षको जनयुद्ध र १९ दिने जनआन्दोलन मार्फत् २०६२/२०६३ को जनआन्दोलनबाट २५० वर्षको सामन्ती राजतन्त्र सहित परम्परागत संसदीय व्यवस्थाको जरा खलबल्याउने काम भयो र गणतन्त्र, धर्म निरपेक्षता सङ्घीयता र समानुपातिक समावेशिता जस्ता आंशिक उपलब्धि हासिल हुन पुग्यो। यस किसिमको विजय र परिवर्तनले गरे केही हुन्छ भन्ने विश्वास पैदा भएको छ भने, हाम्रा बाउ बाजेले पुरानो राज्यसत्ता बलियो छ यसलाई भत्काउनु र फेर्नु पहरोलाई कुहिनाले हिर्काउनु जस्तै हो भन्ने मिथक पुराना भए। सङ्घर्ष गरे परिर्तन हुन्छ भन्ने कुरा स्थापित भएको छ। कार्यगत एकता र कार्यनीतिक संयुक्त मोर्चाले यस किसिमका आंशिक सुधार र परिवर्तन हुँदै आएका छन् र गर्दै पनि जानु पर्छ। नेपालमा अहिलेसम्मका कार्यगत एकता र कार्यनीति संयुक्त मोर्चाले शासन व्यवस्थामा मात्र हेरफेर र परिवर्तन ल्याएको छ। एक्सप्रेस बस जस्तै राजनीतिक संयुक्त मोर्चाले लक्ष्य, उद्देश्य मिल्ने दुरगामी मित्र खोज्दै शासन व्यवस्था मात्र होइन राज्यसत्ता नै परिवर्तन गर्ने नयाँ जनवादी क्रान्ति नै गर्नु पर्दछ।

# राष्ट्रियताको मुद्दा र सङ्घर्षको सवाल



**पवनमान श्रेष्ठ**
*सचिव, दे.ज.मो*

नेपालको सवालमा राष्ट्रियताको मुद्दा एउटा सम्वेदनशील र पेचिलो मुद्दा बन्दै आएको छ । राष्ट्रियताको कुरा गर्दा देशको भूगोल अथवा सीमानामा बाह्य शक्तिले गर्ने हस्तक्षेपको रूपमा मात्र बुझ्ने पनि गरिन्छ । यहाँ यस्तो पनि प्रचलन छ कि राष्ट्रियताको समस्यालाई आम रूपमा नेपालमाथि बाह्य शक्तिको हस्तक्षेप मात्र बुझ्ने । तर यो आंशिक बुझाई मात्र हो । वास्तवमा राष्ट्रियताको सवाल देशमाथि बाह्य मुलुकबाट गरिने अवान्छित क्रियाकलाप र हस्तक्षेप तथा देश भित्रकै आदिवासी जनजातिमाथि हुने उत्पीडन र हस्तक्षेप पर्दछन् । त्यसैले राष्ट्रियताको सवाल आन्तरिक र बाह्य पक्ष दुबै हुन्छन् । राष्ट्रियताको मुल तत्व भनेको यहाँका जनता हुन् । जनताका आर्थिक, राजनीतिक, सामाजिक, सांस्कृतिक र भूगोल बाह्य राष्ट्रियता अन्तर्गत पर्दछन् भने आन्तरिक राष्ट्रियता पनि सम्बन्धित भूगोलका आदिवासी जनजाति, उनीहरूको अर्थतन्त्र, भाषा, कला, संस्कृति, धर्म आदि पर्दछन् ।

नेपालको राष्ट्रियताको कुरा गर्दा बाह्य राष्ट्रियता अन्तर्गत नेपालको एकीकरणपछि भारतस्थित इष्ट इण्डिया कम्पनीद्वारा नेपालमाथि फौजी हस्तक्षेपबाट शुरु भएको देखिन्छ र सुगौली सन्धिपछि नेपालले आफ्नो एकतिहाई भूगोल मात्र गुमाउनु परेन, बरू निरन्तर रूपमा थप आर्थिक, अप्रत्यक्ष रूपमा राजनीतिक र सांस्कृतिक रूपमा हस्तक्षेप हुँदै आएका छन् । नेपाल तात्कालिन रूपमा वृटिश इण्डियाको र हाल भारतीय विस्तारवादको अर्धउपनिवेश तथा नवउपनिवेशको रूपमा कायम रहेको छ । नेपालका आदिवासी जनजातिमाथि पृथ्वीनारायण शाहको गोरखा राज्य विस्तारका क्रममा उनीहरूका आदिथलो, आर्थिक, सांस्कृतिक र धार्मिक रूपमा उत्पीडन हुँदै आएका छन् । गोरखा राज्य विस्तारलाई हामी नेपालको भूगोलको एकीकरणको रूपमा पनि लिन सक्छौं । आज सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि नेपालको आन्तरिक राष्ट्रियता झन् गम्भीर सङ्कटमा पर्दै आएको छ । यस्तो हुनुमा साम्राज्यवादी तथा विस्तारवादका आडभरोसामा रहेका दलाल तथा नोकरशाही पुँजीपति राष्ट्रिय आत्मसमर्पपणवादी तथा ब्राह्मणवादी प्रतिक्रियावादी शासकहरूले मलजल गर्दै आएका छन् ।

नेपालका आदिवासी जनजातिमाथि पृथ्वीनारायण शाहको गोरखा राज्य विस्तारका क्रममा उनीहरूका आदिथलो, आर्थिक, सांस्कृतिक र धार्मिक रूपमा उत्पीडन हुँदै आएका छन् । गोरखा राज्य विस्तारलाई हामी नेपालको भूगोलको एकीकरणको रूपमा पनि लिन सक्छौं । आज सङ्घीय लोकतान्त्रिक गणतन्त्रमा पनि नेपालको आन्तरिक राष्ट्रियता झन् गम्भीर सङ्कटमा पर्दै आएको छ । यस्तो हुनुमा दलाल, राष्ट्रिय आत्मसमर्पपणवादी तथा ब्राह्मणवादी प्रतिक्रियावादी शासकहरूले मलजल गर्दै आएका छन् ।

नेपालको वाह्य राष्ट्रियताको कुरा गर्दा साम्राज्यवाद विषेशतः भारतीय विस्तारवादबाट लगातार रूपमा हुँदै आएको उत्पीडन प्रमुख रूपमा रहेको छ । भारतीय विस्तारवादले नेपालको भूगोलमाथिको अतिक्रमण, नेपाली जनताको जनजीवनमाथि प्रत्यक्ष रूपमा असर पार्ने गरी आर्थिक र सांस्कृतिक रूपमा अतिक्रमण, जनसाङ्खिक अतिक्रमण, राजनीतिक हस्तक्षेप आदि पर्दछन् । यिनलाई यसरी सुत्रबद्ध गर्न सकिन्छ ।

१. नदीनाला, जलस्रोत तथा जलविद्युत्सँग सम्बन्धित असमान सन्धि सम्झौताहरू । यस अन्तर्गत कोशी, गण्डक सम्झौता, महाकाली सन्धि, पछिल्लो चरणमा भएका अपर कर्णाली र अरूण तेस्रो रहेका छन् ।

२. कोशी नदीमा उच्च ड्याम बनाउने परियोजना, जसले नेपालको थुप्रै वस्ती र खेतीयोग्य भूमि जलमग्न बनाउने छ । यसका साथै नेपालको दक्षिणी सीमानामा भारतद्वारा जमिन उठाएर बनाइएका सडक तथा ड्याम, जसले नेपाली भूमि वर्षातको मौसममा डुवानमा पारिरहेको छ ।

३. पारवहन सन्धि ।

४. भारतीय विस्तारवादले नेपाल जस्तो भूपरिवेस्थित देशमाथि वेलावखत गरिने नाकाबन्दी ।

५. सीमाना अतिक्रमण ।

६. दार्चुला जिल्ला स्थित कालापानी-लिपुलेक-लिम्पियाधुरा भारतीय विस्तारवादको फौजसहितको कब्जा ।

७. विप्पा सम्झौता ।

८. नागरिकता विधेयक ।

९. निर्वाध रूपमा भित्रिने भारतीय सिनेमा तथा उपभोग्य सामग्रीहरू ।

१०. सन् १९५० को सन्धि तथा त्यस अघिका सन् १८१६ को सुगौलीसम्मका सन्धिहरू, जसले नेपाललाई भारतको उपनिवेश बनाएको छ ।

११. सन् १९६५ को सन्धि र पत्राचारहरू, जसले नेपाललाई भारतीय सुरक्षा छातामुनि ल्याउने काम गरेको छ ।

१२. पछिल्लो चरणमा नेपाली राजनीतिमा भारतीय हस्तक्षेप, जसले नेपाललाई भारतको अर्धउपनिवेश मात्र नबनाएर नबउपनिवेश बनाउने गरेको छ ।

१३. एम.सि.सि।

अर्कोतिर आन्तरिक राष्ट्रियताको कुरा गर्दा ब्राह्मणवादी राज्यसत्ताले यहाँका आदिवासी जनजातिमाथि थिचोमिचो र उत्पीडन गर्दै आएको छ। यसलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ ः

१. आदिथलोमाथि अतिक्रमण र आप्रवासनको समस्या।

२. भाषा, कला, संस्कृतिमाथि उत्पीडन र अतिक्रमण।

३. सम्पदामाथि अतिक्रमण।

४. प्राकृतिक स्रोतसाधनमाथि अतिक्रमण।

५. विकास निर्माणको नाममा आदिवासी जनजातिको उठिवास र अप्रत्यक्ष रूपमा जातीय संहार।

६. अर्थतन्त्रमाथि अतिक्रमण र विनास।

नेपालको राष्ट्रियताको कुरा गर्दा बाह्य राष्ट्रियता र आन्तरिक राष्ट्रियता दुवै गम्भीर सङ्कटमा रहेका छन्। आन्तरिक राष्ट्रियता (आदिवासी जनजाति र क्षेत्रमाथि भइरहेका उत्पीडन) को समस्या हल नभई वास्तवमा देशभित्रको राष्ट्रियता मजबुत हुन सक्दैन। यसको मतलब जनता बिचमा सुदृढ एकता पैदा हुन सक्दैन। जनताको सुदृढ एकता बिना बाह्य राष्ट्रियताको समस्या (बाह्य शक्ति विषेश गरी भारतीय विस्तारवादको थिचोमिचो, उत्पीडन र हस्तक्षेपका) विरुद्ध सशक्त रूपमा लड्न सकिँदैन। अर्कोतिर बाह्य राष्ट्रियतालाई सुदृढ बनाउन नसक्दा आन्तरिक राष्ट्रियता पनि सुदृढ हुन सक्दैन। आन्तरिक राष्ट्रियता र बाह्य राष्ट्रियता बिचमा द्वन्द्वात्मक सम्बन्ध रहेको हुन्छ। अर्को शब्दमा भन्दा आन्तरिक राष्ट्रियता र बाह्य राष्ट्रियता एक अर्काका परिपुरक हुन्छन्। त्यसैले राष्ट्रियताको कुरा गर्दा एक पक्ष समातेर अर्को पक्षलाई अनदेखा गर्नु राष्ट्रियताको आन्दोलनलाई जानीनजानी कमजोर बनाउने काम हुन्छ। यसबाट हामी सतर्क रहनु पर्दछ। हामी फेरि यस कुरामा पनि स्पष्ट हुनु पर्दछ कि अन्ततः बाह्य राष्ट्रियता प्रधान हुन्छ। यसो भन्दै गर्दा आन्तरिक राष्ट्रियतालाई छोड्नु गम्भीर गल्ती हुनेछ र यसले बाह्य राष्ट्रियतालाई कमजोर बनाउँछ।

आन्तरिक राष्ट्रियताको समस्या हल गर्न यहाँका आदिवासी जनजातिहरूलाई पहिचान सहितको सङ्घीयता, स्वायत्तता, स्वशासन र अग्राधिकारको व्यवस्था हुनु पर्दछ। यसले माथि उल्लेख गरिएका आन्तरिक राष्ट्रियताका समस्या हल गर्नेछ। बाह्य राष्ट्रियताको समस्या हल हुन देशको राष्ट्रिय स्वाधीनता अक्षुण्य हुनु पर्दछ। यसले माथि उल्लेख गरिएका बाह्य राष्ट्रियताका समस्याहरू हल हुनेछन्। आन्तरिक तथा बाह्य राष्ट्रियताको समस्या हुनुमा साम्राज्यवाद तथा विस्तारवादको भूमिका गंभीर भएकोले आन्तरिक राष्ट्रियताको सवालमा देशभित्रका दलाल, नोकरशाही पुँजीपति वर्ग, ब्राह्मणवादी सामन्त वर्गको विरुद्ध संघर्ष केन्द्रीत गर्नुका साथै साम्राज्यवाद र विस्तारवाद विरुद्ध पनि संघर्ष केन्द्रीत गर्नु पर्छ। यी दुवैको निकास नयाँ जनवादी क्रान्तिले मात्र पुरा गर्न सक्दछ।

आन्तरिक राष्ट्रियताको समस्या हल गर्न यहाँका आदिवासी जनजातिहरूलाई पहिचान सहितको सङ्घीयता, स्वायत्तता, स्वशासन र अग्राधिकारको व्यवस्था हुनु पर्दछ। यसले माथि उल्लेख गरिएका आन्तरिक राष्ट्रियताका समस्या हल गर्नेछ। बाह्य राष्ट्रियताको समस्या हल हुन देशको राष्ट्रिय स्वाधीनता अक्षुण्य हुनु पर्दछ।

त्यसैले राष्ट्रियताको मुद्दा जुन देशको अत्यन्त संवेदनशील तथा जटिल मुद्दा र देशको एउटा जल्दोबल्दो तथा प्रमुख मुद्दा मध्ये एक बनेको छ, यसलाई हल गर्न सबैले आन्तरिक तथा बाह्य राष्ट्रियता हल गर्ने गरी दुबै मुद्दाहरूलाई सशक्त रूपमा उठान गरेर सङ्घर्षलाई सशक्त बनाउनु पर्दछ। आम पार्टी पङ्क्तिभित्र, क्रान्तिकारी संयुक्त मोर्चाभित्र, सबै जबस र जातीय मोर्चाहरू तथा मञ्चहरूमा पनि यो एउटा प्रमुख मुद्दा बन्नु पर्दछ। साथै यसका लागि आम नेपाली जनता एक भई नयाँ जनवादी क्रान्ति सम्पन्न गरेर सङ्घीय जनगणतन्त्र स्थापना गर्ने दिशामा अघि बढ्नु बाहेक हाम्रो अगाडि अर्को विकल्प छैन।

०७८/०३/३१

---


विद्यमान समाजको अहिलेसम्मको इतिहास वर्ग सङ्घर्षको इतिहास हो।

**– कम्युनिस्ट घोषणा पत्र**

जनतालाई सङ्गठित गर्ने काम हाम्रो हो। जहाँसम्म चीनका प्रकिृयावादीहरूलाई अपदस्त गर्नका लागि जनतालाई सङ्गठित गर्ने काम हाम्रो हो। सबै प्रतिकृयावादी एकै हुन्, नहिर्काइकन ढाल्न सकिँदैन। यो भुईंमा कसेर लगाउनु जस्तै हो। नियम अनुसार, जहाँ कुचो पुगेको हुँदैन, त्यहाँको कसेर आफैं सफा हुँदैन।

**– माओ**

# नेपाली कम्युनिस्ट आन्दोलनमा संयुक्त मोर्चाको प्रश्न : विगतदेखि वर्तमानसम्म



**क. हुकुमबहादुर सिंह**
*केन्द्रीय सदस्य, नेकपा(क्रान्तिकारी माओवादी)*

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा संयुक्त मोर्चाको निर्माणको प्रश्नले लामो समयदेखि महत्वपूर्ण स्थान पाएको छ । तर सँधैभरी त्यसको प्रभावकारिता र निरन्तरतामा अनेक प्रश्नहरू उठ्ने गरेका छन् । खासमा कम्युनिस्टका लागि संयुक्त मोर्चाको निर्माणको उद्देश्य भनेको मूलतः देशभित्रको सामन्तवादी शक्ति र देश बाहिरका साम्राज्यवादी र खासगरी नेपालको सन्दर्भमा भारतीय विस्तारवादी शक्तिका विरूद्ध लड्नका लागि एउटा बलियो शक्तिको निर्माण गर्नु हो ।

अहिलेसम्मको नेपाली अनुभवमा साम्राज्यवादी र खासगरी नेपालको सन्दर्भमा भारतीय विस्तारवादी शक्तिका विरूद्ध लड्ने सवालमा बनाइएका संयुक्त मोर्चाले खासै प्रभावकारी भूमिका खेल्न सकेका छैनन् र ती बाह्य शक्तिहरूले नै नेपालको राजनीतिक परिवर्तनमा नकारात्मक रूपमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन् । परिणाम नेपाली राजनीतिक दललगायत नेपालको प्रशासनतन्त्र र सञ्चार क्षेत्रमा समेत् उनीहरूका दलालहरूको वर्चश्व बलियो बन्दै गएको छ । त्यसैले नेपालको सन्दर्भमा राष्ट्रिय स्वाधीनताको लागि गरिने आन्दोलनका लागि निर्माण गरिने संयुक्त मोर्चा सँधैभरी असफल नभएता पनि प्रतिक्रियावादीहरूको चौघेरालाई नाघेर स्वतन्त्र नेपालको निर्माणतर्फ अघि बढ्न सकेका छैनन् ।

नेपाली कम्युनिस्ट आन्दोलनको इतिहासमा सर्वप्रथम सन् १९५१ नोभेम्वरमा पहिलो पटक जातीय (राष्ट्रिय) जनतान्त्रिक संयुक्त मोर्चाको विधिवत उद्घाटन काठमाडौंमा गरिएको थियो । यसमा नेपाल कम्युनिस्ट पार्टी, प्रजा परिषद्सहित् विभिन्न जनवर्गीय सङ्गठनहरू जस्तै : किसान, मजदुर, विद्यार्थी, लेखक, महिलालगायत गैह्र नेपाल शान्ति समिति र नेपाल प्रगतिशील अध्यन मण्डल पनि थिए । (पुष्पलालद्धारा लिखित नेपाल कम्युनिस्ट आन्दोलनको सङ्क्षिप्त इतिहास, पुष्पलाल स्मृति–प्रतिष्ठानद्वारा २०५३ मा प्रकाशित किताबबाट)

त्यसवेला यसले आफ्नो घोषणापत्र प्रकाशित गरेको थियो । त्यसमा भनिएको थियो- 'हाम्रो संयुक्त मोर्चाको ध्येय नेपालमा मजदुर, किसान, मध्यम वर्ग र राष्ट्रिय पुँजीपतिहरूलाई प्रतिनिधित्व गर्ने सच्चा जनवादी तत्वहरूको नेतृत्वमा पूर्ण जनवादी सरकार कायम गर्नु हो । यो ध्येय प्राप्तिका निम्ति नेपालका विभिन्न वर्गहरूको बलियो एकता एउटा ठूलो हतियार हो । यस हतियारलाई नतिखारेसम्म अङ्ग्रेज–अमेरिकी साम्राज्यवाद, देशीय सामन्तवाद र भारतीय पुँजीवादलाई देशबाट निकाल्नलाई जरैदेखि उखेली फ्याँक्न हामी सक्ने छैनौ ।' त्यसलाई अझ स्पष्ट पार्दै भनिएको थियो - ' विदेशी साम्राज्यवादको पक्ष लिने कुनै पनि सरकारले न त देशलाई मुक्त गर्न सक्छ न त देशमा जनतन्त्र नै कायम गर्न सक्छ ।' (पुष्पलाल, छानिएका रचनाहरू भाग १, २०५३ जेठ ३, पेज १९६) ।

त्यसबेलाको राष्ट्रिय जनतान्त्रिक संयुक्त मोर्चाको गठनको समर्थन गरेर प्रजापरिषद्का अध्यक्ष टङ्कप्रसाद आचार्यले नेपाल कम्युनिस्ट पार्टीका महामन्त्री पुष्पलाललाई १९५१ को जुलाईमा पत्र लेखेर भनेका थिए- 'मित्र, राष्ट्रिय जनतान्त्रिक संयुक्त मोर्चाको गठनका सम्बन्धमा तपाईको अपिल समयोचित मात्रै नभई प्रतिक्रियावादी, सामन्ती र विदेशी साम्राज्यवादीहरूलाई परास्त गरी जनवादी व्यवस्था कायम गर्ने एक मात्र आशा भएको हुँदा हामीहरू तपाईको विचारधारासँग सहमत छौं ।'

तर यो घोषणालाई बिचैमा तुहाउनका निम्ति राजा त्रिभुवनले निम्न काम गरेका थिए : प्रथम, राज्यकोषबाट पैसा आफ्नो दरवारमा ओसार्न थाले, द्वितीय आफ्नो दरबारलाई एउटा फौजी किल्लाको रूपमा परिणत गर्ने नीति अपनाए, तेस्रो विभिन्न पार्टीका सिद्धान्तच्यूत व्यक्तिहरूलाई आफ्नो पक्षमा लिँदै विरोधी पार्टीहरूमा विभाजन गराई आफ्नो पक्षमा काम गर्न नयाँ नयाँ नाममा नयाँ नयाँ राजनीतिक पार्टी तथा सङ्घ संस्थाको निर्माण गर्ने नीति लिए । यसका लागि त्यसवेलाको ठूलो राजनीतिक दल नेपाली काङ्ग्रेसमा विभाजन ल्याउन सफल भए । मातृकाप्रसादको नेतृत्वमा राष्ट्रिय प्रजा पार्टीको गठन गर्न मात्रै लगाएनन्, जातीय (राष्ट्रिय) जनतान्त्रिक संयुक्त मोर्चाको एउटा प्रमुख समर्थक प्रजापरिषद्लाई मन्त्रीमण्डलमा केही सिट दिन लगाएर मोर्चा नै छाड्न लगाए र मातृका मन्त्रीमण्डलमा प्रजापरिषद् सामेल भयो ।

नेपाली काङ्ग्रेस र प्रजापरिषद्ले धोका दिएता पनि नेपाल कम्युनिस्ट पार्टीले आफ्नो कार्यक्रम र नीति अनुसार जनआन्दोलन निर्माण गर्दै जाने बाटो लिँदै गयो । यसका लागि पार्टीको पहलकदमी र नेतृत्वमा सङ्गठित भएका समाजका विभिन्न वर्ग र वर्गस्तरहरूलाई उनीहरूकै मागका आधारमा सङ्घर्षमा उतार्ने कामलाई गर्दै रह्यो । ती सङ्गठनहरूले आफ्ना वर्गीय मागहरू पेश गर्दै सङ्घर्षलाई अगाडि बढाए । परिणाम देशका विभिन्न भागहरूमा किसानका गौरवपूर्ण सङ्घर्षहरू भए । राज्यभरका न्यून–वैतनिक कर्मचारीहरू बढी तलब र राम्रो सुविधाका निम्ति हड्तालमा उत्रे । परिणाम सरकारको केन्द्रीय सचिवालय र अन्य अड्डा अदालतहरू हप्तौसम्म ठप्प भए । सामन्ती शोषण, सरकारको अत्याचार तथा विदेशी हस्तक्षेपका विरूद्ध समग्र देश आन्दोलित भयो । मुक्ति सेनाले खुल्ला रूपमा विद्रोह गऱ्यो । फलस्वरूप फौजी हेडक्वार्टर, केन्द्रीय सचिवालय, रेडियो नेपल, स्टेशन, वैक तथा अन्य सरकारी अड्डाहरू मुक्ति सेनाले कब्जामा लियो ।

त्यही समय दिल्ली सम्झौताको विरोधमा संयुक्त आन्दोलन पनि गरिएका थिए। तर ती मोर्चाहरूलाई देश र जनताको मुक्तिको प्रश्नमा भन्दा सरकारमा कसरी जाने र त्यहाँ गएर सरकारलाई कसरी टिकाउने भन्ने सवालमा बढ्ता चासो भएका कारण त्यस्ता मोर्चाहरू बन्ने र विघटन हुने क्रम भयो।

हुनत नेपालको सन्दर्भमा विगतमा औपचारिक रूपमा संयुक्त मोर्चाको निर्माण नगरिएता पनि आफ्नो कार्यक्रम र नीति नमिलेको अवस्थामा पनि अन्य पार्टी तथा दलका नेतृत्वमा प्रत्येक जनवादी कार्यहरूमा नेपाली जनता, दलहरू, जनवर्गीय सङ्गठनहरूले सहयोग दिएका प्रशस्त उदाहरणहरू छन् । नेपालमा राणा शासनको अन्त्य, राजाको शासनको अन्त्य आदि सबै आन्दोलनका सफलताका पछाडिका उदाहरण हाम्रा अगाडि छन् । औपचारिक संयुक्त मोर्चाको निर्माण हुन कठिन भएता पनि आपसी सहकार्य र कार्यगत एकताले पनि नेपालको राजनीतिक परिवर्तनमा महत्वपूर्ण मद्दत भएका छन् । तर पनि देशमा आमूल परिवर्तनका लागि देश भित्र र देश बाहिरका संयुक्त मोर्चाको सवाल हो, त्यसको आन्दोलनलाई बलियो, सशक्त बनाउन र दिगो बनाउनका लागि प्रथम मोर्चाबारे मोर्चामा संलग्न राजनीतिक दल र अन्य सहभागिहरूको दृष्टिकोण के हो स्पष्ट हुनु जरूरी हुन्छ। व्यक्तिवादी संकिर्णता र निषेधात्मक नीतिको प्रयोगले संयुक्त मोर्चाको सवालतर्फ मद्दत नगरेका प्रशस्त उदाहरणहरू छन् । साथै मोर्चाको निर्णयलाई बिर्सी जथाभावी तरिकाले बोल्ने, प्रचार गर्ने, लेख्ने, पर्चा निकाल्ने, नारा लगाउने आदि गर्नाले आन्दोलनलाई नै हानी भएका अनगिन्ति उदाहरणहरू पनि हामीसँग छन् ।

नेपालको सन्दर्भमा विगतमा औपचारिक रूपमा संयुक्त मोर्चाको निर्माण नगरिएता पनि आफ्नो कार्यक्रम र नीति नमिलेको अवस्थामा पनि अन्य पार्टी तथा दलका नेतृत्वमा प्रत्येक जनवादी कार्यहरूमा नेपाली जनता, दलहरू, जनवर्गीय सङ्गठनहरूले सहयोग दिएका प्रशस्त उदाहरणहरू छन् । नेपालमा राणा शासनको अन्त्य, राजाको शासनको अन्त्य आदि सबै आन्दोलनका सफलताका पछाडिका उदाहरण हाम्रा अगाडि छन् । औपचारिक संयुक्त मोर्चाको निर्माण हुन कठिन भएता पनि आपसी सहकार्य र कार्यगत एकताले पनि नेपालको राजनीतिक परिवर्तनमा महत्वपूर्ण मद्दत भएका छन् ।

संयुक्त मोर्चामा संलग्नहरूमा रहेको ढूलमूल तथा कुनै उपलब्धि बीना बीचैमा सम्झौतामा पुग्ने चरित्रप्रति सचेत बनाउदै आन्दोलनमा सामेल गराउन सक्नुमा नै संयुक्त मोर्चाको नेतृत्वको कार्यकुशलता निर्भर गर्दछ। अपरझट सोचाई, अपरझट उत्तेजनात्मक कारबाही तथा अचेतन क्रियाकलापबाट जहिले पनि क्रान्ति र क्रान्तिकारी एकताका लागि बाधा पुगेका इतिहास छन्। क्रान्तिका मित्र वर्गसित हाम्रो दृष्टिकोण प्रतिशोध र उत्तेजनाको नभई धैर्येता, एकता तथा आलोचनाको हुनुपर्दछ। उत्तेजनामा नआई यसलाई व्यवहारमा लागुगर्नू आवश्यक छ। संयुक्त मोर्चाको निर्माणका लागि यो नीतिले महत्वपूर्ण स्थान राख्छ।

द्विपक्षीय र बहुपक्षीय वार्ता र छलफलबाट माथि उठेर गर्ने काम नै मोर्चा गठन हो । मोर्चा विभिन्न घटकहरू बिचको गठवन्धन पनि हो । संसदीय लोकतन्त्रमा गठवन्धन कि त सरकार बनाउन र त्यसलाई टिकाइरहन गरिन्छ भने अर्को विद्यमान सरकारका ठाउँमा आफ्नो नेतृत्वमा सरकार बनाउने रहन्छ । यस्ता गठवन्धनमा सँधैभरी एकाधिकारवादी र यथास्थितिवादी चिन्तन रहन्छन् । जनता र राष्ट्रका पक्षमा खडाभएर काम गर्ने गठवन्धनको सधै आवश्यकता रहन्छ । सरकारमा टिकीरहने, नयाँ सरकारको गठन गर्ने गठवन्धनका विरूद्ध राष्ट्र र जनताका पक्षमा काम गर्ने विकल्पको रूपमा नयाँ मोर्चाको आवश्यकता रहिरहन्छ । त्यसकारण नेपालको वर्तमान सन्दर्भमा देशका सबै सच्चा वामपन्थी, देशभक्त, गणतन्त्रवादी र सङ्घीयतावादीहरूको एउटा नयाँ सशक्त मोर्चा खडा गर्नु आवश्यक्ता भएको छ। मोर्चाको निर्माण किन गर्ने ? के यसले देशको आवश्यकता पुरा गर्दछ ? भन्ने सवाल देश र जनताको मुक्तिका लागि गठन गरिने मोर्चाको लागि अहम् सवाल हो । मेर्चालाई निरन्तरता दिने सवाल महत्वपूर्ण हो भने अझ महत्वको सवाल भनेको सशक्त क्रान्तिकारी मोर्चाको रूपमा विकास गर्ने सवाल झन चुनौतीपूर्ण हो। उत्पीडित नेपाली जनताका साझा समस्याको समाधानका लागि सरोकार राख्ने सबै सङ्गठन र जनतालाई गोलवन्द कसरी गर्ने र त्यसका लागि लोकपृय अभियानको सञ्चालन नै मोर्चाको उद्येश्य हो।

यद्धपि मोर्चाको राजनीतिक आधार सबैभन्दा महत्वपूर्ण आधार हो तर त्यो आधार सधैका लागि निर्धारित, स्थायी र अपरिवर्तनीय हुँदैन्। मोर्चाका घटकको हुने भन्ने कुरा त्यतिखेर विद्यमान परिस्थितिमा निर्भर गर्दछ र परि स्थितिमा आएको परिवर्तनसँगै यसको चरित्र पनि वदलिन्छ । सुरूमा यो एउटा सहकार्य,कार्यगत एकताका रूपमा सुरू हुन सक्छ र आवश्यकता र विश्वासका आधारमा र क्रमसः देशमा विकसित राजनीतिक परिस्थितिका कारण यसले एउटा नयाँ मोर्चाको रूपमा काम गर्नु पर्ने आवश्यकता पैदा भयो भने सामान्य कार्यगत एकताबाट माथि उठेर एउटा मोर्चाका रूपमा काम गर्न थाल्नु नै वास्तवमा संयुक्त मोर्चातर्फको सही र दृघकालिन रणनीति आवश्यक छ।

देशको आफ्नै विशेषता र राष्ट्रिय एवम् अन्त्यराष्ट्रिय परिस्थितिको आधारमा मोर्चाको आधारको निर्णय र त्यस आधारमा मोर्चाको निर्माण गरिन्छ। नेपालको विशिष्ट अवस्थामा मोर्चाको आधार मूलत राष्ट्रियता र जनतन्त्र नै हो। यसका साथै वर्गीय, जातीय, क्षेत्रीय र लैगिक आधार पनि कम महत्वका छैनन्। त्यसकारण नेपालका क्रान्तिकारी शक्ति भनेका वामपन्थी, गणतन्त्रवादी, देशभक्तहरू, मजदुर, किसान, दलित, आदिवासी जनजाति, मधेशी, महिला, पिछडीएका क्षेत्रका जनता नै हुन् । यिनीहरू बिचको मोर्चा नै यतिखेरको आवश्यकता बन्दै गएको छ । यिनकै आधारमा यो नारालाई पनि कदापी भुल्न हुँदैन् कि क्रान्तिकारीहरूको नेतृत्वमा संयुक्त सरकारको गठन पनि संयुक्त मोर्चाको माग हुनु पर्दछ।

मोर्चाको नीति तथा कार्यक्रम स्पष्ट हुनुका साथै यसका उद्देश्य, गठन, संरचना, कार्यविधि तथा आचार संहितासमेत स्पष्ट हुनु आवश्यक छ । नेपालको इतिहासमा मोर्चाको आचार संहिताको परिपालन नभएका प्रसस्त अनुभवहरू छन् । संयुक्त मोर्चाको गठनको कुरा गर्दा सामान्यता दुईवटा दृष्टिकोण छन्ः प्रथम पार्टीहरूकैबीचमा संयुक्त मोर्चाको गठनको आधार खोज्ने, द्धितीय संयुक्त मोर्चा भन्नाले वर्गहरूबीचको मोर्चा मात्रै सम्झने। जे भएता पनि संयुक्त मोर्चा भन्नाले मुख्य शत्रुका विरूद्ध लडनका निम्ति गरिने वर्ग–सम्झौता नै हो।

*(singhhukum683@gmail.com)*

# नवराजले भेरीमा हामफाल्यो



**हिरामणि दुःखी**
*केन्द्रीय सदस्य, दे.ज.मो*

जब सत्ताको मष्तिष्कमा विभेदको फोहर भरिन्छ
तब सत्ताको आँखाले
क्वारक्वार्ती हेर्दाहेर्दै पनि
सत्ताको आँखै अगाडिबाट
आफैँले आफ्नो शरीरका
अङ्गाङ्गहरूमा छामी छामी
लाठी, मुङ्ग्रा र ढुङ्गाले हिर्काएर
पार्दै छिया छिया
नवराजहरू मृत्यु रोज्दै भेरीमा हामफाल्छन् ।
... ...
जुन दिन मनुले सत्ताको तरबारले
'दलित' र 'नारी'हरूका छाती चिरेर
बगेका रक्तनादमा चोपेर
'स्मृतिग्रन्थ' तयार पारे
त्यसै दिन मानवताले पखेटा हाल्दै
शून्य आकाशमा उडान भरेको हो
यो एक्काइशौँ शदीसम्म पनि
मानवताले अवतरण गरेको छैन अवनीमा
र, त नवराजहरूलाई मृत्यु प्यारो लाग्छ
अनि भेरीमा हामफाली रहन्छन् निरन्तर ।
... ...
'स्मृति' भन्छ 'नारी'हरू
ड्यामड्याम्ती ठटाउनैका लागि लाठी र मुङ्ग्राले
जन्मिएका हुन् अवनीमा
जसरी ठटाइन्छन् ढोलकहरू
सभा र उत्सवहरूमा
त्यसरी नै ठटाइनु पर्छ
नवराजहरूका छातीमा लाठी र मुङ्ग्रा
'स्मृति'ले त्यही भन्छ
र, त नवराजहरू सत्ताका अगाडि
तयार पारिन्छन् भेरीमा हामफाल्न ।
... ...
ताक्नु हुँदैन 'ख्वामित'का छोरीहरू
नवराजहरूले प्रेमालिङ्गनमा
तातो भिर रोपिदिनु पर्छ

नवराजहरूका आँखामा
'स्मृति'ले त्यही भन्छ
'स्मृति' कानूनका पाना च्यात्न उठेका हातहरू
जब सत्तासिन हुन पुग्छन्
तब मनुको 'स्मृति' नै प्यारो लाग्दोरहेछ
सत्तासिन 'ख्वामित'हरूलाई
र, त नवराजहरू भेरीमा हामफाल्छन् ।
... ...
'निर्दोष छ भेरी किनाराको
गाउँले सिंहदरबार'
संसदमा मालिक बोल्यो
'नवराजहरू स्वयम्
पौडी खेल्दा डुबेका हुन् भेरीमा'
माननीयज्यूको साविति थियो
नवराजहरूले नै आफ्नो रगत र पसिनाले
साटेका भोटको भऱ्याङ चढेर पुगेका थिए
संसद भवनमा माननीयहरू
त्यसैले त नुनको सोभो गर्दै
माननीयज्यूले संसदमै बसेर प्रत्यक्ष
देखेका थिए नवराजहरू
भेरीमा हामफाल्दै गरेको दृष्य ।
... ...
नवराजहरू भेरीमा हामफाल्नकै लागि
बन्दुक बोकेका थिए ?
तरबार र खुकुरीमा धार उज्याएर
वर्गबैरी सत्ताको गर्दन ताकेका थिए ?
सट्टामा संसद र सत्तामा आसिन भए
नवराजहरूलाई बन्दुक बोकाउनेहरू
जब नवराजहरू मनुको स्मृति च्यात्दै
'ख्वामितका छोरीहरू ताक्न थाले
तब 'स्मृति' जाग्यो जङ्गबहादुर बनेर
नवराजले भेरीमा हामफाल्यो ।
... ...
२०७७ भदौ ११, तुलसीपुर

# ज्ञापन पत्र

**सम्माननीय प्रधानमन्त्री ज्यू,**
**प्रधानमन्त्रीको कार्यालय**
**नेपाल सरकार, सिंहदरबार**
**काठमाडौं ।**
**मार्फत्**
**माननीय मुख्यमन्त्री ज्यू,**
... .... **प्रदेश सरकार ।**

**विषयः ज्ञापन–पत्र ।**

महोदय,

सर्वप्रथम हाम्रो सङ्गठन देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको प्रथम ऐतिहासिक राष्ट्रिय सम्मेलन मिति २०७५ चैत २४-२६ सम्म काठमाडौंमा भव्य एवम् सभ्य रूपमा सम्पन्न भएको जानकारी गराउन पाउँदा हामीलाई धेरै खुसी लागेको छ । उक्त सम्मेलनद्वारा निर्वाचित केन्द्रीय समितिको बैठकले निर्णय गरे अनुसार प्रधानमन्त्री समक्ष ज्ञापन-पत्र प्रस्तुत गर्न गैरहेका छौं । यस सन्दर्भमा यहाँलाई यो कुरा स्मरण गराउन चाहन्छौं कि हाम्रो सङ्गठनका तर्फबाट मिति २०७४ फागुन २५ गतेका दिन हाम्रो सङ्गठनका अध्यक्षको नेतृत्वमा एक प्रतिनिधि मण्डल उपस्थित भई राष्ट्रियता, जनतन्त्र, जनजीविका र राज्यलाई जनमुखी एवम् जनहितैषि बनाउने विषयहरू समेटिएको ९४ (चौरानब्बे) बुँदे ज्ञापन-पत्र प्रस्तुत गरिएको थियो । त्यस बखत यहाँले प्रस्तुत गरिएका माग र विषयहरू उचित रहेको र ती सबैको गम्भिरता पूर्वक अध्ययन, मनन गरी कार्यान्वयन गरिने र अब आगामी समयमा त्यस प्रकारका मागहरू लिएर यसरी प्रतिनिधि मण्डल आईरहन नपर्ने समेत बताउनु भएको थियो । तर अहिलेसम्म हामीले उक्त ज्ञापन-पत्रमा उल्लेख गरे जस्तै राष्ट्रघात, जनघात, भ्रष्टाचार, नातावाद र कृपावाद घट्नु र नियन्त्रण हुनुको साटो झन्झन् बढ्दै र अनियन्त्रित हुँदै गैरहेको जगजाहेर छ । अतः आज एक वर्षको समयावधिपछि पनि विभिन्न मागहरू राखेर पुनः ज्ञापन-पत्र प्रस्तुत गर्नुपर्ने स्थिति सिर्जना हुन पुगेको छ । यस प्रकारका काम कारवाहीहरू नरोकिएमा हाम्रा अगाडी सङ्घर्ष बाहेक अर्को विकल्प रहने छैन, अतः त्यसबाट उत्पन्न हुने सम्पूर्ण परिणामको जम्मेवार स्वयम् सरकार नै हुनपर्ने जानकारी समेत गराउन चाहन्छौं ।

**हाम्रा मागहरू निम्नानुसार रहेका छन् :**

१. नेपाल एक स्वाधीन, स्वतन्त्र, सार्वभौमसत्ता सम्पन्न र अविभाज्य मुलुक हो भने भारत लगायत अन्य देशहरूसँग गरिएका (सन १९५० लगायतका) सम्पूर्ण असमान सन्धि, सम्झौताहरू तत्काल खारेज गर्न र पारस्परिक सम्मान र समानताका आधारमा आवश्यकता अनुसार नयाँ सन्धि, सम्झौताहरू गर्न माग गर्दछौं ।

२. नेपालको लिपुलेकदेखि कालापानी हुँदै लिम्पियाधुरासम्मको ३७२ (तीनसय बहत्तर) वर्ग कि.मि. भूभाग गुम्ने गरी भारतद्वारा प्रकाशन गरिएको नक्कली मानचित्र (नक्सा) लाई खारेज गर्दै सम्पूर्ण सरकारी कार्यालयहरूबाट तत्काल हटाउन र नेपालको सक्कली मानचित्र प्रकाशित गरी बितरण गर्न माग गर्दछौं ।

३. नेपालको समग्र क्षेत्रफल १,४७,१८१ (एकलाख सत्चालिस हजार एकसय एकासी) वर्ग कि.मि. रहेकोमा हाल विभिन्न ७ (सात) प्रदेशहरूको अलग-अलग मानचित्र (नक्सा) प्रकाशित भएकोमा कूल क्षेत्रफलमा १०,०१९ (दश हजार उन्नाईस) वर्ग कि.मि.क्षेत्रफल गायब पारिएको प्रति गम्भिर ध्यानाकर्षण गराउँदै उक्त गल्ती कार्यलाई तत्काल सच्याउन माग गर्दछौं ।

४. जलस्रोत सम्बन्धमा भएका कोशी, गण्डकी, महाकाली, माथिल्लो कर्णाली, अरूण तेस्रो लगायतका राष्ट्रहित विरुद्ध गरिएका सन्धि, सम्झौताहरू तत्काल रद्द गरी ती आयोजनाहरू राष्ट्रहितको पक्षमा गर्न, गराउन जोडदार माग गर्दछौं ।

५. नेपाल-भारत सीमा अन्तर्गत ७१ (एकहत्तर) स्थानमा भारतद्वारा सीमा अतिक्रमण भएको भन्ने जानकारीमा आएको कुरा अवगत गराउँदै सो स्थानहरूमा अतिक्रमित भूमि तत्काल फिर्ता गराई सीमा नियमन गर्न माग गर्दछौं ।

६. भारतद्वारा सीमा क्षेत्रमा एक पक्षीय रूपमा निर्माण गरिएको महलिसागर र खुर्दलोटन लगायतका बाँधहरूका कारणले प्रत्यक वर्ष वर्षायाममा नेपालतर्फ व्यापक जनधनको हानीनोक्सानी हुँदै आएकोतर्फ ध्यानाकर्षण गराउँदै उक्त समस्या तदारुकताका साथ समाधान गर्नका लागि माग गर्दछौं ।

७. केही समय अगाडि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले नेपाल भारतको एक हिस्सा भएको भन्दै दिएको अभिव्यक्तिप्रति गम्भिर आपत्ती जनाउँदै ध्यानाकर्षण गराउँदछौं र त्यस प्रकारको हेपाहा प्रवृत्ति एवम् दृष्टिकोणको सशक्त विरोध गर्न माग गर्दछौं ।

८. सन् १९४७ को नेपाल-भारत-वेलायत बिच भएको गोर्खा भर्ति सम्बन्धी त्रिपक्षीय सन्धि खारेजी गर्न, ब्रिटीश गोर्खा भूतपूर्व सैनिकहरूप्रति वेलायत सरकारले गरेका अन्यायपूर्ण र असमान नीति र व्यबहारका बिरूद्ध उनीहरूले उठाएका मागहरू तत्काल पुरा गर्न र वेलायत सरकारको थप गोर्खा रेजीमेन्ट बनाउने र नेपाली महिलाहरूलाई समेत भर्ति गर्ने नीतिप्रति गम्भिर आपत्ति जनाउँदै त्यसमाथि रोक लगाउन माग गर्दछौं ।

९. नागरिकता ऐन संसदमा प्रस्तुत भई विचाराधीन रहेको अवस्थामा गृह मन्त्रालयका तर्फबाट अङ्गिकृत र जन्मसिद्ध नागरिकका सन्तानलाई वंशजका आधारमा नागरिकता प्रदान गर्ने परिपत्र गरेकोप्रति गम्भिर ध्यानाकर्षण गराउँदै त्यस प्रकारको कार्यको घोर बिरोध गर्दै तुरुन्त रोक्न माग गर्दछौं ।

१०. सत्ताको संरक्षणमा संस्थागत भई सबै क्षेत्रमा व्याप्त भएको र व्यापकरूपमा फैलिएको भ्रष्टाचारप्रति गम्भिर ध्यानाकर्षण गराउँदै त्यस्ता कार्यमा संलग्नहरू जो कोहीलाई पनि कारवाहीको दायरामा लिई कडा भन्दा कडा कारवाही गर्न जोडदार माग गर्दछौं ।

११. सरकारले विपक्षी राजनीतिक पार्टीहरूलाई दमन गर्ने क्रममा नेपाल कम्युनिस्ट पार्टी 'विप्लव' समुहमाथि लगाएको प्रतिबन्धको बिरोध गर्दै उक्त प्रतिबन्ध तत्काल हटाउन माग गर्दछौं र हाम्रो सङ्गठन लगायत अन्य राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरूलाई प्रशासनद्वारा गिरफ्तार गरेर झुठ्ठा मुद्दा लगाउने र मुद्दा मामिलामा फसाउने कार्यको घोर विरोध गर्दै वहांहरूको विनाशर्त रिहाईको लागि जोडदार माग गर्दछौं ।

१२. बारा जिल्ला लगायत देशको अन्य स्थानहरूमा आएको प्राकृतिक प्रकोप (विध्वंसकारी आँधिहुरी) को कारणबाट हुन गएको व्यापक जनधनको क्षति भएकोप्रति गम्भिर ध्यानाकर्षण गराउँदै पीडितहरूको लागि क्षतिपुर्ति एवम् घरवासको व्यबस्था गर्न र घाइतेहरूको उपचारको व्यबस्था गर्न माग गर्दछौं ।

१३. दैनिक उपभोग्य वस्तुहरूमा भएको महङ्गी र काला बजारीप्रति सरकारको गम्भिर ध्यानाकर्षण गराउँदै महङ्गी र काला बजारी नियन्त्रण गर्न माग गर्दछौं ।

१४. देशमा भैरहेको अशान्ति, असुरक्षा, हत्या, बलात्कार जस्ता जघन्य अपराधहरूलाई नियन्त्रण गरी अमनचयन कायम गर्न र अपराधिहरूलाई कारवाही गरी पीडित पक्षलाई न्याय र राहत प्रदान गर्न माग गर्दछौं ।

१५. वैदेशिक रोजगारीको नाममा स्वयम् सरकारको पहलमा युवा जनशक्तिलाई विदेश पलायन बनाउने नीति एवम् कार्य भैरहेको अवस्थाप्रति गम्भिर आपत्ती जनाउँदै त्यस प्रकारको कार्य तत्काल बन्द गर्न र स्वदेशमै रोजगारी सिर्जना गरी जनशक्ति पलायन रोक्न जोडदार माग गर्दछौं ।

१६. शिक्षा र स्वास्थ्य क्षेत्रमा व्यापक मात्रामा भैरहेको नीजिकरण, व्यापारीकरण र नाफाखोरी अवस्थाको तत्काल अन्त्य गरी शिक्षा र स्वास्थ्यलाई राज्यको दायित्व अन्तर्गत राखेर आम जनसमुदायका लागि सर्वसुलभ बनाउन जोडदार माग गर्दछौं ।

१७. मजदूर, किसान, दलित, महिला र आदिवासी जनजाति लगायत सम्पूर्ण उत्पीडित वर्ग, जाति, लिङ्ग र क्षेत्रका जनसमुदायहरूको न्यायोचित मागहरू तत्काल पुरा गर्न माग गर्दछौं ।

१८. जनयुद्ध र जनआन्दोलनका सहिद, घाईते र वेपत्ता पारिएका परिवारहरूको न्यायोचित माग पुरा गर्न र समस्याहरूको तत्काल समाधान गर्न माग गर्दछौं ।

१९. भूमिहीन, सुकुम्वासी, कमलरी, कमैया, हरूवा, चरुवाहरूले ब्यहोर्नु परेको गम्भिर समस्याहरूको तत्काल समाधान गरी उनीहरूले उचित मानवीय जीवन यापन गर्न पाउने अवस्था सिर्जना गर्न जोडदार माग गर्दछौं ।

२०. देशको वहुआयामिक र समग्र विकाश कार्यका लागि सम्पूर्ण मानवीय संसाधनको परिचालन एवम् प्राकृतिक श्रोत साधनको सदुपयोग गर्नका निम्ति देश विकाश सम्बन्धी खाका (ब्लुप्रिन्ट) तयार पारेर तत्काल सार्वजनिक गर्न माग गर्दछौं ।

**सी.पी. गजुरेल**

*अध्यक्ष, केन्द्रीय समिति*

*देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल*

# नेपालको सार्वभौमिकता र अखण्डताको रक्षाको प्रश्न

२०७६ कात्तिक १६ (नवेम्बर २, १९१९) का दिन भारतको मोदी सरकारले पुनः नयाँ राजनीतिक नक्सा जारी गऱ्यो । सरकारले भारतीय संविधानको धारा ३७० खारेज गरेपछि भारतीय सिमालाई नयाँ ढङ्गले परिभाषित गर्ने उद्देश्यले जारी गरेको नयाँ नक्सामा पनि नेपालको ३८५ वर्ग कि. मि. भूभाग भारतले आफ्नो सिमाभित्र पारेको छ, जुन हाम्रो देशको भक्तपुर जिल्लाको क्षेत्रफल भन्दा तीन गुना ठुलो हुन्छ । नेपाल सरकारलाई कुनै जानकारीसम्म पनि नदिइकन तयार पारिएको यो नक्सा सार्वजनिक भएपछि नेपालमा यसले एक प्रकारको तरङ्ग नै पैदा गरेको छ । हुनत भारतले हड्पेको भूभाग यति मात्र होइन, सुस्ता र महेशपुर त पहिलेदेखि नै मिचिरहेकै छ । जम्मा ७१ ठाउँमा सिमानाको नेपाली भूभाग मिचेको कुरा स्पष्ट भैसकेको छ । अब भारतले मिचेजति सबै भूभाग एकै साथ दावी गर्ने र नेपालले आफ्नो भूभाग कायम र स्थापित गर्ने बेला आइसकेको छ । राजनीतिक पार्टीहरू र सरोकारवाला सङ्घ, संस्थाहरूले आआफ्नै किसिमले यो अतिक्रमणका विरुद्ध आवाज उठाइरहेका छन् । जानकारी हुँदाहुँदै पनि नेपालमा अहिलेसम्म भएका विरोधलाई भारत सरकारले खासै टेरेको देखिँदैन । उसले आफ्नो अतिक्रमणलाई जायज ठहराउने सकेसम्म प्रयास गरिरहेको देखिन्छ । त्यसैले भारतीय सेनाबाट नेपाली भूभाग कालापानी मुक्त गराउने र भारतले आफ्नो सीमाभित्र पारेर राजनीतिक नक्सामा प्रकाशित समेत गरिसकेको भूभाग नेपालले सुरक्षित गर्ने र त्यसमाथि आफ्नो स्वामित्व कायम गराउने काम निकै चुनौतीपूर्ण रूपमा उपस्थित भएको छ । यतिखेर हाम्रो देशको सार्वभौमिकता र अखण्डतामाथि नै गम्भीर प्रकारको सङ्कट पैदा भएको छ । यो नेपालको समग्र इतिहासकै एउटा ठुलो सङ्कट हो । यसलाई त्यही उचाईका साथ लिनु आवश्यक छ । हामीले हाम्रो सार्वभौमिकता र अखण्डताको रक्षा यतिखेर गर्न सकेनौं भने यो सन् १८१६ को सुगौली सन्धिपछिको सबैभन्दा ठुलो राष्ट्रघातप्रति 'मौनम् सम्मति' ठहर्नेछ । यस अवस्थामा देशका सम्पूर्ण देशभक्तहरू एकतावद्ध हुनु जरुरी छ । यसैको आधार तयार पार्नका लागि हामीले नेपालको सुन्दर र पर्यटकीय नगरी पोखरामा यो सर्वपक्षीय गोष्ठीको आयोजना गरेका हौं । देश नरहे हामी कोही पनि रहने छैनौं । त्यसैले यो राष्ट्रिय सङ्कटको घडीमा हामी सबैले गम्भीर भएर सोच्न र देशभक्त नेपालीहरूको बिच अपूर्व एकता कायम गरेर हाम्रो प्यारो देश, प्यारो मातृभूमिको रक्षा कसरी गर्न सकिन्छ भन्ने विषयमा खुलस्त र गहन छलफल गर्नका लागि पनि हामी सबैसँग अनुरोध गर्दछौं ।

### भारतीय सेना कालापानी कसरी पस्यो ?

भारत र चीनको बिचमा सन् १९६२ मा भएको युद्धका समयमा भारतीय सेनाले नेपालसँग शरण मागी कालापानी पसेर चिनियाँ सेनाको कारवाहीबाट बच्न सफल भएको थियो भन्ने कुरा स्पष्ट छ । तत्कालीन भारत सरकारले नेपालसँग कुनै लिखित वा अलिखित सम्झौताका आधारमा आफ्नो सेनालाई कालापानी क्षेत्रमा प्रवेश गरायो अथवा त्यसो नगरिकन जबर्जस्ती प्रवेश गरायो, यो विषय अझै पनि अस्पष्ट नै छ । यस विषयमा विभिन्न भनाई र कथनहरू छन् । तथापि लिम्पियाधुरा, कालापानी र लिपुलेक निर्विवाद नेपालको भूभाग हो भन्ने कुरामा भने कुनै सन्देह छैन । तर, ती दुई युद्धरत देशका बिचमा युद्धविराम र युद्धको समाप्तीपछि पनि भारतीय सेनाले कालापानी छाडेन । त्यसपछि भारत सरकारले अटेर गरेर नै विगत ५७ वर्षदेखि नेपाली भूभागमा सेना राखिरहेकै छ । यतिखेर त स्थायी ब्यारेक नै बनाएर सेना सुदृढ गराएर राखेको छ । अझ अहिले आएर त 'यो नेपालको भूभाग नै होइन, भारतको हो' भन्ने प्रचारवाजी गरिरहेको छ । यो कति लज्जास्पद र मिचाहा प्रवृत्ती हो ? यो घटनाबाट पाठ सिक्दै, जुनसुकै कारणबाट होस् आफ्नो भूभागको एक इञ्च जमिन पनि कसैलाई प्रयोग गर्न दिनु नहुने रहेछ भन्ने गम्भीर शिक्षाको रूपमा यसलाई लिनु पर्दछ ।

### भारत सरकार किन झस्कियो

भारतले नेपालको लिम्पियाधुरा, कालापानी र लिपुलेक आफ्नो सीमाभित्र पारेर तयार पारिएको नक्सा व्यापकरूपमा वितरण र प्रचार प्रसार गरेपछि नेपालमा यसको सर्वत्र विरोध भैरहेको छ । कतिपय मानिसले यतिखेर यसलाई नयाँ परिघटनाका रूपमा बुझ्ने र व्याख्या गर्ने गरेको जस्तो पनि पाइन्छ । तर, नेपाल र नेपालीका लागि भारतीय अतिक्रमण नयाँ भने होइन । यसै प्रकारको नक्सा वर्षौं अघि भारतले प्रकाशित गरेर नेपाल पठाउने गरेको थियो भन्ने बुझिन्छ । लिम्पियाधुरा, कालापानी र लिपुलेक भारतमा गाभिएको नक्सा नेपालका हरेक क्षेत्रमा प्रयोग भैरहेको थियो । अन्यत्रको त कुरै छाडौं, नक्सा तयार गर्ने जिम्मा पाएको नेपाल सरकारको भूमिसुधार मन्त्रालयमासम्म पनि यही नक्सा टाँगिने गरेको थियो र साथै अझै पनि होला । अहिलेसम्मका नेपालका सरकारहरूले आफैंले आफ्नो देशको नक्सा प्रकाशित गरे कि गरेनन्, त्यो पनि स्पष्ट छैन । तर, त्यस प्रकारको नक्सा सार्वजनिक रूपमा आएको पाइँदैन ।

२०७५ सालमै नेकपा (क्रान्तिकारी माओवादी)को योजनामा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्वमा काठमाडौंमा मन्त्रालय, नगरपालिका लगायत विभिन्न कार्यालयमा अनुगमन गरी भारतको नक्सा झिकेर यसमा कसरी नेपालको भूभाग मिचिएको छ भनेर सम्झाउने काम पनि गरिएको थियो । यसका साथै देशभक्त जनगणतान्त्रिक मोर्चाको आयोजनामा २०७५ साल फाल्गुण ७ देखि २१ गते सम्म सम्पन्न 'मेची महाकाली अभियान'का समयमा नेपालको वास्तविक नक्सा र भारतले प्रकाशित गरेको नक्कली नक्साका बिचमा तुलना गरेर कसरी नेपाली भूभाग भारतमा गाभेर नक्सा बनाइएको छ भन्नेबारे जनतालाई सचेत गराउने कामसमेत गरिएको थियो । त्यतिखेर हाम्रो यो प्रस्तुतीलाई धेरैले गम्भीरतापूर्वक लिने काम गरे जस्तो लागेको थिएन । थोरै मानिसले मात्र यसमा चासो देखाएका थिए । अन्य कुनै सङ्गठन वा सङ्घ संस्थाले चासो देखाएको पाइएको थिएन । त्यतिखेर यस्तो महत्वपूर्ण काममा पनि हामी एक्लै परेजस्तो अनुभूति भएको

थियो । अहिले आएर यसमा सबैको चासो बढ्नु खुसीको कुरा हो । अहिले यही विषय राष्ट्रिय एजेण्डा बन्न गएकोमा हामीले गर्वको अनुभूति गरेका छौं ।

भारतका विभिन्न सरकारहरू नेपाली भूमिमाथि अतिक्रमण गर्ने योजनामा सफल हुँदै आएका थिए । त्यसैलाई कार्यान्वयन गर्न उद्दत देखियो मोदी सरकार । नेपालको ओली सरकारका तर्फबाट 'मौनम् सम्मति'को प्रदर्शन भएपछि त भारत सरकार ढुक्क हुनु अस्वाभाविक पनि थिएन । परन्तु, भारत सरकार द्वारा नेपालको लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्र भारतभित्र पारिएको नक्सा प्रचारमा आएपछि नेपाली जनतामा यसपटक असन्तोष देखा पऱ्यो र त्यसको सार्वजनिक रूपमा विरोध भयो । एक पटक त त्यसले तरङ्ग नै पैदा गऱ्यो । यसबाट भारत सरकार सशङ्कित भएको र भस्किए जस्तो लाग्दछ ।

**सुगौली सन्धिको प्रश्न**

डिसेम्बर २, १८१६ मा भारतको इष्ट इण्डिया कम्पनी सरकार र तत्कालीन नेपाल सरकारका बिच भएको सुगौली सन्धिका कारण नेपाल खुम्चिएर अहिलेको आकारमा आएको हो । सुगौली सन्धि अझै कायम छ वा छैन भन्ने विषयमा पनि धेरै विवाद छन् । सन् १९५० को नेपाल-भारत सन्धिले यसभन्दा अघि भएका सबै सन्धिहरू खारेज गरिएको छ भनेर किटान गरिसकेपछि सुगौली सन्धि स्वतः समाप्त भएको र नेपालले सुगौली सन्धि भन्दा पहिलेको भूभागमा दावी गर्न सक्ने तर्क र तथ्य पनि निकै बलियो छ । अहिले नेपाल र भारतले मान्दै आएको सिमाना त्यही सुगौली सन्धिले निर्धारित गरेको सिमाना हो । सुगौली सन्धिको धारा-५ मा भनिएको छ, "नेपालका श्री ५ महाराजाधिराज मौसुफ स्वयम्का लागि, मौसुफका उत्तराधिकारीहरू वा वारिसहरूका लागि काली नदीको पश्चिममा पर्ने देशहरूसितको सम्बन्ध र सम्पूर्ण दावीहरू परित्याग गरिबक्सन्छ र ती देशहरू वा तिनका वासिन्दाहरूसित कहिल्यै कुनै चासो मौसुफबाट राखिबक्सने छैन ।" (नेपालको सिमाना, बुद्धिनारायण श्रेष्ठ, पृ १२१)

भारत सरकारले पनि मान्दै आएको र दर्जनौं तथ्यहरूले पुष्टि गरेको कुरा के हो भने लिम्पियाधुरा भएर बग्ने नदी नै काली नदी (जस्लाई हिजो आज महाकाली नदी भनिन्छ) हो । तर, भारत सरकारको अहिलेको नक्साले लिपियाधुराबाट बग्ने नदीलाई महाकाली नदीको मुहान नमानेर लिपुलेकबाट बग्ने खोल्सी, जसको नाम हो लिपुखोला, त्यसलाई नै महाकाली नदीको मुहान भनेर देखाउने जाली भेली काम गरिरहेको छ । त्यहाँ एउटा सानो काली मन्दिर बनाएर मन्दिरका नामबाट महाकाली नदी रहेको जस्तो जाली तर्क अघि सार्ने गरेको पनि पाइन्छ । संसारकै सबैभन्दा ठुलो देशमा गणना हुने भारतका शाषकहरूले यति तल भरेर जालभेल गर्नु उनीहरूकै लागि पनि अशोभनीय र लज्जास्पद विषय हुनु पर्ने हो । यस प्रकारका लज्जास्पद र कुतर्क गरेर जसरी नेपालको भूभागमा भारतीय सेना तैनात गरी त्यसमाथि कब्जा जमाउन खोजिएको छ, त्यसलाई कुनै पनि हालतमा स्वीकार्न सकिँदैन । यो नेपालमाथिको खुला अतिक्रमण हो र यो कोही पनि सच्चा देशभक्त नेपालीका लागि मान्य र सह्य हुन सक्दैन ।

यदि भारत सरकार यही तर्कमा कायम रहन्छ भने उसले सुगौली सन्धिलाई नमानेको ठहर्छ । त्यस अवस्थामा सन्धिको अर्को पक्ष नेपालले पनि नमान्ने अधिकार नेपालसँग सुरक्षित हुन्छ । यस अर्थमा अब नेपालले पूर्वको सिमाना टिष्टा नदी, पश्चिमको सतलज नदीसम्माको भूभागमाथि दावी पेस गर्न सक्दछ । भारतले अतिक्रमण गरेको भूभाग शान्तिपूर्ण तरिकाले नेपाललाई सुम्पुवा नगरेको खण्डमा नेपालले पनि सुगौली सन्धि पूर्वको भूभागमाथि दावी गर्नु नितान्त स्वाभाविक बन्न जान्छ । नेपाली सिमामाथि अतिक्रमण र सेना राख्ने काम गरिरहँदा भारत सरकारले यो पक्षप्रति राम्रो ध्यान दिएको देखिँदैन । स्मरणीय छ, नेपालले उक्त राष्ट्रघाती "सुगौली सन्धि"का कारण आफ्नो १,०५,००० वर्ग कि. मि. भूभाग गुमाएर केवल १,४७, १८१ वर्ग कि. मि. भूभागमा खुम्चिनु परेको हो ।

**सरकार, पार्टी, सङ्घ, संस्थाहरूको भूमिका**

यो एउटा सर्वमान्य तथ्य हो कि देशको भूभागको रक्षा गर्ने मुख्य जिम्मेवारी सरकारको हुन्छ । यदि कुनै पनि सरकारले देशको सीमा सुरक्षाको जिम्मेवारी पुरा गर्न सक्दैन वा चाहँदैन भने त्यसलाई त्यो ठाउँमा रहिरहने अधिकार हुँदैन । त्यसले सरकारको मान्यता पनि पाउनु हुँदैन । विद्यमान के पी ओली नेतृत्वको सरकारले भारतीय अतिक्रमणका सम्बन्धमा यसले आफैंले महत्वका साथ प्रचार गर्ने गरेका कामहरू हुन् - संसदभित्रका केही दलहरूको बैठक बोलाउने र भारत सरकारलाई एउटा 'कुटनीतिक नोट' पठाउने । यी दुईवटै खासै महत्वका काम होइनन् । यस प्रकारका नेपाल सरकारका कदमलाई भारत सरकारले पिँडुलाका रौं बराबर पनि गनेको छैन । यसका साथै भारत सरकारले नेपाल सरकारका तर्फबाट कुनै पनि औपचारिक कुटनीतिक नोट प्राप्त नभएको समेत जनाएको छ । ओली सरकारले यो भूभाग नेपालको हो सम्म त भनेको छ । तर, त्यसलाई हासिल गर्ने कार्यमा सिन्कोसम्म पनि भाँच्ने काम गरेको छैन । यस प्रकार यो सररकार आफ्नो जिम्मेवारी पुरा गर्न असक्षम सावित भएको देखिन्छ ।

संसदको प्रमुख प्रतिपक्षी पार्टी नेपाली काङ्ग्रेसले अहिलेसम्ममा ओली सरकार र भारतको मोदी सरकारलाई यस विषयमा आछु आछु पार्नु पर्ने हो । तर यो पार्टी भिना मसिना कुरामै सीमित छ । विदेशी अतिक्रमण भैरहेको अहिलेको अवस्थामा ठुलै हङ्गामा मचाउनु पर्ने हो । तर, यो पार्टीका नेताहरूले सरकारसँग गुनासो गर्ने बाहेक अन्य उल्लेख्य काम गर्न सकिरहेका छैनन् । यसले कुनै पनि विषयमा संसदको प्रमुख प्रतिपक्षको भूमिका पुरा गर्न सकेको छैन ।

अन्य पार्टीहरूको पनि उल्लेख्य भूमिका देखिन्न । तिनीहरूको सडक सङ्घर्षमा खासै भूमिका देख्न सकिएको छैन । सार्वभौमिकता र राष्ट्रिय अखण्डताका पक्षमा आवाज उठाउन र दवाब सिर्जना गर्नका लागि केही देशभक्त व्यक्तित्वहरू मिलेर अभियानको निर्माण गर्ने प्रयास गरिरहनु भएको पाइन्छ । विभिन्न क्षेत्रमा कार्यरत व्यक्तित्वहरूले स्वतन्त्ररूपमा राष्ट्रको पक्षमा र अतिक्रमणका विरोधमा आवाज उठाइरहनु भएको छ । हामी वहाँहरूप्रति सम्मान व्यक्त गर्दै यस विषयमा ऐक्यवद्धता कायम गर्न चाहन्छौं ।

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको नेतृत्व र पहलमा नेपालको वास्तविक राजनीतिक नक्सा, नेपाल सरकारले प्रयोग गर्ने गरेको नक्सा, भारतले प्रकाशित गरी वितरण गरेको नक्सा प्रदर्शन गर्दै, तिनीहरूका बिचको अन्तर र भिन्नताको विषयमा बुझाउँदै अन्तरकृया, विचार गोष्ठी, विरोध जुलुस, विरोध सभा, नेपाल र भारतका प्रधानमन्त्रीहरूलाई ज्ञापनपत्र दिने आदि कार्यक्रम भैरहेका छन् । कार्यक्रममा जनताको समर्थन र जनसहभागिता बढ्दै गएको छ । यी कार्यक्रमहरूमा राष्ट्रको सार्वभौमिकता र अखण्डताको रक्षाका पक्षमा उभिने राष्ट्रिय व्यक्तित्वहरूसँग पनि सहकार्य गर्ने, वहाँहरूलाई पनि हाम्रा कार्यक्रममा आमन्त्रित गरी वहाँहरूका विचारलाई ससम्मान स्थान दिने कामहरू गर्दै आएका छौं । यी गतिविधिमा सकृय भएकै कारण यो सरकारले देशभक्त जनगणतान्त्रिक मोर्चाका दर्जनौ नेता र कार्यकर्तालाई

गिरफ्तार गरेर प्रहरी हिरासतमा थुन्ने र झुठा मुद्दामा फसाउने प्रयास गरिरहेको छ। यस प्रकारको सरकारी दमनको पनि सबैतिर विरोध भैरहेको छ। गिरफ्तार नेता, कार्यकर्ता सबै रिहा पनि भैसकेका छन्।

दशौं लाख देशभक्त नेपाली जनतालाई देशमाथि भैरहेको अतिक्रमणका विरुद्ध दवाव सिर्जना गर्नका लागि सडकमा ओर्लन आह्वान गर्ने र त्यसका निमित्त उपयुक्त वातावरण सिर्जना गर्नुपर्ने अहिलेको अवस्थामा यो सरकार देशभक्त शक्ति र जनतामाथि नै दमन गर्न उत्रिन्छ भने यसको अर्थ के हुन्छ ? यसले कसलाई फाइदा पुर्‍याउँछ त ? यो सरकारले कसको सेवा गरिरहेको छ त ? कुरा प्रष्ट छ।

**भारतको रवैया**

नेपालमा भारतीय अतिक्रमणका विरुद्ध जनता आन्दोलित भैरहेका छन् भन्ने कुराको भारत सरकारलाई राम्रोसँग जानकारी छ। भारतीय प्रधानमन्त्रीका नाममा ज्ञापनपत्रहरू पनि नेपालबाट गैरहेकै छन्। पहिलेदेखि सिमा अतिक्रमणदेखि लिएर, असमान सन्धि सम्झौता र हस्तक्षेपको पनि विरोध गर्दै आएका नेपाली जनता पछिल्लो नक्कली नक्सा प्रकरणबाट भारत सरकारसँग असन्तुष्ट र आक्रोषित हुँदै गएका छन् भन्ने कुरा पनि भारत सरकारले बुझेको छ। यो हुँदाहुँदै पनि त्यसले आफ्नो योजनाबाट पछि हट्ने कुनै सङ्केत देखाएको छैन। भारतीय प्रधानमन्त्री मोदी यस सम्बन्धमा एक शब्द पनि बोलिरहेका छैनन्। परराष्ट्र सचिव वा मन्त्रालयका कर्मचारी मार्फत् 'भारतले कसैको जमिन नमिचेको आफ्नो भएको भूभागको मात्र नक्सा प्रकाशित गरेको' भन्ने बयान आएका छन्। केही दिन अघि उत्तराञ्चलका मुख्यमन्त्री रावतले "कालापानी भारतको अभिन्न अङ्ग हो र भविष्यमा पनि रहिरहने छ" भनी बयान दिएका थिए। केही वर्ष अघि भारतका राजदुत रहेका र भारत सरकारले नेपाल विज्ञका रूपमा अघि सार्दै आएका श्याम शरणले एउटा भारतीय अङ्ग्रेजी दैनिक पत्रिकामा दिएको अन्तर्वार्तामा नेपालीहरूले आफ्नो माटोबाट भारतीय सेना फिर्ता गराउन र गलत नक्सा सच्याउनका लीग उठाएको आवाजलाई "मूर्खता सावित नहोस्" भन्ने चेतावनी दिएको खबर नेपाली अनलाइन मिडियामा भाइरल बनेको थियो। यसका साथै केही दिन अघि मात्र भारतले कालापानी क्षेत्रमा तीन दर्जन जति एस्काभेटर प्रयोग गरेर धमाधम बाटो बनाउँदै छ भन्ने खबरहरू अनलाइन सञ्चार माध्यममा आइरहेका छन्। यी सबै घटनाक्रमबाट के स्पष्ट हुन्छ भने भारतले नेपालको भूभाग स्थायी रूपमा कब्जा गर्ने मनसायबाट नै यो कामलाई अघि बढाएको हो। मोदी सकारको यो सुनियोजित योजना हो। त्यसबाट उनीहरू सजिलै पछि हट्ने लक्षण देखिएको छैन।

यदि कसैले सहज रूपमा भारतले यो भूभाग छाडिहाल्छ कि कालापानीबाट भारतीय सेना फिर्ता लगिहाल्छ कि भन्ने सोचेको छ भने त्यो महाभूल हुनेछ। त्यो फगत एउटा मूर्खता मात्र हुनेछ। यसको अर्थ के हामीले आफ्ना भूभाग फिर्ता लिनै सक्दैनौं त ? त्यसो होइन। निश्चय पनि हामी नेपाली जनताले आफ्नो भूभाग फिर्ता लिन सक्छौं। हामीले यो काम गर्न सक्नै पर्दछ। तर, हाम्रो योजना पनि उच्च र व्यापक प्रकारको हुनु पर्छ, सशक्त हुनु पर्छ, जसले भारत सरकारलाई पछि हट्न, हाम्रो भूभाग छाड्न बाध्य गराओस्। यसको निमित्त निर्णायक भूमिका खेल्ने शक्ति हो नेपाली जनताको एकतावद्ध आन्दोलन। यतिखेर देशभक्त नेपालीहरू एकतावद्ध हुनु पर्दछ। यतिखेर देशभक्त नेपालीहरूका बिचमा फूट होइन एकताको आवश्यकता छ। यतिखेर सम्पूर्ण राष्ट्र एकतावद्ध हुनु पर्दछ। देश बचाउनका लागि सबैले आआफ्नो ठाउँबाट पहल गर्नु पर्दछ, योगदान पुर्‍याउनु पर्दछ। हाम्रो देशको भूभाग कब्जा गर्ने उद्देश्य राखेर अतिक्रमणमा उत्रिएको शक्तिको पक्षमा काम गर्ने दलालहरूले देशभक्त नेपालीका बिचमा फाटो र फुट पैदा गराउने चेष्टा र प्रयास गर्ने छन्। त्यसलाई असफल पार्दै अघि बढ्ने तथा त्यस्ता तत्वलाई नेपाली जनताका बिचबाट अलग्याउने काम पनि सँगसँगै अघि बढाउनु पर्ने आवश्यकता छ।

**चीनको भूमिका**

केही समय पहिले हाम्रो उत्तरतिरको छिमेकी देश चीनको सरकारका तर्फबाट यस विषयमा एउटा वक्तव्य आएको थियो। सितिमिती र हतारो गरेर वक्तव्य दिइनहाल्ने चीन सरकारको विदेश मन्त्रालयले आधिकारिक वक्तव्य जारी गर्दै "दुई देशका सरकारहरूले यस विषयमा आपसमा वार्ता गरी शान्तिपूर्ण किसिमले सिमानाको समस्या समाधान गर्नु पर्छ" भन्ने सुझाव दिएको छ। यो वक्तव्यले केही कुराको सङ्केत गरेको छ। पहिलो कुरा त नेपाल र भारतका बिचमा सीमा सम्बन्धी समस्या छ भन्ने कुराको यसलाई एउटा स्वीकारोक्तिको रूपमा लिन सकिन्छ। दोस्रो, मोदी सरकारले यतिबेलासम्म वार्ताको कुरै नगर्ने र वार्ता गर्न नचाहिरहेको बेलामा दुई देशका बिचको वार्ताको प्रश्न उठाइएको छ। चीनबाट यतिखेर यो वक्तव्य आउनु नेपालका लागि सकारात्मक पक्ष नै मान्नु पर्दछ। तेस्रो, जनगणतन्त्र चीन सरकारले लामो समयदेखि आफु हरहमेसा नेपालको सार्वभौमिकताको रक्षाको प्रश्नमा उभिने र जुनसुकै सहयोग गर्नका लागि तयार रहने प्रतिवद्धता व्यक्त गर्दै र त्यसको अभ्यास पनि गर्दै आएको थियो। यतिखेर ठिक त्यसै प्रकारको प्रतिवद्धताको अपेक्षा छिमेकी मित्रराष्ट्रबाट नेपाली जनताले गरिरहेका छन्। यो कुराप्रति चीन सरकारको ध्यान जाओस् भन्ने हाम्रो भनाई छ।

**राष्ट्रिय स्वाधीनता – सबैको कसी**

नेपालको राष्ट्रियता, राष्ट्रिय स्वाधीनता, सार्वभौमिकताका विषय, व्यापक चर्चाको विषय बन्दै आउने गरेको छ,, खासगरी भारतमा शासन गरिरहेको तत्कालीन बृटिश कम्पनी सरकार र नेपाल सरकारका बिचमा सन् १८१६ मा भएको सुगौली सन्धि पछि। यी विषयमा आफुलाई अब्बल दर्जाको देशभक्त भएको स्वाँग गरेर जनता झुक्याउने र सत्तामा पुग्ने काम यहाँका शाषक पार्टीका नेताहरूले पटक पटक गर्ने गरेका छन्। नेपालको राष्ट्रिय स्वाधीनतामाथि दखल दिने काम प्रायः भारतबाटै हुने गरेको छ। नेपालमा पटक पटक चर्चा हुने गरेको विषय के हो भने भारत सरकारको आशिर्वाद नपाइकन कुनै पनि पार्टी सरकारमा जान सक्ने अवस्था छैन। संसदीय निर्वाचन हुनु र सरकार बन्नु भन्दा अगाडि संसदीय पार्टीका नेताहरू दिल्ली दर्शनमा लर्को लागेर गएको देख्दा उक्त भनाईको राम्रोसँग पुष्टि हुन्छ। नेपालमा जनताले एक प्रकारले कथन नै बनाइसकेको पाइन्छ कि, "नेपालका पार्टीका नेताहरू सत्तामा जानु भन्दा अघि देशभक्त, राष्ट्रवादी र भारत विरोधी कुरा गर्दछन्। तर सत्तामा पुग्ने वित्तिकै उनीहरूले राष्ट्रियता बिर्सिन्छन् र भारत सरकारको दलाली गर्न थाल्दछन् र उसैको निर्देशन अनुसार काम गर्न थाल्दछन्।" केही पार्टीलाई छाडेर अन्य सबै संसदीय पार्टीहरूको चरित्र यस्तै छ। यसको अर्थ नेपालमा भएका सबै राजनीतिक पार्टीहरू त्यस्तै हुन् भन्न खोजिएको होइन।

कुन पार्टी वास्तविक देशभक्त हो र कुन नक्कली देशभक्त वा जनतालाई झुक्याउने र धोका दिने पार्टी हो भन्ने कुरामा भएको अस्पष्टतालाई स्पष्ट गर्न सकियो भने त्यसले नेपाली राजनीतिमा ठुलै योगदान गर्न सक्ने छ। लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्रको करिव ३८५ वर्ग कि. मि. भूभाग भारतमा पारेर भारतले बनाएको नक्सा र कालापानीमा तैनाथ भारतीय सेना प्रकरणका सन्दर्भमा नेपालका राजनीतिक पार्टी, सङ्घ, संस्थाहरू र व्यक्तित्वहरूले खेलेको भूमिकाका आधारमा अब को सच्चा देशभक्त हो

र को राष्ट्रवादका नाममा ठगि गर्ने हो, तिनलाई सबैले चिन्न सक्ने अवस्था पैदा हुँदै छ। अब राष्ट्रिय स्वाधीनता, सार्वभौमिकता, अखण्डताको विषयले सबै पार्टी, सङ्गठनहरू र व्यक्तिहरूको कसीको काम गर्ने अवस्थाको सिर्जना भएको छ। यो यस्तो कसी हुने छ जस्ले सच्चा देशभक्त र नक्कली देशभक्तलाई स्पष्टसँग छुट्याउने छ। सच्चा देशभक्त र राष्ट्रघातीका बिचको अन्तर स्पष्ट हुन्छ।

**केही बुँदागत सुझावहरू**

माथि जे जति चर्चा गरियो त्यसका सारभूत र सबै भन्दा महत्वपूर्ण विषयहरू हुन् :

१.भारतीय सेनाबाट कालापानीलाई मुक्त पार्नु

२. भारतले लिम्पियाधुरा, कालापानी र लिपुलेकलाई गाभेर बनाएको राजनीतिक नक्सालाई खारेज गराउनु

३.नेपाल सरकारले नेपालको सम्पूर्ण भूभाग समावेश भएको नक्सा आफैंले बनाउनु र त्यसलाई सर्वत्र स्थापित गराउनु

४. यो भूभागमाथि नेपालको स्वामित्वलाई अबिच्छिन्न रहनेगरी स्थापित गर्नु

५. सबै असमान सन्धि, सम्झौता खारेज गर्नु

६.नेपालको पूर्ण राष्ट्रिय स्वाधीनता कायम गराउनु

यसका निमित्त तत्कालै निम्न लिखित कदम चालेर अघि बढ्नु आवश्यक छ :

(१) हाम्रो प्राथमिकता विद्यमान समस्याको समाधान भारतसँग युद्ध गरेर होइन, गैर सामरिक विधिद्वारा खोजिनु पर्ने हुनु पर्दछ।

(२) नेपाल सरकार आफैंले लिम्पियाधुरा, कालापानी र लिपुलेक सहितको नक्सा अविलम्ब तयार पार्नु र वितरण गर्नु पर्दछ। यसका साथै सुस्ता, महेशपुरलगायत सीमा मिचिएका सबै ठाउँको आफ्नो भूभाग समेत स्पष्ट झल्कनु पर्दछ। जनचेतनाको विकासका निमित्त सरकारभन्दा बाहिरका संस्थाहरूबाट पनि यो कार्य व्यापकरूपमा गरिनु पर्दछ।

(३) नेपाल सरकारले कूटनीतिक पहललाई अविलम्ब अघि बढाउनु पर्दछ। यसका निमित्त यो सरकारका प्रधानमन्त्रीले भारतीय समकक्षी प्रधानमन्त्री स्तरमा वार्ता गर्न तिथि मिति अविलम्ब तय गरिहाल्नु पर्दछ। अन्य तहमा गरिने वार्ताको कुनै औचित्य छैन, त्यो केवल समय लम्ब्याउने चाल मात्र हुनेछ।

(४) प्राप्त जानकारी अनुसार लिपुलेक-कालापानी-लिम्पियाधुरा क्षेत्रमा नेपालको सुरक्षा निकायको उपस्थिति लगभग शून्य बराबर छ। जब कि भारत सरकारका प्रहरी, सिमा सुरक्षाबल र सेनाका बाक्लो उपस्थिति छ। सबै निकाय गरी उनीहरूको उपस्थिति दश हजार छ भन्ने सूचना छ। त्यसकारण, नेपाल सरकारले पनि सुरक्षाका तीनै निकायलाई भारत सरकारकै अनुपातमा परिचालन गर्नु पर्छ। त्यस क्षेत्रमा बसोबास गरिरहेका नेपालीहरूमा भय र त्रासको वातावरणको अन्त्य गर्न उनीहरूको सुरक्षामा पनि ध्यान दिनु आवश्यक छ।

(५) यो विषयलाई अविलम्ब अन्तर्राष्ट्रियकरण गरिनु पर्दछ। यसका निमित्त संयुक्त राष्ट्रसङ्घ र अन्तर्राष्ट्रिय न्यायिक अदालत, हेगमा यो विषयलाई लैजाने पहल चाँडो भन्दा चाँडो गरिहाल्नु पर्दछ। यस विषयमा मित्र राष्ट्रहरूसँग वार्ता, छलफललाई पनि अघि बढाइहाल्नु पर्दछ र आफ्नो पक्षमा जनमत बनाउन पहल गरिहाल्नु पर्दछ।

(६) देशभित्र देशभक्तिपूर्ण आन्दोलन व्यापकरूपमा संचालन गर्नु पर्छ। लाखौं देशभक्त नेपाली जनतालाई सडकमा उतार्नु पर्दछ। यसले भारतमाथि ठुलो दवाब सिर्जना गर्न सक्दछ। जनशक्ति निर्माण र जनदवाव सिर्जना नगरिकन भारत पछि हट्ने सम्भावना देखिँदैन।

(७) रोजगारीका लागि विदेशिएका नेपाली युवाहरूलाई नेपाल बोलाउनु पर्दछ। देशमा सङ्कट आउन लागेको बेलामा विदेशमा बसेर तमासा हेर्ने देशभक्त नेपालीहरूको दायित्व होइन। उनीहरू देशको अखण्डताको रक्षा गर्न देशमै आएर भूमिका खेल्नु पर्दछ। गैर आवासीय नेपाली सङ्गठन ९ल्च्ल० ले पटक पटक दोहोरो नागरिकताको माग गरिरहेको छ। उनीहरूका लागि यो एउटा परीक्षा बन्न गएको छ। उनीहरू आवश्यकता पर्दा नेपालको सार्वभौमिकता र अखण्डताका लागि भूमिका खेल्न तयार छन् कि छैनन् ?

(८) सडक सञ्जालको अभावमा यो क्षेत्रमा आवत जावतको यतिसम्म समस्या छ कि भारतीय भूमि भएर मात्र जान सकिन्छ। यसको निमित्त भारतीय पोष्टबाट पास लिनु पर्दछ। त्यसैले यो क्षेत्रलाई जोड्ने सडक सञ्जाललाई पहिलो प्राथमिकतामा राखेर काम अघि बढाउनु पर्दछ।

(९) आधारभूत सुविधाबाट वञ्चित यस क्षेत्रका जनतालाई न्युनतम सुविधा उपलब्ध गराउने काम अविलम्ब सुरु गरिहाल्नु पर्दछ।

(१०) दक्षिणतिरको सिमानामा भारतले अन्तर्राष्ट्रिय नियमको उल्लङ्घन गरी अग्ला बाँध र अग्लो बाटो बनाएका कारण नेपाली भूमि डुबानमा पर्ने गरेको छ। यो समस्या वार्ताबाट अविलम्ब समाधान गरिहाल्नु पर्दछ।

(११) नेपाल र भारतबिच भएको खुला सिमाना विश्वकै दोस्रो हो (१८८० कि. मि.)। सं. रा. अमेरिका र क्यानाडाको सिमाना पहिलो हो। त्यसलाई नियमन र निश्चित प्रणालीबाट नियन्त्रण गरिएको छ। नेपाल र भारतका बिचको सिमाना व्यवस्थापन पनि उपयुक्त विधिद्वारा गरिहाल्नु आवश्यक छ। नेपाल-भारत सिमाना नियमन र आवश्यकता अनुसार तारबारले घेर्ने व्यवस्था गर्नु पर्दछ।

(१२) विदेशी सेनामा नेपाली युवाहरूलाई भर्ति गराइनु हुँदैन। गोरखा भर्तिकेन्द्र बन्द गर्नु पर्छ। विदेशी सेनामा नेपालीलाई भर्ति गरिने सबै सन्धि, सम्झौता, सहमति अविलम्ब खारेज गरिनु पर्दछ।

(१३) आवश्यकता अनुसार नेपाली युवाहरूको सेनामा भर्ति खोलीदिनु पर्दछ। त्यसो भएमा देशको निमित्त लड्न सामरिक शक्तिमा हामी कमजोर छौं भन्ने हिनताबोधबाट हामी माथि उठ्न सक्दछौं।

उपरोक्त सबै कार्यहरूलाई सकृयता र तदारुकताका साथ अघि बढाउनु पर्दछ। हामी आफ्नो देशको माटोको एक इञ्च पनि छाड्दैनौं र हामीलाई अर्काको पनि एक इञ्च चाहिँदैन। हाम्रो मातृभूमिको अखण्डतालाई हामी अक्षुण्य राख्ने छौं। यसका निमित्त सम्पूर्ण देशभक्त नेपालीको बिच बृहद् एकता अपरिहार्य छ। देशभक्त नेपालीको एकतावद्ध आन्दोलन अहिलेको आवश्यकता हो।

२०७६/९/४

*(यो कार्यपत्र देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको ४ नं प्रदेश समितिद्वारा पोखरामा आयोजित अन्तरक्रिया कार्यक्रममा सङ्गठनका तर्फबाट केन्द्रीय अध्यक्ष सी. पी. गजुरेलले छलफलका लागि प्रस्तुत गर्नु भएको थियो। छलफलका समयमा आएका महत्वपूर्ण सुझावहरूलाई समेत समावेश गरी यो कार्यपत्रलाई अन्तिम रूप दिइएको हो। वर्तमान अवस्थामा यो परिमार्जित कार्यपत्र सामयिक हुनेछ भन्ने विश्वासका साथ यसलाई यहाँ प्रस्तुत गरिएको छ।)*

# अवधारणा पत्र

नेपाल यतिखेर राष्ट्रिय स्वाधीनताको सन्दर्भमा दोहोरो चपेटामा परेको छ। प्रथम, भारत सरकारद्वारा निकालिएको नयाँ राजनीतिक नक्शामा नेपालको लिम्पियाधुरा-कालापानी-लिपुलेक क्षेत्रमाथि भएको अतिक्रमण, त्यो क्षेत्र भारतकै भएको दावी र कालापानीमा भारतीय सेनाका अखाडा बनाउने कामको निरन्तरता । द्वितीय, अमेरिकी सरकारद्वारा उसको हिन्द प्रशान्त रणनीति अन्तर्गतको मिलेनियम च्यालेंज कर्पोरेसन (एम्सीसी) मार्फत नेपाललाई सकृय साझेदार बनाएर आफ्नो हितमा प्रयोग गर्नका लागि दवाब। यसप्रकार, नेपालमाथि राष्ट्रिय स्वाधीनता र राष्ट्रिय सार्वभौमिकता सम्बन्धी इतिहासकै एउटा ठुलो सङ्कट आइपरेको छ। यो सङ्कटबाट उन्मुक्ति कसरी प्राप्त गर्ने भन्ने विषयमा गम्भीर छलफल गरी साझा निष्कर्ष निकाल्नुका साथै यसको समाधानका निमित्त संयुक्त प्रयास गर्नु आवश्यक छ।

**लिम्पियाधुरा-कालापानी-लिपुलेक माथिको अतिक्रमण**

२०७६ कात्तिक १६ (नवेम्बर २, १९१९) का दिन भारतको मोदी सरकारले पुनः नयाँ राजनीतिक नक्सा जारी गऱ्यो । भारतीय संविधानको धारा ३७० खारेज गरेर जम्मु काश्मिरको विभाजन पश्चात् जारी गरेको नयाँ नक्सामा पनि नेपालको ३८५ वर्ग कि.मि. भूभाग भारतले आफ्नो सिमाभित्र पारेको छ, जुन हाम्रो देशको भक्तपुर जिल्लाको क्षेत्रफल भन्दा तीन गुना ठुलो हुन्छ । हुनत भारतले सुस्ता, महेशपुर लगायत ७१ ठाउँमा सिमानाको नेपाली भूभाग मिचेको छ। तथापि पछिल्लो नक्सा र अतिक्रमण प्रकरणले नेपालमा नयाँ तरङ्ग पैदा गरेको छ । सरोकारवाला राजनीतिक पार्टीहरू र सङ्घ, संस्थाहरूले आआफ्नै किसिमले यो अतिक्रमणका विरुद्ध आवाज उठाइरहेका छन् । सङ्घर्षले चाहिँदो मात्रामा दवाब सिर्जना गर्न नसकेर होला भारत सरकारले अहिलेसम्म टेरेको देखिँदैन। देशको सार्वभौमिकता र भौगोलिक अखण्डताको सुरक्षामा प्रमुख जिम्मेवारी लिनु पर्ने नेपाल सरकार, 'यो काम सामान्य रूपमा भै हाल्छ' भन्ने जस्तो गरेर जनतालाई भ्रमित पार्ने र यसका निमित्त आवाज उठाउनेहरूमाथि दमन गर्ने काममा उत्रेको छ। त्यसैले, कालापानीबाट भारतीय सेना हटाउने र भारतले आफ्नो सीमाभित्र पारेर राजनीतिक नक्सामा प्रकाशित समेत गरिसकेको भूभागमाथि आफ्नो स्वामित्व कायम गराउने काम निकै चुनौतीपूर्ण रूपमा उपस्थित भएको छ।

**यो चुनौतीको सामना गर्नका लागि निम्न अनुसारका कामहरूलाई अविलम्ब अघि बढाउन जरुरी देखिन्छ :**

(१) लिम्पियाधुरा-कालापानी-लिपुलेक सहितको नेपालको वास्तविक नक्सा तयार पारी वितरण गर्न नेपाल सरकारमाथि दवाब सिर्जना गर्ने।

(२) यो समस्यालाई कुटनीतिक रूपमा समाधान गर्नका लागि अविलम्ब नेपाली र भारतीय प्रधानमन्त्री बिचको वार्ताको आयोजना गराउन जोड दिने।

(३) यो विषयलाई संयुक्त राष्ट्र सङ्घमा लगेर भारत सरकारमाथि दवाब सिर्जना गर्न सरकारलाई घच्घच्याउने।

(४) आफ्नो पक्ष बलियो बनाउन नेपाल सरकारले मित्र राष्ट्रहरूसँग लबिङ गरोस् ।

(५) भारत सरकारलाई दवाब सिर्जना गर्नका लागि नेपालमा सबै देशभक्तहरूको प्रभावकारी संयुक्त जनआन्दोलन सञ्चालन गर्ने ।

(६) विदेशमा बस्ने नेपालीहरूलाई आफू रहेका ठाउँमा सङ्गठित भई विरोध प्रदर्शन गर्न र अन्तर्राष्ट्रिय रूपमा यसको प्रचार प्रसार गर्न आह्वान गर्ने।

(७) ब्यास क्षेत्रमा सडक लगायत अन्य आवश्यक पूर्वाधार अविलम्ब तयार गर्न र त्यहाँ बसोबास गर्ने जनतालाई आवश्यक सुविधा उपलव्ध गराउन सरकारलाई दबाब दिने।

(८) तत्कालीन भारतको इष्ट इंडिया कम्पनी सरकार र नेपाल सरकारका बिचमा सन् १८१६ मा गरिएको "सुगौली सन्धि"मा लगभग १,०५,००० वर्ग कि.मि. गुमाएर हामी अहिलेको सीमामा कैद हुनु परेको घटनाको इतिहास साक्षी छ। सुगौली सन्धिको धारा-५ मा भनिएको छ, "नेपालका श्री ५ महाराजाधिराज मौसुफ स्वयम्का लागि, मौसुफका उत्तराधिकारीहरू वा वारिसहरूका लागि काली नदीको पश्चिममा पर्ने देशहरूसितको सम्बन्ध र सम्पूर्ण दावीहरू परित्याग गरिबक्सन्छ र ती देशहरू वा तिनका वासिन्दाहरूसित कहिल्यै कुनै चासो मौसुफबाट राखिबक्सने छैन ।" (नेपालको सिमाना, बुद्धिनारायण श्रेष्ठ, पृ १२१।)

त्यसै सन्धि प्रति प्रतिवद्ध भएर हामी नेपालीले हाम्रो पश्चिमको सिमाना महाकालीलाई स्वीकार गर्दै आएका छौं । यदि भारत सरकारले त्यसलाई तोड्छ भने नेपालले मानिरहनु पर्ने आवश्यकता किन पऱ्यो ? यसै पनि सन् १९५० मा तत्कालीन भारत सरकार र नेपालको राणा सरकारका बिच भएको सन्धिले "यो सन्धि लागु भएपछि यस भन्दा अघि गरिएका सबै सन्धि सम्झौताहरू खारेज हुनेछन्" भनिएकै छ। यदि भारत सरकारले मित्रतापूर्ण तरिकाले यो समस्या समाधान गर्न चाहेन भने नेपालले यो विकल्पबारे पनि सोच्नु आवश्यक हुन सक्दछ।

(९) सन् १९५० को असमान सन्धि खारेज गरी नयाँ आधारमा नयाँ सन्धि गरिनु पर्दछ।

(१०) अपमानजनक गोरखा भर्ति केन्द्र बन्द गरिनु पर्दछ।

**एम्.सी.सी. परियोजनाका सम्बन्धमा**

अमेरिकी सरकारद्वारा अघि सारिएको 'मिलेनियम् च्यालेंज कर्पोरेसन' (एम्सीसी) परियोजनाका सन्दर्भमा भ्रम सिर्जना गर्न ठुलो कसरत भैरहेको पाइन्छ। राजनीतिक पार्टी, विभिन्न सङ्घ संस्थाहरू, कर्मचारीतन्त्रका उच्च ओहोदामा काम गरेका, कुटनीतिक क्षेत्रमा कार्यरत मानिसहरू सबै एक स्वरमा "एम्सीसीको हिन्द प्रशान्त रणनीतिसँग कुनै साइनु, सम्बन्ध छैन", "एम्सीसी विशुद्ध विकास निर्माणमा सहयोग गर्ने अमेरिकी संस्था हो।" आदि प्रचारवाजी गरिरहेका छन् । एम्सीसी पारित गर्नु हुँदैन भन्नेहरूलाई यिनीहरू 'विकास बिरोधी' भएको आरोप लगाउन समेत पछि परेका छैनन् । तिनीहरू

यति मरिमेटेर, जुनसुकै हतकण्डा अपनाएर भए पनि यसलाई संसदको दुई तिहाईले पारित गराउन किन यसरी लागि परेका छन् भन्ने कुराले पनि यो सामान्य विषय होइन भन्ने बुझ्न कठिनाई हुने छैन।

डोनाल्ड ट्रम्प प्रशासनको रक्षा विभागले तयार गरेको 'हिन्द प्रशान्त रणनीतिक प्रतिवेदन' भन्ने आधिकारिक दस्तावेजमा एमूसीसीले अमेरिकाको उपरोक्त नीति लागु गर्न र हिस्सेदारी गर्न तयार हुने राष्ट्रहरूलाई यो आर्थिक सहयोग उपलब्ध गराउने कुरा उल्लेख छ। यति स्पष्ट विषयलाई पनि किन यति धेरै तोडमोड गरिँदैछ ? यतिखेर नेपालको राजनीतिमा व्यापक वहश भैरहेको एमूसीसीबारे केही स्पष्ट पार्ने र यसबाट उब्जिएको समस्या समाधानका निमित्त सुझावका रूपमा निम्न विषयहरू प्रस्तुत गरिएको छ :

१. एमूसीसी परियोजना अमेरिकी सरकारको रक्षा विभागले तयार गरेको 'हिन्द प्रशान्त रणनीति'को अभिन्न अङ्ग हो। यसको सम्बन्ध अमेरिकी सामरिक योजनासँग छ।

२. यदि यो फगत् नेपालको विकाससँग सम्बन्धित हुने थियो भने यु.एस्.ए.आई.डि. मार्फत् उक्त रु ५५ अरब रकम दिन सकिन्छ। यसको निमित्त पेण्टागनले तयार पारेको एम.सी.सी. परियोजनाको आवश्यकता नै छैन।

३. सडक मर्मत र विद्युत प्रसारण लाइन निर्माणदेखि बाहेक उक्त रकम नेपालको आवश्यकतामा अन्यत्र खर्च गर्न नपाइने अनि त्यसको निमित्त भारतको स्वीकृती अनिवार्य हुने प्रावधान छ। यस्तो पनि कहीँ एउटा राष्ट्रले अर्को राष्ट्रलाई दिइने आर्थिक सहयोग हुन्छ ? एउटा सार्वभौम राष्ट्रले यो परियोजना स्वीकार गर्न सक्छ ? सक्दैन। यदि नेपालको विद्युत् प्रसारण लाइनलाई सहयोग गर्नु छ भने विद्युत् प्राधिकरणलाई र सडक सम्बन्धी सहयोग सडक विभागलाई गर्न सक्दछ अमेरिकाले। यसका लागि एम्.सी.सी.को आवश्यकता नै पर्दैन।

४. प्रस्तुत सम्झौता र नेपालको कानून बाझिएमा नेपालको कानून होइन, सम्झौता लागु हुने छ भनिएको छ। नेपालको कानून भन्दा सम्झौता ठुलो हुने भन्ने कुरा स्वीकारियो भने नपालको स्वाधीनताको अवस्था के होला ?

५. एम्.सी.सी.ले दिने भनिएको ५५ अरबमा थप नेपालको रु १४ अरबको इक्युटी रहने प्रस्ताव छ। उक्त परियोजनाको आय व्यय आदिको अडिट गर्ने अधिकार पनि नेपाललाई दिइएको छैन। त्यो सबै काम दातृ राष्ट्रको संस्थाले नै गर्ने प्रावधान छ। यस्तो शर्तमा यो परियोजनामा नेपाल कसरी साझेदार हुन सक्दछ ?

६. यदि अमेरिकाले आवश्यक ठान्यो भने एकतर्फी रूपमा एम्.सी.सी. परियोजना खारेज गर्न सक्ने र नेपालले चाहेमा नसक्ने व्यवस्था छ। यस प्रकारको परियोजनामा नेपाल कसरी सहमत हुन सक्दछ ?

७. यदि यो परियोजना नेपालले पारित गऱ्यो भने अमेरिकाले आवश्यक ठानेका सबै किसिमका उपकरण ल्याउने छ र त्यसको सुरक्षाको निमित्त अमेरिकी सुरक्षाकर्मी र उस्ले आवश्यक ठानेको हतियार पनि नेपाल भित्रिने छ।

८. यदि एम्.सी.सी. पारित भएर लागु पनि भयो भने त्यो परियोजना अन्तर्गत नेपालमा कार्यरत अमेरिकी सुरक्षाकर्मी वा अन्य कर्मचारी फौजदारी अपराध गरे पनि उनीहरूलाई नेपालमा कारवाही गर्न पाइने छैन, अमेरिकी प्रशासनले मात्र कारवाही चलाउन सक्ने छ। यसले विदेशीहरूलाई नेपालमा कुनै पनि अपराध गर्न लाइसेन्स दिए बराबर हुने छ।

९. अमेरिकी सेना एकपटक कुनै पनि देशमा पसिसकेपछि फर्किने गरेको छैन। हालै इरानी सेनाका प्रधान सेनापति सुलेमानीको अमेरिकी सेनाले ड्रोन आक्रमणद्वारा इराकमा हत्या गरेपछि इराक सरकार र त्यहाँको संसदले अमेरिकी सेना हटाउन लगाउने निर्णय गरेको थियो। तर यसको निमित्त युद्धमा लागेको र अमेरिकी लगानीमा बनेका सबैको खर्च दिएमा मात्र अमेरिकाले यसबारे सोच्न सक्ने जवाफ दिएपछि इराकी सरकार मर्माहत भएर चुप लागेर बसेको छ।

१०. नेपालका लागि असंलग्न परराष्ट्र नीति एकदम महत्वपूर्ण रहँदै आएको छ। जुन दिन एम्.सी.सी. संसदबाट पारित हुनेछ, त्यसै दिनदेखि नेपालको असंलग्न परराष्ट्र नीतिको पनि अन्त्य हुने छ। नेपाल विधिवत् अमेरिकी छाता मुनी ओत लाग्न पुग्ने छ।

११. एम्.सी.सी. आफैं नाटो जस्तो सैनिक गठबन्धन चाहीँ होइन, तर सामरिक महत्वका विषयसँग यसको सम्बन्ध जोडिएको छ। यो नेपाललाई आधार बनाएर चीनलाई घेर्ने रणनीति हो। ब्यापार युद्ध चलिरहेको अमेरिका र चीनको बिचमा कुनै मुठभेड भयो भने त्यसको शिकार चाहीँ नेपाल हुन पुग्छ। नेपाललाई कुनै पनि हालतमा कुरुक्षेत्र बन्न दिनु हुँदैन। नेपालले अफगानिस्तान, इराक, सिरियाको दुर्भाग्य भोग्नु नपरोस् भन्ने कुरामा हामी सतर्क हुनै पर्दछ।

१२. एम्.सी.सी. परियोजनाको प्रस्तावक अमेरिकी सरकारको विदेश विभाग, अर्थ विभाग नभएर पेण्टागन भएको देखिन्छ। त्यसबाट पनि नेपाललाई कुनै न कुनै किसिमले अमेरिकी सुरक्षामा पार्ने योजना भएको कुरा सहजै अनुमान गर्न सकिन्छ। अमेरिकी सेना र नेपाली सेना बिच भएको संयुक्त सैनिक अभ्यासले पनि यही सङ्केत गदैन र ?

१३. एम्.सी.सी. का प्रशंसकहरू त्यति ठुलो रकम (अर्थात् ५५ अरब ने.रु.) नेपालीले कहिल्यै कल्पनै गर्न नसक्ने मात्राको सहयोगका रूपमा अतिरञ्जित गरेर प्रस्तुत गरिरहेका छन्। जसबाट नेपालीकै अपमान गर्ने काम भैरहेको छ। एउटा दुरसञ्चार प्रदाय प्राइभेट कम्पनी एन्सेलसँग उठाउनु पर्ने लाभकर ६७ अरब मिनाहा गरेर कमिसन खाने अनि ५५ अरबमा देशै बेच्न तम्सिने ? के यो विडम्बना नै होइन ?

१४. निष्कर्षमा, एम्.सी.सी. परियोजना नेपाल र नेपालीको हित विपरित भएको हुनाले यसलाई खारेज नै गर्नु पर्दछ। यसको परिकल्पना नै भिन्न प्रयोजनका लागि भएको हुनाले यसका धाराहरूलाई सच्याएर यो नेपालका लागि ग्राह्य हुन सक्दैन।

### अस्थायी विरामको स्थिति

यो परियोजना नेपालले लागु गर्ने वा नगर्ने भन्ने विषय अब नेपालको सङ्घीय संसदको दुई तिहाईले पारित गर्छ कि गर्दैन भन्ने विषयसँग जोडिएको छ। सरकारका प्रधानमन्त्री र संसदको प्रतिपक्षी दलका नेता दुबै संसदबाट छिटो भन्दा छिटो पारित गर्न कम्मर कसेर लागेको अवस्थामा यो संसदबाट

पारित भैहाल्ने हो कि भन्ने आशङ्का गरिएको थियो। तर, यही माघ १८ गते समाप्त भएको सत्ताधारी पार्टी, नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को केन्द्रीय समितिको बैठकले यस विषयमा अध्ययन गरी प्रतिवेदन पेस गर्नका लागि दश दिनको समय दिएर एउटा तीन सदस्यीय अध्ययन समिति बनाएको छ। यसरी अस्थायी विरामको स्थिति पैदा भएको छ। त्यो पार्टीभित्र सङ्घर्ष चलाएर स्थितिलाई यो अवस्थामा ल्याउनका लागि भूमिका खेल्ने मित्रहरूलाई धन्यवाद दिनु पर्दछ। अबको १० दिनपछि के होला ? यो प्रश्न अनुत्तरित छ।

यो समयलाई कसरी अत्यधिक मात्रामा उपयोग गर्ने भन्ने विषयमा सोच्ने बेला आएको छ। यसका निमित्त तत्काल दुईवटा काम गर्नु आवश्यक देखिन्छ। सबै देशभक्त शक्तिहरू, व्यक्तित्वहरू एकतावद्ध भएर दवाबमूलक सङ्घर्षलाई अघि बढाउने तथा सत्ताधारी नेकपाभित्र भएका देशभक्त साथीहरूसँग पनि समन्वय गरेर यो अध्ययन समितिले राष्ट्रिय स्वाधीनताको पक्षमा निर्णय लिने अवस्थाको सिर्जना गर्नका लागि जोडदार प्रयत्न गर्ने। हामीले तत्काल यति काम गरेर देशलाई विकराल अवस्थामा पुग्नबाट बचाउन सकिने संभावना पनि देखिन्छ।

**नयाँ संभावना**

राष्ट्रिय स्वाधीनता सम्बन्धी उपरोक्त विषयमा सरकारको भूमिकाले धेरै कुराको निर्धारण गर्ने छ। यदि सरकार राष्ट्रिय स्वाधीनता सम्बन्धी उपरोक्त विषयहरूमा सम्वेदनशील भएन वा यसको विपरित भूमिका खेल्न थाल्यो, दमनको नीति अवलम्बन गर्न थाल्यो भने स्थिति धेरै नै गम्भीर बन्न सक्ने संभावनालाई इन्कार गर्न सकिन्न। त्यो अवस्थामा, एकातिर विदेशी प्रतिकृयावादी शक्तिहरू, नेपाल सरकार र उसका पक्षधरहरू अर्कातिर सम्पूर्ण देशभक्तहरूका बिचमा एउटा ठुलो ध्रुविकरण पैदा हुने र देश त्यसै दिशातिर जान सक्ने संभावना पनि देखिन्छ। त्यो अवस्थामा देशभक्त शक्तिका बिचमा अझ बृहद् एकता कायम गर्दै जन दवाब सिर्जना गर्ने, जनसङ्घर्ष र जनआन्दोलनलाई अझ सशक्त रूपमा उठाउने तयारी गर्नु नै सही विकल्प हुने छ।

देशको सार्वभौमिकता, अखण्डता र राष्ट्रिय स्वाधीनताको विषयमा सरकारको अहिलेसम्मको रबैया हेर्दा माथि उल्लेख गरिएको ध्रुवीकरणको अवस्थातिर नै देश जान सक्ने लक्षण बढी देखिन्छ। यसका साथै छरिएर रहेका देशभक्तहरू एकतावद्ध हुँदै जाने क्रम पनि बढ्दै गएको छ। केही समय पहिलेसम्म यस प्रकारको स्थिति देखा पर्दैनथ्यो। यसका साथै नक्कली राष्ट्रवादीहरू पनि आफ्नो सक्कली अनुहार देखाउन वाध्य भएका छन्। यस प्रकारले नयाँ किसिमको ध्रुवीकरणको आधार तयार भएको छ। छरिएर बसेका देशभक्तहरू अब एकतावद्ध हुनुपर्ने स्थिति बन्दै गएको छ। यतिखेर हामीलाई अर्को राष्ट्रिय जनआन्दोलनको खाँचो महशुस भैरहेको छ। त्यसको निमित्त परिस्थिति तयार हुँदै गएको छ। हामी सचेत ढङ्गले यसमा सकृय भएर लागौं। आखिरमा विजय जनताकै हुन्छ।

२०७६ माघ २१

हरेक युगका शाषक विचारहरू जहिले पनि त्यतिखेरका शाषक वर्गका विचार रहँदै आएका छन्।

**– कम्युनिस्ट घोषणा पत्र**

हाम्रो जनतामाथि विश्वास हुनु पर्दछ, पार्टीमा विश्वास हुनु पर्दछ। यी दुई महत्वपूर्ण सिद्धान्तहरू हुन्। यदि यी दुई सिद्धान्तमाथि शङ्का गरियो भने, हामीले कुनै सफलता पनि हासिल गर्न सक्दैनौं।

**– माओ**

जो क्रान्तिकारी जनताको पक्षमा हुन्छ, ऊ क्रान्तिकारी हो। जो साम्राज्यवाद, सामन्तवाद र दलाल पुँजीपति वर्गको पक्षमा हुन्छ ऊ प्रतिक्रान्तिकारी हो। जो भनाईबाट मात्र क्रान्तिकारी जनताको पक्षमा हुन्छ, तर अर्कै काम गर्छ ऊ मुखको क्रान्तिकारी हो। जो भनाई र गराईमा क्रान्तिकारी जनताको पक्षमा हुन्छ ऊ नै पूर्णतामा क्रान्तिकारी हो।

**– माओ**

# समसामयिक प्रस्ताव

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको २०७५ चैत २४ देखि २६ गतेसम्म काठमाडौंमा सम्पन्न भएको प्रथम राष्ट्रिय सम्मेलनबाट पारित गरिएका समसामयिक प्रस्तावहरू-

१. हाम्रो सङ्गठन लगायत अन्य राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताहरूलाई प्रशासनद्वारा गिरफ्तार गरेर झुठ्ठा मुद्दा लगाउने र मुद्दा मामिलामा फसाउने कार्यको घोर विरोध गर्दै वहाँहरूको विनाशर्त रिहाईको लागि जोडदार माग गर्दछ।

२. वर्तमान सरकारले विपक्षी राजनीतिक पार्टीहरूलाई दमन गर्ने क्रममा नेपाल कम्युनिस्ट पार्टी 'विप्लव' समुहमाथि लगाएको प्रतिबन्धको बिरोध गर्दै उक्त प्रतिबन्ध तत्काल हटाउन माग गर्दछ।

३. हालसालै बारा जिल्लामा आएको विध्वंसकारी आँधिहुरी जस्तो प्राकृतिक प्रकोपको कारण व्यापक जनधनको क्षति भएको छ र त्यहाँका कैयौं स्थानीय जनताको मृत्यु भएको छ भने कैयौं पीडित र घाईते भएका छन्। मृतकहरूप्रति श्रद्धाञ्जली र शोक सन्तप्त परिवारजन प्रति सहानुभूति व्यक्त गर्दै, पीडितहरूको लागि क्षतिपुर्ति र घाइतेहरूको उपचारको व्यबस्थापन गर्न माग गर्दछ।

४. अमेरिकी साम्राज्यवाद र त्यसका पिछलग्गु देशका सरकारहरूले भेनेजुएलाको आन्तरिक मामिलामा गरेको हस्तक्षेपको घोर बिरोध गर्दै उक्त साम्राज्यवादी हस्तक्षेप तत्काल बन्द गर्न माग गर्दछ।

५. विगतको जस्तै वर्तमान सरकारले गरेका जलश्रोत लगायत विभिन्न असमान सन्धि सम्झौताहरूप्रति गम्भिर आपत्ती व्यक्त गर्दै सम्पूर्ण असमान सन्धि सम्झौताहरूको खारेजीको माग गर्दछ।

६. सत्ताको संरक्षणमा व्यापकरूपमा फैलिएको भ्रष्टाचारको घोर विरोध गर्दै त्यस्ता कार्यमा संलग्नहरूलाई कडा कारवाही गर्न जोडदार माग गर्दछ।

७. दैनिक उपभोग्य वस्तुहरूमा भएको महङ्गी र काला बजारीप्रति सरकारको गम्भिर ध्यानाकर्षण गराउँदै महङ्गी र काला बजारी नियन्त्रण गर्न माग गर्दछ।

८. देशमा भैरहेको रहेको अशान्ति, असुरक्षा, हत्या, बलात्कार जस्ता जघन्य अपराधहरूलाई नियन्त्रण गरी अमन चयन कायम गर्न र अपराधिहरूलाई कारवाही गरी पीडित पक्षलाई न्याय र राहत प्रदान गर्न माग गर्दछ।

९. भारतद्वारा देशको विभिन्न स्थानहरूमा भएको सीमा अतिक्रमण र ज्यादतिको विरोध गर्दै सीमा अतिक्रमण रोक्न र विवादित क्षेत्रको सीमा नियमन गर्न माग गर्दछ।

१०. भारतले प्रकाशित गरेको नेपालको नक्कली नक्सा र त्यो नक्सा नेपाल सरकारले प्रयोगमा ल्याएकोप्रति गम्भिर आपत्ती जनाउँदै सक्कली नक्सा प्रयोगमा ल्याउन माग गर्दछ।

११. नागरिकता ऐन संसदमा प्रस्तुत भै विचाराधीन रहेको अवस्थामा गृह मन्त्रालयका तर्फबाट अङ्गिकृत नागरिकका सन्तानलाई वंशजका आधारमा नागरिकता प्रदान गर्ने परिपत्र गरेको प्रति गम्भिर ध्यानाकर्षण भएको छ र सरकारको त्यस प्रकारको कार्यको बिरोध एवम् खारेजीको माग गर्दछ।

१२. ब्रिटीश गोर्खा भूतपूर्व सैनिक सङ्गठन (बिगेसो) द्वारा वेलायत सरकारले गरेका अन्याय र असमान व्यबहारका बिरूद्ध चलाएको आन्दोलन र सङ्घर्षका कार्यक्रमप्रति समर्थन एवम् ऐक्यवद्धता व्यक्त गर्दछ र वेलायत सरकारको थप गोर्खा रेजीमेन्ट बनाउने र नेपाली महिलालाई समेत भर्ति गर्ने नीतिप्रति गम्भिर आपत्ती जनाउँदै त्यसमाथि रोक लगाउन माग गर्दछ।

---

दुश्मन आफैं समाप्त हुँदैन। चिनियाँ प्रतिकृयावादीहरू हुन् वा अमेरिकी साम्राज्यवादका आक्रामक शक्तिहरू, इतिहासको रङ्गमञ्चबाट आफैं तल झर्दैनन्।

**– माओ**

गति भनेको स्वयम् विद्यमान अन्तर्विरोध हो। हरेक गति एउटा द्वन्द्वात्मक सिलसिला हो, यो एउटा सजीव अन्तर्विरोध हो।

**– हेगेल**

# प्रेस वक्तव्य

# देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
**Desh Bhakta Jana Ganatantrik Morcha, Nepal**

**केन्द्रीय समिति**
**Central Committee**
**स्था.: २०७३/Estd 2016**

मिति/Date: २०७८/४/१६

## प्रेस विज्ञप्ति

यही श्रावण १५ गते विहान साँढे ८ बजे दार्चुला जिल्लाको व्यास गाउँपालिका २ मालबाट सोही स्थान निवासी ३३ वर्षीय जय सिंह धामी भारतको पिथौरागढ स्थित पांगल जाने सिल सिलामा तुइनबाट महाकाली नदी तर्दै गर्दा भारतको सिमा सुरक्षा बलले तुइनको डोरी झिकी दिए पछि (उनी) महाकाली नदीमा डुबेर वेपत्ता भएको भन्ने समाचार आइरहेका छन् । यो घटनाको अविलम्ब छानविन गरी अपराधीलाई कडा भन्दा कडा कारवाही गर्न गराउन हामी सरकार सँग जोडदार माग गर्दछौं ।

(सी.पी. गजुरेल)
अध्यक्ष

कुपण्डोल, ललितपुर, नेपाल(Kupandol, Lalitpur, Nepal), Ph .: 977-01-4786573, Email: pprfnepal@gmail.com

# देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
## Desh Bhakta Jana Ganatantrik Morcha, Nepal
केन्द्रीय समिति
Central Committee
स्था.: २०७३/Estd 2016

मिति/Date: २०७७/९/१९

## जनताको मौलिक अधिकारमाथि नियन्त्रण गर्न पाइँदैन !

कोभिड-१९ को महामारीको रोकथाम र नियन्त्रणमा प्रभावकारी भूमिका नखेलेर आलोचित र बदनाम भैरहेको ओली नेतृत्वको यो सरकारले कोरोना महामारीलाई नै बहाना बनाएर सडक सङ्घर्ष गर्न पाउने जनताको मौलिक अधिकारमाथि नियन्त्रण गर्ने जुन निर्णय गरेको छ, त्यसको कडा शब्दमा विरोध गर्दै त्यसलाई फिर्ता लिन पनि हामी जोडदार माग गर्दछौं । यदि यसलाई फिर्ता लिइएन भने कोभिड १९ का मापदण्डमाथि समेत ध्यान दिँदै थप सडक सङ्घर्षमा उत्रिन पनि हामी जन समुदायलाई आह्वान गर्दछौं ।

(सी.पी. गजुरेल)
अध्यक्ष

कुपण्डोल, ललितपुर, नेपाल(Kupandol, Lalitpur, Nepal), Ph .: 977-01-4786573, Email: pprfnepal@gmail.com

# देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
## Desh Bhakta Jana Ganatantrik Morcha, Nepal
केन्द्रीय समिति
Central Committee
स्था.: २०७३/Estd 2016


मिति/Date: २०७७/६/४

## आन्दोलनका लागि तयार रहन आह्वान् !

देश यतिखेर विकराल सङ्कटको अवस्थाबाट गुज्रिरहेको छ। विदेशी शक्ति केन्द्रहरू, दलाल पुँजीपति र विचौलियाको निर्देशनमा सञ्चालित यो सरकारको पालामा 'मर्न आँटें उपचार पाउँ !' भन्दा भन्दै सुत्केरी र कोभिड १९ का विमारीहरूको ज्यान गएका, 'सास जान आँट्यो केही त खान पाउँ !' भन्दै विपन्न वर्गका मानिसहरूले प्राण त्याग्नु परेका घटनाले सञ्चार माध्यमहरू रङ्गिएका छन्। भोको पेट लिएर स्वयम्सेवी संस्थाहरूद्धारा वितरण गरिएको खाना खान खुला मञ्च आएका भोका जनतालाई नजिकै धुमधाम साथ मनाइएको संविधान दिवसमा डिस्टर्ब हुन्छ भनेर प्रहरीले लखेटेको दृश्य देख्दा कसको मन नरोला ? सामान्य मागहरूलाई लिएर सडकमा उभिएका जनतामाथि प्रहरीले बजारेको लाठीको घटनाले यो संविधान जनताको होइन रहेछ भन्ने कुराको सर्वत्र चर्चा चलेको छ। विश्वका झण्डै २०० भन्दा बढी देशमा महामारीका रूपमा फैलिएको महाव्याधी कोरोनाको उपचार अब आइन्दा सरकारले नगर्ने, विरामी आफैंले गर्नुपर्ने भन्ने निर्लज्ज र चरम गैर जिम्मेवार फरमान् जारी गर्दैछ, यो सरकार। संसदमा पारित हुनबाट जोगिएको एम्.सी.सी. सम्झौतामा अमेरिकी सरकार थोरै पछि हटेको देखाएर संसदको आगामी अधिवेशनबाट पारित गराउने खतरा देखिँदैछ। जन सङ्घर्षको दवाबबाट नेपालको नक्शा सार्वजनिक गरिएको भए पनि लिम्पियाधुरा, कालापानी र लिपुलेकमाथि भारत सरकारले सिकञ्जा झन् कस्दै लगेको छ। तर सरकार तमासे बनेर हेरिरहेको छ। कालापानीमा भारतीय सेना परेड खेली नै रहेका छन्। साठी लाख भन्दा बढी युवाहरू बेरोजगार हुने अनुमान गरिँदै छ। तर रोजगारीको कुनै ठोस योजना छैन। राज्यको ढिकुटी भ्रष्टाचार र कमिशनबाट रित्तिने अवस्थातिर गैरहेको छ।

समग्रमा, यो सरकारले गरेको अति अब खपिनसक्नु हुँदैछ। हामीले सरकारलाई जानकारी गराउने, सचेत गराउने, दवाब दिने सबै काम गरिसकेका छौं। संसदमा भएको कथित दुई तिहाईको दम्भ प्रदर्शन गर्नु बाहेक जनताको आवाज सुन्ने पक्षमा यो सरकार देखिँदैन। यस्तो अवस्थामा अब अर्को जन आन्दोलनमा उत्रनु सिवाय अन्य कुनै विकल्प छैन। त्यसैले, इतिहासका निर्माता नेपाली जनतासँग अर्को ऐतिहासिक जन आन्दोलनका निमित्त हर तरहले तयार रहन हामी विनम्रतापूर्वक अनुरोध गर्दछौं। अहिले जे भैरहेको भए पनि, अन्त्यमा जित नेपाली जनताको नै हुनेछ।

(सी.पी. गजुरेल)
अध्यक्ष


कुपण्डोल, ललितपुर, नेपाल(Kupandol, Lalitpur, Nepal), Ph .: 977-01-4786573, Email: pprfnepal@gmail.com

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
Desh Bhakta Jana Ganatantrik Morcha, Nepal
केन्द्रीय समिति
Central Committee
स्था.: २०७३/ Estd 2016

मिति/Date: २०७७/५/१९

# प्रेस विज्ञप्ति

यही भाद्र १७ गते भएको अविरल वर्षाको कारण बाग्लुङ जिल्लाको ढोरपाटन नगरपालिका वडा नं ९ को देउराली डाँडाबाट रातको समयमा गएको पैरो र भुजीखोलामा आएको भीषण बाढीले नगरपालिकाका ५, ६, ७, ८ र ९नं वडाहरूमा ठुलो जनधनको क्षति पुऱ्याएको छ। प्राप्त जानकारी अनुसार यो दुःखद घटनामा जम्मा ११५ घरमा क्षति पुगेको छ। ३१ घर पूर्णरूपमा ध्वस्त भएका छन्। ५ वटा माइक्रो हाइड्रो पावर हाउस, २ वटा विद्यालय र एक स्वास्थ चौकीमा पनि क्षति पुगेको छ। धेरै जना मानिसहरू बेपत्ता छन्। अहिलेसम्म १४ जनाको शव फेला परेको छ। यो दुःखद घटनामा परी मृत्युवरण गर्नुभएकाहरूप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं। घाइते हुनेहरूको शिघ्र स्वास्थलाभको कामना गर्दछौं।

यति ठुलो प्राकृतिक विपत्तीमा केन्द्र सरकारका तर्फबाट त्यसतर्फ हेलिकोप्टरमा गएका गृहमन्त्री खराब मौसमका कारण घटनास्थलमै नपुगी राजधानी फर्किएको खबर बाहेक अहिलेसम्म कुनै राहत र अन्य व्यवस्था भएको थाहा पाइएको छैन। यो राष्ट्रिय स्तरको विपत्तीमा वेपत्ता भएकाहरूको खोजी, मृत्यु हुनेका परिवारलाई राहतको प्याकेज, घाइतेहरूको निःशुल्क उपचार, विचल्लीमा परेकाहरूको अविलम्ब अस्थायी र स्थायी बसोबास, सबैलाई खाद्यान्न र उपचारको व्यवस्था गर्नका लागि हामी सरकारका सबै निकायसँग जोडदार माग गर्दछौं। यो दुःखद घटनाबाट शिक्षा लिँदै जोखिमका वस्तीहरूलाई समयमै सुरक्षित स्थानमा सार्नका लागि स्थायी बसोबासको समेत व्यवस्था गर्न हामी माग गर्दछौं।

(सी.पी. गजुरेल)
अध्यक्ष

कुपण्डोल, ललितपुर, नेपाल(Kupandol, Lalitpur, Nepal), Ph .: 977-01-4786573, Email: pprfnepal@gmail.com

# देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
## Desh Bhakta Jana Ganatantrik Morcha, Nepal

केन्द्रीय समिति
Central Committee
स्था.: २०७३/Estd 2016

मिति/Date: २०७७/३/२८

## प्रेस विज्ञप्ती

केही दिनदेखि भैरहेको अविरल वर्षाबाट आएको बाढी, पैरो र डुबानका कारण देशका विभिन्न भागमा जनधनको ठुलो क्षति भएको खबरले हामी दुःखित भएका छौं । हरेक वर्ष घट्ने यस प्रकारका प्राकृतिक घटनालाई मानवीय प्रयासबाट धेरै कम गर्न सकिन्थ्यो । तर, सत्तामा रहेकाहरूको यसमा ध्यानै नभएको हुनाले यी विपद्हरू हरेक वर्ष घटिरहने प्रकृयामा छन् । यस पटक पनि यो प्राकृतिक विपत्ती नेपालीको घर आँगनमा आइपुगेको छ । यसमा परेर धेरै जनाले ज्यान गुमाउनु भएको छ, धेरै जना वेपत्ता हुनु भएको छ, कतिपय घाइते हुनु भएको छ । ज्यान गुमाउनेहरूका परिवारलाई उचित राहत, बेपत्ता भएकाहरूको खोजी र घाइते भएकाहरूको उपचारका काम अविलम्ब गर्न सबै तहका सरकारसँग हामी जोडदार माग गर्दछौं । विपद्मा परेका परिवारहरूलाई खाद्यान्न, कपडा आदिको सहयोगका साथै जमिन नहुने परिवारलाई पुनर्वासको व्यवस्था गर्न पनि माग गर्दछौं ।

(सी.पी. गजुरेल)
अध्यक्ष

कुपण्डोल, ललितपुर, नेपाल(Kupandol, Lalitpur, Nepal), Ph .: 977-01-4786573, Email: pprfnepal@gmail.com

**देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल**
**Desh Bhakta Jana Ganatantrik Morcha, Nepal**
केन्द्रीय समिति
Central Committee
स्था.: २०७३/ Estd 2016

मिति/Date: २०७७/३/२५

# सिन्धुपाल्चोकको घटनाबारे

यही असार २४ गते बुधवार राती सिन्धुपाल्चोक जिल्लाको भोटेकोसी लगायतका नदीहरूमा आएको भीषण बाढीले बगाएर दुई जनाको मृत्यु, १४ जना हराइरहेको र केही गम्भीर रूपमा घाइते भएको घटनाले हामी दुःखित भएका छौं । यस घटनामा मृतक हुनुभएकाहरूका परिवारजनप्रति गहिरो समवेदना प्रकट गर्दछौं । पीडित हुनुभएका सबैप्रति गहिरो सहानुभूति व्यक्त गर्दछौं । हराई रहेकाहरूको अविलम्ब खोजी गर्न, मृतकका परिवार जनहरूलाई तुरुन्त राहत उपलब्ध गराउन र पीडितहरू सबैलाई उद्धार र आवश्यक सहयोग उपलब्ध गराउन हामी केन्द्र सरकार र प्रदेश सरकारहरूसँग जोडदार माग गर्दछौं । यो विपद्को बेला पीडितहरूको उद्धार र सहयोगमा तुरुन्त लाग्नका लागि हाम्रो सङ्गठनका प्रदेश र सिन्धुपाल्चोक जिल्लाका सम्पूर्ण कार्यकर्ताहरूसँग अनुरोध गर्दछौं ।

(सी.पी. गजुरेल)
अध्यक्ष

कुपण्डोल, ललितपुर, नेपाल(Kupandol, Lalitpur, Nepal), Ph .: 977-01-4786573, Email: pprfnepal@gmail.com

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
Desh Bhakta Jana Ganatantrik Morcha, Nepal
केन्द्रीय समिति
Central Committee
स्था.: २०७३/Estd 2016


मिति/Date: २०७७/२/१५

# प्रेश वक्तव्य

यहि २०७७ जेठ १० गते जाजरकोट जिल्ला, भेरी नगरपालिका ४ रानागाउँ निवासी नवराज वि.क. र पश्चिम रुकुम जिल्ला चौरजहारी नगरपालिका १ सोतीकी लक्ष्मी मल्लका बिचको प्रेम सम्बन्धलाई विवाहमा परिणत गर्न मल्लको घर पुगेका १८ जनामाथि उनका परिवार, गाउँले र वडा अध्यक्ष सहितबाट भएको साङ्घातिक आक्रमणमा निज नवराज वि.क., टीकाराम सुनार, गणेश बुढा मगरको ज्यान गएको र अरू तीन जना भेरी नदीमा डुबेर बेपत्ता भएको समाचारले हामीलाई स्तब्ध बनाएको छ। जात नमिलेको कारणबाट घटाइएका जघन्य अपराधका यस प्रकारका घटनाको हामी घोर निन्दा र भर्त्सना गर्दछौं। सामाजिक, मानवीय, न्यायिक, संवैधानिक कुनै पनि कोणबाट विचार गर्दा यो निन्दनीय र आपराधिक घटना भएको पुष्टि हुन्छ। यसका लागि जिम्मेवार सबैलाई कडा भन्दा कडा कारवाही गर्न हामी सरकारसँग जोडदार माग गर्दछौं। मृतकहरूप्रति श्रद्धाञ्जली अर्पण गर्दै परिवार जनप्रति समवेदना प्रकट गर्दछौं।

(सी.पी. गजुरेल)
अध्यक्ष


कुपण्डोल, ललितपुर, नेपाल(Kupandol, Lalitpur, Nepal), Ph .: 977-01-4786573, Email: pprfnepal@gmail.com

# देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
## Desh Bhakta Jana Ganatantrik Morcha, Nepal
केन्द्रीय समिति
Central Committee
स्था.: २०७३/Estd 2016

मिति/Date: २०७७/१/२७

# भारतीय अतिक्रमणको विरोधमा जुटौं !

नेपालको सीमाभित्र भारतीय सेनाले सडक बनाउँदै छ भन्ने जानकारी सहित हामीले उक्त काम रोक्न नेपाल सरकारले भारतसँग कुटनीतिक पहल गरोस् भनेर पटक पटक ध्यानाकर्षण गर्नुका साथै सडकबाट पनि माग गर्दै आएका थियौं। कोभिड १९ को महामारीले विश्वव्यापी रूपमा सङ्कट खडा गरेको मौका छोपी लिम्पियाधुरा हुँदै मानसरोवरसम्म जाने सडकको भारतीय रक्षामन्त्रीले हिजो उद्घाटन गरेको घटना सन् १८१६ मा नेपाल र भारतका बिचमा भएको सुगौली सन्धिको उल्लङ्घन र नेपाली भूभागमाथिको अतिक्रमण हो। अविलम्ब कुटनीतिक पहल गरी अतिक्रमित नेपाली भूभागलाई मुक्त गर्न नेपाल सरकारसँग हामी जोडदार माग गर्दछौं। यतिखेर सम्पूर्ण राष्ट्र कोभिड १९ को महामारीसँग जुधिरहेको र लकडाउनमा रहेको मौका छोपेर भारत सरकारले गरेको यो अतिक्रमणका बिरूद्ध एकतावद्ध सङ्घर्ष गर्नका लागि तयार रहन पनि हामी सम्पूर्ण देशभक्त नेपाली दिदी-बहिनी, दाजु-भाइसँग हार्दिक अपिल गर्दछौं।

(सी.पी. गजुरेल)
अध्यक्ष

कुपण्डोल, ललितपुर, नेपाल(Kupandol, Lalitpur, Nepal), Ph .: 977-01-4786573, Email: pprfnepal@gmail.com

# देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
# Desh Bhakta Jana Ganatantrik Morcha, Nepal

केन्द्रीय समिति
Central Committee
स्था. २०७३ / Estd 2016

मिति/Date: २०७७/१/२६

## प्रेस वक्तव्य

केही महत्वपूर्ण विषयमा हाम्रो सङ्गठनको नीति स्पष्ट पार्नका लागि यो प्रेस वक्तव्य जारी गरिएको छ।

१. विश्वव्यापी महामारी कोभिड १९ का विषयमा हाम्रो भनाई निम्न अनुसार रहेको छ :

(क) सरकारले विगतमा गरेका कतिपय गम्भीर गल्ती कमजोरीका कारण आज कोरोना भाइरस नेपालमा पनि तीब्ररूपमा फैलँदै छ। अहिलेसम्म ९९ जनामा सङ्क्रमित भैसकेको छ र समुदायमा फैलने चरणमा प्रवेश गरेको छ। यसको रोकथाम र नियन्त्रणलाई सर्वोपरि राखी आगामी बजेटमा रकमको व्यवस्था गरिनु पर्दछ। परीक्षण, ट्रेसिङका लागि आवश्यक सम्पूर्ण व्यवस्था गरी यसलाई तीब्रता दिइनु पर्दछ। यसमा हुने ढिलाई क्षम्य हुन सक्दैन।

(ख) परीक्षणको आर डी टी विधिलाई बन्द गरी पी सी आर विधीको प्रयोग गरिनु पर्दछ। परीक्षण र अन्य स्वास्थ सामग्रीको तुरुन्त व्यवस्था गरिनु पर्दछ।

(ग) लकडाउन लागु गर्दा भेदभाव हुनु हुँदैन। सबैका लागि समान रूपमा लागु गरिनु पर्दछ।

(घ) लकडाउनमा दैनिक श्रम गरेर धानिने र तल्लो वर्गका जनताको, बेरोजगारहरूको खाने र अन्य दैनिक समस्याको व्यवस्था अनिवार्य रूपमा गरिनु पर्दछ।

(ङ) वितरण गरिने राहतमा हुने भेदभावको अन्त्य गरी आवश्यक सबैलाई समान रूपमा वितरण गरिनु पर्दछ।

(च) रोजगारी र अध्ययनका लागि विदेशमा गएर लकडाउनमा फसेका सबै नेपाली नागरिकको व्यवस्थाका लागि कुटनीतिक पहल जोडदार रूपमा गरिनु पर्दछ। अत्यन्त अप्ठेरोमा फसेका नेपाली नागरिकलाई स्वास्थ जाँच गराई क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाई नेपाल ल्याउने व्यवस्था गरिनु पर्दछ।

(छ) नेपालको सिमानामा आएर अलपत्र परेका नेपाली नागरिकहरूलाई सुरक्षित क्वारेन्टाइनमा राख्ने व्यवस्था मिलाई नेपाल ल्याउने व्यवस्था गरिनु पर्दछ।

२. युद्धकालका मुद्दालाई सत्य निरूपण आयोग तथा बेपत्ता छानविन आयोग मार्फत् टुङ्ग्याउने निर्णयमा कायम रही मुद्दा छिटो भन्दा छिटो टुङ्ग्याइनु पर्दछ। अन्य कुनै पनि किसिमका बाहानावाजी गरी अर्को दिशातिर मोड्ने काम गरिनु हुँदैन।

(सी.पी. गजुरेल)
अध्यक्ष

कुपण्डोल, ललितपुर, नेपाल(Kupandol, Lalitpur, Nepal), Ph .: 977-01-4786573, Email: pprfnepal@gmail.com

# देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
## Desh Bhakta Jana Ganatantrik Morcha, Nepal
केन्द्रीय समिति
Central Committee
स्था.: २०७३/Estd 2016

मिति/Date: २०७७/१/१०

# जन विरोधी विधेयक खारेज गरियोस्

विश्वस्तरमा महामारीका रूपमा फैलिएको कोभिड १९ का विरुद्ध सबै मिलेर सङ्घर्ष गरिरहेको अवस्थामा ओली सरकारको पहलमा एकाएक दल विभाजन सम्बन्धी व्यवस्था र संवैधानिक परिषद्को गणपुरक सङ्ख्या घटाउने अध्यादेश राष्ट्रपतिबाट जारी गरिएपछि नेपालमा तरङ्ग पैदा भएको छ। यसबाट ओली सरकारको प्राथमिकता कोरोना भाइरसको रोकथाम र नियन्त्रण गर्ने नभएर आफ्नै निरङ्कुशतालाई बलियो बनाउने रहेको पुष्टि भएको छ। यो अध्यादेशको आवश्यकता यतिखेर देशलाई छैन। यसबाट देशमा झन् बढी निरङ्कुशता लागु गरिने कुरा स्पष्ट नै छ। हामी यी जनविरोधी विधेयकहरूलाई खारेज गर्न सरकारसँग जोडदार माग गर्दछौं।

(सी.पी. गजुरेल)
अध्यक्ष

कुपण्डोल, ललितपुर, नेपाल(Kupandol, Lalitpur, Nepal), Ph .: 977-01-4786573, Email: pprfnepal@gmail.com

# देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल
**Desh Bhakta Jana Ganatantrik Morcha, Nepal**

**केन्द्रीय समिति**
**Central Committee**
**स्था. २०७३/Estd 2016**


मिति/Date: २०७७/१/७

## राहत वितरण सहज र सुलभ बनाउँ !

कोभिड १९ का सन्दर्भमा सरकारद्वारा लगाइएको लकडाउन (बन्दाबन्दी)का अवसरमा खाद्य सामग्रीको अभावमा खासगरी तल्लो वर्गका जनताको जीवन जोखिममा पर्ने खतरा भएको सर्वविदितै छ। सामग्री वितरण गर्ने सन्दर्भमा नागरिकताको माग गर्ने र सो नहुनेहरूलाई राहत सामग्री नदिने नियम बनाएर यसबाट धेरैलाई बञ्चित गर्ने गरिएको थाहा भएको छ। राहत सामग्री आवश्यकता पर्ने सबैलाई उपलब्ध गराउनु पर्ने यतिखेरको अवस्थामा नागरिकताको माग गर्नुको औचित्य छैन। त्यसकारण, यसलाई शर्त नबनाइकन सहज रूपमा आवश्यकता पर्ने सबैलाई राहत उपलब्ध गराउन हामी सम्बन्धित सबै निकायहरूसँग जोडदार माग गर्दछौं।

लकडाउनको नियम पालना गर्दै बिना भेदभाव आवश्यक सबैलाई राहत उपलब्ध गराउने काममा सहयोग गरी हाम्रो तर्फबाट सकृय भूमिका निर्वाह गर्नका लागि देशभक्त जनगणतान्त्रिक मोर्चाका सबै तहका कमरेडहरूलाई विशेष आह्वान गरिएको छ।

(सी.पी. गजुरेल)
अध्यक्ष


कुपण्डोल, ललितपुर, नेपाल(Kupandol, Lalitpur, Nepal), Ph .: 977-01-4786573, Email: pprfnepal@gmail.com

# प्रथम राष्ट्रिय सम्मेलनका केही झलकहरू













